# पहिलो परिच्छेद
# शोधपरिचय

## १. विषय परिचय

भाषिक अभिव्यक्तिलाई तिख्खर बनाउने उखान र टुक्का लघु उद्‌गार भएकोले नै लोक जीवनले लोकोक्तिका रूपमा वर्षौंदेखि मौखिक परम्परामा जीवित रहँदै आइरहेको छ । भनाइलाई सार्थकता दिई सजीवता तुल्याउन त्यस्ता लोकोक्तिहरू निकै शक्तिशाली प्रतीत हुन्छन् । त्यसैले उखान र टुक्कालाई लोकसाहित्यको सूक्ष्मतम रूप र अति प्रभावशाली अङ्गका रूपमा लिइएको छ । कथ्य र लेख्य दुवै रूपमा प्रयोग हुने उखान र टुक्कामा लोक जीवनको निजात्मक वैशिष्ट्य रहँदै आएको पाइन्छ किनकि लोकोक्तिका रूपमा आउने यस किसिमका उखान र टुक्का अभिधामूलक, लक्षणामूलक व्यञ्जनामूलक कथनसमेत मानिन्छ । उखान र टुक्कालाई सँगै राखे तापनि यी दुईमा भिन्न अन्तर पाइन्छ । लोकानुभव र कथासारको लघु अभिव्यक्ति उखान हो भने भाषा वा बोलीमा लाक्षणिक तथा विशेष अर्थमा प्रयोग हुने वाक्यांश अर्थात् पद समूह, जसले आफ्नो वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थमा जोड दिने पद समूह टुक्का हो । उखान आफैंमा पूर्ण हुन्छन् तर टुक्काहरू आफैंमा पूर्ण हुँदैनन् । टुक्कामा लक्ष्यार्थ हुन्छ भने उखानमा प्रायः व्यङ्गयार्थ । भाषा अर्थात् बोलीमा विशेष महत्त्व राख्ने उखान-टुक्कालाई सङ्कलन गरी संरचनात्मक विश्लेषण गर्नु आजको नेपाली भाषा साहित्यको प्रमुख आवश्यकता हो । गोरखा जिल्लाको गोरखा नगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरूको आ-आफ्नो लोकपरम्परा छ र भाषामा पनि भिन्न मिठास छ । भाषालाई मिठास बनाउने प्रसङ्गमा यहाँका मानिसहरूले भाषिक व्यवहारमा उखान-टुक्काको अत्यधिक प्रयोग गर्दछन् । यसकारण उखान-टुक्काको राम्रो प्रयोग हने गरेको गोरखा जिल्लाभित्रको गोरखा नगरपालिका क्षेत्रलाई छनौट गरी यहाँ प्रचलित उखान-टुक्काको खोज, अध्ययन, विश्लेषण र वर्गीकरण गरिएको छ । लोकसाहित्यका विभिन्न विधामध्ये एउटा महत्त्वपूर्ण विधाका रूपमा उखान-टुक्काको प्रचलन र प्रयोग पनि यस जिल्लाको नगरपालिका क्षेत्रमा प्रशस्त मात्रामा भएको पाइन्छ । यसले गोरखाली लोकसाहित्य

परम्परालाई जीवन्त पारेको छ । सामान्य व्यक्तिले प्रयोग गर्ने भाषा होस् कि विशिष्ट व्यक्तिले प्रयोग गर्ने भाषामा होस् यस क्षेत्रमा उखान-टुक्काको प्रशस्त प्रयोग हुने गरेको पाइन्छ । ती उखान-टुक्काहरूले यहाँ बोलिने नेपाली भाषालाई समृद्धशाली र गौरवशाली बनाएका पनि छन् । यसरी गोरखा नगरपालिकामा बोलिने नेपाली भाषामा पर्याप्त उखान टुक्काको प्रयोग हुने गरेको स्पष्ट छ । यसैले यस क्षेत्रमा प्रयुक्त उखान टुक्काको अध्ययन हुनु आवश्यक देखिन्छ । यसरी समयमै अध्ययन हुनुपर्ने भए तापनि आजसम्म यस क्षेत्रका उखान टुक्काको अध्ययन अनुसन्धान कहीँ कसैबाट भएको पाइँदैन । त्यसैले भाषामा महत्त्वपूर्ण स्थान राख्ने गोरखा नगरपालिका क्षेत्रका उखान टुक्काको खोजी तथा अध्ययन गरेर प्रकाशनमा ल्याउनु आवश्यक देखिएकोले यस शोधपत्रमा गोरखा जिल्लाको ऐतिहासिक नगरी गोरखा नगरपालिकाभित्रका विभिन्न वडा र क्षेत्रका स्थानहरूमा प्रचलित उखान-टुक्काहरूको सङ्कल, वर्गीकरण गरेर संरचनात्मक विश्लेषणसमेत गर्ने उद्देश्यले गोरखा नगरपालिकामा प्रचलित उखान टुक्काको संरचनात्मक विश्लेषण नामक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधाको रूपमा रहेको उखान-टुक्काको भाषा साहित्यमा प्रमुख स्थान रहेको छ । गोरखा ऐतिहासिक र धार्मिक दृष्टिकोणले जति महत्त्वपूर्ण छ, त्यति नै लोकसाहित्यमा पनि सम्पन्न छ । लोकसाहित्यमा धनी भए तापनि यहाँ उखान-टुक्काको अध्ययन नै नभएको अवस्थामा उखान-टुक्कामा मात्र सीमित रहेर सूक्ष्म अध्ययन गरी संरचनात्मक विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मूलभूत समस्या हो । त्यसैले यस शोधपत्रमा मूल समस्याभित्रका निम्न लिखित समस्यामा केन्द्रित रहेर शोधकार्य गरिएको छ :

क) गोरखा जिल्लाको गोरखा नगरपालिकामा के कस्ता उखान-टुक्काहरू प्रचलित छन् ?

ख) गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काहरूलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

ग) गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काहरूको संरचनात्मक स्थितिलाई के कति आधारमा विश्लेषण गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधानतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.३ पूर्वकार्यको विवरण र समीक्षा

विभिन्न विद्वान्हरूबाट लोकसाहित्यका विविध विधाहरूको विश्लेषण गरिएको पाइन्छ । यसमा पनि नेपाली लोकसाहित्यको एक प्रमुख विधा उखान-टुक्काको वर्गीकरण र विश्लेषणलाई कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

क) पुष्कर शमशेर ज.ब.रा.ले **नेपाली उखान र टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश वाक्पद्धति इत्यादि कोष** (१९९८) मा उखान र टुक्काको सङ्कलन सूची दिइएको पाइन्छ । यस कार्यमा उखान र टुक्का बीचमा स्पष्ट भिन्नता देखाइएको पाइँदैन । त्यो केवल उखान र टुक्काको सङ्कलन सूचीमात्र हो, त्यसमा उखान-टुक्काको संरचनात्मक रूपमा अध्ययन र विश्लेषण भने गरिएको छैन ।

ख) गोपाल पाण्डे "असीम" को व्याकरणात्मक पुस्तक **रचना केशर** (२०००) मा टुक्का, वाक्यांश र वाक्यपद्धति भन्दै उखान-टुक्काको छोटो चर्चा भएको पाइन्छ । तर त्यसमा पनि उखान र टुक्का बीचको स्पष्ट भिन्नता दिइएको पाइँदैन र संरचनागत रूपमा चर्चा भएको पनि छैन ।

ग) बालकृष्ण पोखेलले आफ्नो पुस्तक **राष्ट्रभाषा** (२०२२) मा टुक्काको चर्चा गर्दै प्रथम पटक एकपदीय र अनेकपदीय भनेर वर्गीकरण गर्नुको साथै उखानलाई पनि केही समेट्दै अभिधा र लक्षणासमेतका आधारमा उदाहरण दिइएको पाइन्छ । तर पनि उखान-टुक्काको सैद्धान्तिक अध्ययन स्पष्ट भएको पाइँदैन । यसमा पनि उखान-टुक्काको संरचनात्मक पक्षलाई प्रस्तुत गरिएको छैन ।

घ) कृष्णप्रसाद पराजुलीले आफ्नो व्याकरणात्मक पुस्तक **राम्रो रचना मीठो नेपाली** (२०२३) मा उखान-टुक्का शीर्षक राखी समावेश गरिएको छ । चारवटा उखानको अर्थ र तुकमिलेका छवटा उखानको उदाहरण दिइएको छ । केही प्रचलित उखान शीर्षक दिएर चौहत्तरवटा उखान वर्णानुक्रममा राखेर अर्थसमेत दिइएको छ तर पनि सैद्धान्तिक विश्लेषण हुन सकेको छैन । यसमा पनि उखान-टुक्काको संरचनात्मक पक्षलाई प्रस्तुत गरिएको छैन ।

ङ) हर्षनाथ शर्मा भट्टराईको शर्मा पुस्तक भण्डार काठमाडौंबाट प्रकाशित पुस्तक **नेपाली उखान-टुक्का र वाक्यांश वाक्पद्धतिसहित** (२०२३) को पूर्वार्द्धमा ६४७ उखानको सङ्कलनसहित अर्थ दिइएको छैन र दोस्रो खण्डमा टुक्का शीर्षक

दिएर अर्थसमेत दिइएको छ तर यसमा पनि सैद्धान्तिक विश्लेषण र संरचनात्मक प्रक्रिया भने देखाइएको छैन ।

च) चूडामणि रेग्मीले **नेपाली टुक्काको अध्ययन** (२०४१) नामक पुस्तकमा करिब २२ सय टुक्काको सङ्कलन सूची दिँदै प्रथमपटक टुक्काको सैद्धान्तिक चर्चा र पूर्वकार्यको विवरणसमेत दिएको पाइन्छ । यसमा पनि टुक्काको परिचय दिइए तापनि यी दुवै बीच भिन्नता औंल्याएको भने पाइँदैन । यसका साथै यसमा पनि सैद्धान्तिक विश्लेषण र संरचनात्मक प्रक्रिया भने देखाइएको छैन ।

छ) हिरामणि शर्मा पौड्यालले **पर्वती भाषिकाको स्वरूपा र संरचना** (२०४४) नामक पुस्तकमा केही टुक्काको सङ्कलन सूची दिइएको पाइन्छ तर संरचनात्मक रूपमा व्याख्या र विश्लेषण भएको छैन ।

ज) जीवेन्द्रदेव गिरीको **लोकसाहित्यको अवलोकन** (२०५७) मा लोकसाहित्यका विविध विधाहरूको चर्चा गरिएको छ तर उखान-टुक्काको समग्र संरचनात्मक प्रक्रियाको विश्लेषण भएको छैन ।

यी उल्लेखित सामग्रीको साथै रमेश अधिकारीको **केही प्रचलित नेपाली उखान-टुक्का सङ्ग्रह** (२०५३), कपिल अज्ञातको **उखानको वर्गीकरण र विश्लेषण** (२०५५/५६), दीनपन्थीको **पाल्पा गुल्मेली उपभाषिकाको उखान तथा टुक्काहरू** लगायत उत्तरकुमार पराजुलीको **उखान-टुक्का : अर्घाखाँची गुल्मी र पाल्पाको सेरोफेरोमा** (२०५८), नगेन्द्र शर्माको **उखेल्नु पर्ने उखानहरू** (२०६३) र ईन्द्रबहादुर भण्डारीको **बाग्लुङ जिल्लामा प्रचलित टुक्काको अध्ययन** जस्ता पुस्तक र शोधपत्रमा उखान-टुक्कालाई चिनाइएको छ । तर पनि यिनीहरूले पनि उखानटुक्काको अवस्था र संरचनात्मक विश्लेषणलाई भने समेट्न सकेका छैनन् ।

लोकसाहित्यको प्रमुख विधा र एक क्षेत्र उखानटुक्का पनि  विभिन्न रूपबाट भएपनि एकै ठाउँमा राखेर यसको संरचनाको अध्ययन र विश्लेषण गोरखा जिल्लामा भने कसैबाट पनि भएको छैन । वि.सं. २०६३ सालमा सुशीला पोखरेलवाट गोरखा जिल्लामा प्रचलित टुक्काको मात्र विश्लेषण र वर्गीकरण गरिएको छ । लोकबहादुर अधिकारीले गोरखा जिल्लाभित्र प्रचलित उखानलाई वर्गीकरण गरे पनि उखान-टुक्कालाई एकै ठाउँमा समेट्न सकेका छैनन् । उखान-टुक्काका बारेमा गरिएका विभिन्न पूर्व अध्ययनहरूलाई हेर्दा गोरखाको गोरखा नगरपालिकामा प्रचलित उखानटुक्काको बारेमा सामान्य र न्यून रूपमा

मात्र चर्चा गरिएकोले यस शोध कार्यमार्फत् गोरखा नगरपालिकामा प्रचलित उखान र टुक्कालाई एकै ठाउँमा राखेर विस्तृत र सुव्यवस्थित रूपमा अध्ययन र अनुसन्धान गरी संरचनात्मक आधारमा विश्लेषण गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

यस शोधपत्रको मुख्य उद्देश्य नेपाली भाषासाहित्य र लोकसाहित्यमा महत्त्वपूर्ण स्थान ओगटेको उखान-टुक्काको खोजी गरी संरचनात्मक अध्ययन र विश्लेषण गर्नु हो । यसको अतिरिक्त गोरखा जिल्ला गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काहरूका बारेमा केन्द्रित रहेर निम्नलिखित उद्देश्य परिपूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ ।

क) गोरखा जिल्लाको गोरखा नगरपालिकाभित्रमा प्रचलित रहेका उखान-टुक्काको सङ्कलन गर्नु ।

ख) गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काहरूलाई विभिन्न आधारमा वर्गीकरण गरेर देखाउनु ।

ग) गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्कालाई संरचनात्मक आधारमा विश्लेषण गरेर देखाउनु ।

यिनै उद्धेश्यको परिपूर्ति गर्दै यो शोधकार्य सम्पन्न भएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

गोरखा जिल्लाको गोरखा नगरपालिकाभित्रका मानिसहरूका जिब्रोमा रमाइरहेका लोकसाहित्यको महत्त्वपूर्ण पाटोका रूपमा रहेका उखान-टुक्काको संरचनात्मक अध्ययन र विश्लेषण हुने भएकाले यो कार्य आफैमा औचित्यपूर्ण रहेको छ । भाषामा उक्ति वैचित्र्य, सङ्गीतात्मकता, गम्भीरता र व्यङ्ग्यत्मकता ल्याउन उखान-टुक्काहरूको प्रयोग भएको हुन्छ । नेपाली साहित्यमा यस्ता उखान अनि टुक्काहरूको प्रशस्तै प्रयोग भएको पाइन्छ भने लोकसाहित्य र भाषासाहित्यमा त यसको छुट्टै अस्तित्त्व स्थापित समेत भइसकेको छ । लोकसाहित्य र भाषासाहित्यमा विशेष महत्त्व राख्ने उखान-टुक्काहरूको राष्ट्रिय र क्षेत्रीय स्तरमा लिखित रूपमा खोजी र सङ्कलन गरेर प्रकाशनमा ल्याउनुपर्ने आजको प्रमुख आवश्यकता पनि हो । हाम्रो देशको भू-भागका कुना-कुनामा लोकसाहित्यिक निधिहरू लुकेर

रहेका छन् । त्यस्ता निधिहरूको समयमा नै खोज र अध्ययन भएन भने पछिका दिनमा हराएर, लोप भएर जान पनि सक्नेछन् । त्यसैले लोकसाहित्यिक निधि नेपाली उखान-टुक्काको खोजी गरी तिनको संरचनात्मक विश्लेषण गरिएकाले यस शोधकार्यको औचित्य स्पष्ट रहेको छ ।

यस शोधकार्यले नेपाली बोलीचालीमा रहेको लोकसाहित्यअन्तर्गतको उखानटुक्का विषयमा अध्ययन अनुसन्धान गर्न चाहने पाठक र अध्येताहरूले वस्तुगत जानकारी पाउन सक्नेछन् । उखान-टुक्काको बारेमा थप जानकारी दिलाउँदै लोक साहित्यको संरक्षण र संवर्द्धन गर्न सहयोगी बन्नेछ । यस क्षेत्रमा प्रचलित उखान-टुक्काको संरचनात्मक प्रक्रियाको साथै उखानटुक्काको बारेमा जानकारी लिन सक्नेछन् । संरचनात्मक दृष्टिले उखान-टुक्कामा पाइने बाह्य तत्त्वको अध्ययन यस शोधकार्यमा गरिएको छ । यहाँ संरचना पक्ष भन्नाले उखान टुक्काको आकारप्रकार र त्यसको बनोट प्रक्रियालाई सङ्केत गरिएको छ । यिनै विभिन्न कारणले गर्दा यो शोधकार्य औचित्यपूर्ण छ । अतः यसको उपयोगिता पनि छ, महत्त्व पनि छ ।

## १.६ शोधकार्यको सीमा

यस शोधकार्यमा गोरखा नगरपालिकाभित्र बसोबास गरिरहेका मानिसका जनजीवन र रहनसहनका क्रममा प्रचलित उखान-टुक्काको सङ्कलन र वर्गीकरण तथा तिनै उखान-टुक्काको संरचनात्मक पक्षको विश्लेषण गर्नु यस शोधकार्यको सीमाक्षेत्र तोकिएको छ । यसमा लोकसाहित्यका अन्य विधासँग उखान टुक्काको तुलनात्मक अध्ययन भने गरिने छैन ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा सामग्री सङ्कलनका विविध विधि र शोध अध्ययन विधिको प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्यमा क्षेत्रीय कार्यपद्दतिका आधारमा सामग्री सङ्कलन गरिएको छ । यस क्रममा नगरपालिकाभित्रका विभिन्न स्थानहरूमा पुगेर विभिन्न तहका छानिएका

व्यक्तिहरूबाट शोधखोज गरी उखान-टुक्का सङ्कलन गरिएको छ र यसको अध्ययन र विश्लेषणको लागि सैद्धान्तिक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

यस शोधपत्रमा क्षेत्रीय पद्धति र पुस्तकालयीय विधिको प्रयोग गरी सङ्कलित लोकसाहित्यसँग सम्बन्धित उखान-टुक्काहरूको वर्गीकरण र संरचनात्मक विश्लेषण निगमनात्मक विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिबाट गरी निष्कर्षमा पुगिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत गोरखा नगरपालिकामा प्रचलित उखानटुक्काको संरचनात्मक विश्लेषण शीर्षकको शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

**पहिलो परिच्छेद : शोधपरिचय**

पहिलो परिच्छेद शोधको परिचयमा आधारित छ । यसअन्तर्गत विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको सीमा, शोधकार्यको औचित्य र उपयोगिता, शोधसामग्री र सङ्कलन विधि, शोध विश्लेषण विधि र अन्त्यमा शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

**दोस्रो परिच्छेद : गोरखा नगरपालिकाको सामान्य परिचय**

दोस्रो परिच्छेद गोरखा जिल्ला र यसअन्तर्गत रहेको एकमात्र नगरपालिका गोरखा नगरपालिकाको सामान्य परिचयमा आधारित छ । जसअन्तर्गत पृष्ठभूमि, भौगोलिक तथा प्राकृतिक अवस्था, सामाजिक र सांस्कृतिक परिचय, धार्मिक स्थल, शिक्षा र स्वास्थ्यको अवस्था, यातायात र संचारको अवस्था अनि लोकसाहित्यको अवस्था समावेश गरिएको छ ।

**तेस्रो परिच्छेद : उखान-टुक्काको सैद्धान्तिक परिचय**

तेस्रो परिच्छेद नेपाली उखान टुक्काको सैद्धान्तिक अध्ययनको आधारमा आधारित रहेको छ । जसमा उखान टुक्काको परिचय, परिभाषा, विशेषता र  वर्गीकरणको साथै उखान टुक्काको अन्य विधासँगको सम्बन्धलाई प्रस्तुत गरिएको छ ।

**चौथो परिच्छेद : उखान-टुक्काको सङ्कलन र वर्गीकरण**

चौथो परिच्छेद गोरखा नगरपालिकामा प्रचलित सङ्कलन र वर्गीकरणमा आधारित रहेको छ । यस परिच्छेदमा गोरखा नगरपालिकाका बासिन्दाले प्रयोग गर्ने उखान टुक्काको अवस्था, ब्राह्मण तथा क्षेत्री समाज, जनजाति र दलित समुदायका मानिसले प्रयोगमा ल्याउने उखान टुक्का सङ्कलन गरी वर्गीकरण समेत गरिएको छ ।

**पाँचौ परिच्छेद : उखान-टुक्काको संरचनात्मक विश्लेषण**

पाँचौ परिच्छेद उखान टुक्काको संरचनात्मक विश्लेषणमा आधारित रहेको छ । यसअन्तर्गत उखानको संरचनात्मक विश्लेषण, एकल वर्णनात्मक, बहुवर्णनात्मक, अनुप्रासमूलक, आकारगत, तुकबन्दीयुक्त, गीतिलयात्मक, प्रश्नोत्तरात्मक, प्रश्नमूलक, उपमामूलक रूपमा गरिएको छ भने टुक्काको संरचनात्मक विश्लेषण पदगत, पदावलीगत, क्रियायुक्त, क्रियामुक्त भनी विश्लेषण गरिएको छ ।

**छैटौ परिच्छेद : उपसंहार**

छैटौं परिच्छेद उपसंहार तथा निष्कर्षमा आधारित छ । यस परिच्छेदमा क्रमशः परिच्छेद एक, दुई, तीन, चार र पाँचको निष्कर्षको साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधप्रतिवेदनको परिपूर्णताका लागि आदिभागअन्तर्गत समावेश हुनुपर्ने सामग्रीका साथै पश्चभागका रूपमा सन्दर्भसामग्रीका रूपमा सन्दर्भग्रन्थसूची र परिशिष्टसमेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# गोरखा नगरपालिकाको परिचय

## २.१ पृष्ठभूमि

गोरखा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत रहेको धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले अग्रस्थानमा रहेको एक प्रमुख जिल्ला हो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले आफ्नै बाहुबलले आर्जन गरेको नेपालको उद्गमस्थलका रूपमा पनि यस पवित्रभूमि गोरखालाई नै लिइन्छ । वि.सं. २०१९ मा प्रशासनिक रूपले विभाजित भएपश्चात् पनि यसको साँधसिमानामा कुनै पनि परिवर्तन भएको छैन । वीर-वीराङ्गनाहरूको कर्मभूमि अनि विभिन्न हिमशृङ्खलाहरू, नदीनालाहरू र हावापानी पाइने यो जिल्ला पनि स्वर्गीय पृथ्वीनारायण शाहले भने झैं चार जात छत्तीस वर्णको साझा फूलबारी हो । यस जिल्लामा संसारकै हिन्दूहरूको बीचमा प्रसिद्ध भएको मनकामना, गोरखनाथ गुफा, कालिका मन्दिर जस्ता मठ मन्दिरहरू पनि रहेका छन् । नेपाललाई विश्वका मानिसले चिन्न नसक्लान् तर गोरखा भन्नासाथ यहाँका भीमसेन थापा, लखन थापा, दामोदर पाण्डे जस्ता वीरहरूले देखाएको बहादुरी, इतिहास, सांस्कृतिक र परम्परागत मान्यताले छोपिएको भूमिका रूपमा विभिन्न देशका नागरिकले आफ्नै शैलीबाट गोरखालाई चिन्ने गर्दछन् । भौगोलिक दृष्टिकोणले अति विकट र विविधता भएको यस जिल्लाको पूर्वमा धादिङ (बूढीगण्डकी नदी), पश्चिममा तनहूँ र लमजुङ (चेपे नदी र मर्स्याङ्दी नदी), उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा चितवन जिल्ला पर्दछन् ।[1]

ऐतिहासिक जिल्ला गोरखाको नामकरणका सम्बन्धमा धेरै किंवदन्तीहरू रहेको पाइन्छ । जस अनुसार - यस जिल्लामा ठूला-ठूला खर्कहरू विद्यमान छन् यही खर्कबाट गोर्खा रहन गएको हो । लिच्छवीकालमा पनि गोरखाको बारेमा चर्चा गरिएको छ । जयदेव द्वितीयको शिलालेखमा वर्णन भए अनुसार त्यस समयमा गोरखालाई केन्द्रबाट नै शासन गरिन्थ्यो । यहाँको सिद्धपुरुष गोरखनाथ बाबाको मठ भएकोले सोही ठाउँको आधारमा

[1] **हरियाली गोरखा**, गोरखा : वन उपभोक्ता महासंघ, नेपाल, २०६४, पृष्ठ १ ।

जिल्लाको नामकरण गोरखा भएको हो भन्ने मानिन्छ । **अग्निपुराण**का अनुसार भगवान् शिवले कामरूप कामाक्षामा बसेर गुरु मच्छेन्द्रनाथलाई दिएको पुत्ररत्नको वरदान स्वरूप दिव्य बाह्र वर्षसम्म गाईको गोबरमनि लुकाइएको र बाह्र वर्षपछि खोतलेर हेर्दा सुन्दर बालक देखापरेको भनाइसँग गोरखनाथ नामकरण भएको मानिन्छ । तिनै गोरखनाथले वरदान दिएको राज्य रामशाहकी महारानी मनकामनाले उनैलाई "गौर्येश्वर" भनी दिएको उपाधि, लखन थापालाई गोरखनाथले खीर खुवाएको किंवदन्ती, रामशाहकी महारानी

मनकामनाले रामशाहलाई बनाएर राखेको खीर गोरखनाथले अदृश्य भएर खाएको घटना, मनकामना काशीबाट फर्केपछि गुरु गोरखनाथले दिएको उपदेश, रानी मनकामना सती जाँदा दरौंदी र मर्स्याङ्दीको दोभानमा आफ्ना सन्तानलाई गोरखनाथको पूजा गर्नु भनेर दिएका सन्देश, राजा पृथ्वीपति शाहको पालामा लमजुङ र छिमेकी राज्यहरू मिलेर आक्रमण गर्न लाग्दा मनकामना र गोरखनाथ क्रमश : कन्या र योगी बनेर आक्रमणकारीलाई हराएको प्रसङ्ग, पृथ्वीनारायण शाहलाई आमासँग दही माग्न पठाएर जुठो दही पृथ्वीनारायण शाहलाई खुवाएको घटना र बारम्बार पृथ्वीनारायण शाहलाई गोरखनाथले सपनामा आएर आशीर्वाद दिएका किंवदन्तीहरूलाई आधार मान्दा यो क्षेत्र उनै गोरखनाथबाट संरक्षित, पालित र पोषित भएको हुँदा गोरखाकै नामबाट चर्चित भएको थियो र छ भन्न सकिन्छ ।[२]

समुद्री सतहबाट २२८ देखि ८१६३ मिटर उचाइसम्म रहेको यस पहाडी जिल्लामा उष्ण, समशीतोष्ण, शीतोष्ण र लेकाली हावापानी पाइन्छ ।[३] विभिन्न जातजातिको बाहुल्यता रहेको यस जिल्लामा बसोबास गर्ने नागरिकहरूले आ-आफ्नै संस्कृतिको संरक्षण गरेको पाइन्छ ।

शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि राम्रै मानिएको यस जिल्लाका दक्ष जनशक्ति देशको जुनसुकै कुनामा पनि पाइन्छन् । प्रजातन्त्रको स्थापनापश्चात् यस जिल्लालाई ३ वटा संसदीय क्षेत्र, १३ वटा इलाका, ६६ गा.वि.स. र १ नगरपालिकामा विभाजन गरिएको छ ।[४] यहाँ यसै जिल्लाको एकमात्र नगरपालिका गोरखा नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

---

[२] सागरप्रसाद अधिकारी, **मनकामना महिमा,** गोरखा : गोरखा प्रिन्टिङ प्रेस, २०५६, पृष्ठ १ ।
[३] **गोरखा जिल्ला पार्श्वचित्र,** गोरखा : गोरखा जिल्ला विकास समिति, सूचना तथा सञ्चार अभिलेख केन्द्र, २०६६, पृष्ठ २ ।
[४] **जिल्ला विकास नवयोजना,** गोरखा : गोरखा जिल्ला विकास समिति, २०६१ देखि २०६५, पृष्ठ ११ ।

## २.२ भौगोलिक तथा प्राकृतिक अवस्था

गोरखा जिल्ला एक पहाडी जिल्ला हो । यहाँ ६६ गा.वि.स र १ नगरपालिका रहेको छ । तत्कालीन रानीस्वाँरा, तारानगर र गोरखकाली गा.वि.स.हरू मिलाएर वि.सं. २०५३ मा एउटा नगरपालिका स्थापना गरी पृथ्वीनारायण नगरपालिको नामकरण गरिएको थियो । देशमा आएको राजनैतिक परिवर्तनको कारणले गर्दा वि.सं.२०६४/०८/२० मा पुनः नगरपालिकाको नामकरण परिवर्तित गराई गोरखा नगरपालिका भनी घोषणा गरियो । योगी गोरखनाथको नाम र गोरखकाली मन्दिरको नामबाट यसको नाम पछि गोरखा नगरपालिका राखिएको हो । पूर्वमा फिनाम र बुङ्कोट गा.वि.स, पश्चिममा मिर्कोट र खोप्लाङ गा.वि.स., उत्तरमा नारेश्वर र छोप्राक गा.वि.स र दक्षिणमा घैरुङ्ग, ताक्लुङ र वक्राङ गा.वि.स पर्दछन् ।

महाभारत शृङ्खलासँग जोडिएको गोरखाको एकमात्र नगरपालिका गोरखा नगरपालिका विश्व मानचित्रमा २७° ५६' ०३" देखि २८° १३' ०७" उत्तरी अक्षांशसम्म र ८४° २३' पूर्वदेखि ८४° ३८' ०" देशान्तरसम्म फैलिएको छ ।[५]

जम्मा ११ वटा वडामा विभाजित रहेको गोरखा नगरपालिकाको क्षेत्रफल ५९.५५ वर्ग कि.मि रहेको छ । जसअनुसार यस नगरपालिकाले जिल्लाको कूल भू-भागको ४.४६% भू-भाग ओगटेको छ । नगर पालिकाको कुल क्षेत्रफल ५९५५ हेक्टरमध्ये २२४० हेक्टर जमिन खेतीयोग्य छ भने वन जङ्गल र खेती नभएका ३७१५ हेक्टर जमिन छ । भौगोलिक सिमानाभित्र थुप्रै प्राकृतिक विभिन्नताहरू यस नगरपालिकाभित्र पाइन्छन् । यहाँ समशीतोष्ण खालको हावापानी र अर्धउष्ण प्रकारका हावापानी पाइन्छन् ।[६] चैत्र महिनादेखि असोज प्रारम्भसम्म केही गर्मी, असोजदेखि फागुनसम्म जाडो हुने गरेको पाइन्छ । गोरखा नगरपालिकामा बग्ने मुख्य नदी तथा खोलाहरूमा दरौंदी, सिर्दी, लुदी, कर्णे र बेनी रहेका छन् । यी नदीहरूको बहाव वर्षायाममा मात्र बढी हुने र अरू समयमा पानीको मात्रा कम हुने गरेको पाइन्छ । यस नगरपालिका क्षेत्रमा धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थलहरू रहेका छन् । यहाँका कला र संस्कृति पर्यटकका आकर्षक केन्द्रबिन्दु बनेका छन् ।

---

[५] **नगरपालिकाहरुको संक्षिप्त झलक,** गोरखा : गो.न.पा., २०६१, पृष्ठ २ ।
[६] **गोरखा नगरपालिकाको पार्श्वचित्र तथा गरिबी प्रोफाइल,** गोरखा : गो.न.पा., २०६६, पृष्ठ १ ।

## २.३ सामाजिक र सांस्कृतिक परिचय

समाजको निर्माण विभिन्न जातजातिहरू मिलेर बनेको हुन्छ । विभिन्न जातजातिहरूको आ-आफ्नै सांस्कृतिक परम्परा हुन्छ । जस्तोसुकै परम्परा भए तापनि समाजमा बस्ने मानिसहरू एक-आपसमा एकताबद्ध भएर रहेका हुन्छन् । यस नगरपालिकाको समाज पनि आफ्नै किसिमको छ । परापूर्व कालदेखि नै यहाँको समाजमा आ-आफ्नो संस्कृतिलाई असाध्यै मान्ने गर्दछन् । यस नगरपालिकाको कूल जनसंख्या जातीय आधारमा प्रतिशतमा निम्न अनुसार रहेको छ ।[७]

| | |
|---|---|
| १) मगर | १८ |
| २) क्षेत्री | १५.९ |
| ३) अन्य | १५ |
| ४) नेवार | १४.१ |
| ५) ब्राहम्ण | १२.६ |
| ६) सार्की | ११.३ |
| ७) कुमाल | ६.८८ |
| ८) गुरुङ | ४.६२ |
| ९) कामी | ३.७४ |

यसै गरी यस नगरपालिकामा बसोबास गर्ने ८८.४१% मानिसहरू नेपाली भाषा बोल्दछन् भने बाँकी अन्य भाषा बोल्दछन् (गुरुङ ३.३५%, मगर २.८८%, तामाङ १.५६%) ।[८]

यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रमुख जाति मगर र क्षेत्री हुन् । यहाँका ८९.८९% मानिसहरूले हिन्दू धर्म मान्दछन् । यसका अतिरिक्त ७.७% बौद्धधर्म, ०.०३% इस्लाम, २.०३% क्रिश्चियन धर्म मान्ने गरेको पाइन्छ तर यहाँका अधिकांश बासिन्दाहरूमा हिन्दू संस्कार र परम्पराको गहिरो छाप परेको छ । हिन्दू धर्मग्रन्थमा प्रचलित षोडश संस्कार र कर्मकाण्डहरूको पालना यहाँका मानिसहरूले गर्दछन् ।

यस नगरापालिका क्षेत्रभित्र मनाइने चाडपर्वहरूमा बडादशैं, तिहार, तीज, साउने सङ्क्रान्ति, माघेसङ्क्रान्ति, जनैपूर्णिमा, नागपञ्चमी र एकादशी आदि पर्दछन् । विभिन्न चाडपर्वहरूमा स्थानीय मन्दिरहरू लगायत महत्त्वपूर्ण स्थलहरूमा मानिसहरू भेला भएर रमाइलो गर्ने गर्दछन् ।

---

[७] पूर्ववत्, पृष्ठ ८४ ।
[८] ऐजन ।

यस नगर क्षेत्रभित्रको सांस्कृतिक लोकपरम्पराहरूमध्येका प्रमुख नाचहरूमध्ये, पञ्चेबाजा तालको नाच, लाखेनाच, भजन, रोपाइँ नाच, रत्यौली नाच र घाटु नाच प्रमुख छन् । यस्तै गीतहरूमा झ्याउरे, असारे गीत, भदौरे गीत, तीजको गीत, तिहारको भैलो र देउसी आदि प्रचलित छन् ।

विभिन्न समयमा मनोरञ्जनका बेला बजाइने बाजाहरूमा मादल, खैंजडी, पञ्चेबाजा प्रचलित छन् । खैंजडी, मुजुरा, मुर्चुङ्गा प्रचलित छन् भने मेलापात र वनजङ्गल गएको बेला बिरुवाका पातहरू बजाउने चलन पनि कतै-कतै भेटिन्छ ।

यहाँका मानिसहरूले धान, मकै, कोदो, गहुँ आदि अन्नबालीहरू आफ्नो खेतबारीमा लगाएर उब्जनी गर्दछन् । मानिसहरू कोदोको ढिंडो, गहुँको रोटी, मकैको ढिंडो र भात खाने गर्दछन् । यहाँका गरिब परिवारका मानिसहरू कोदोको ढिंडो बढी मात्रामा खाने गर्दछन् ।

यहाँका मानिसहरू कोही कृषिमा आश्रित छन् । खेतीपाती गर्नु र पशुपालन यहाँको प्रमुख पेसा हो । सहरी क्षेत्र बाहेकका क्षेत्रका मानिसहरू पशुपालनमा भैंसी, गाई, बाख्रा, गोरु र कुखुरा पाल्ने गर्दछन् । यस क्षेत्रमा पनि हाल आएर विदेश जाने प्रचलन अत्यधिक मात्रामा बढेको छ । आयातित संस्कृतिले यहाँको संस्कृति पनि सङ्कटमा पर्न थालेको आभास मिल्न थालेको छ ।

## २.४ धार्मिक स्थलहरूको परिचय

गोरखा नगरपालिकाका मानिसहरू धर्मकर्ममा विश्वास गर्दछन् । परापूर्वकालदेखि नै यस नगरपालिकामा बनेका मठ-मन्दिरहरूको अवस्था राम्रो रहेको पाइन्छ । अन्य धर्म मान्ने मानिसहरूले पनि हिन्दू धर्म र संस्कारप्रति आदर गर्दछन् । यहाँका विभिन्न ठाउँहरूमा पहिलेदेखि नै मन्दिरहरू बनेका छन् र वर्तमान समयमा पनि मन्दिर-चौतारी निर्माण गर्ने, मर्मत गर्ने र धर्मप्रति नयाँ खालको चेतना जगाउने कार्य भइरहेको छ । नारदकुण्डबाट बग्ने पवित्र नदी दरौंदी यसै नगरपालिका क्षेत्रभित्र पर्दछ । "नेपाल एकीकरणको सूत्रपात भएको गोरखा जिल्लाको ऐतिहासिक धरोहरहरू मध्ये गोरखा दरबार, गोरखनाथ मन्दिर, कालिका मन्दिर एवं तल्लोदरबार यसै नगरपालिकाभित्र पर्दछन् । यसको साथसाथै बिरिमकाली मन्दिर, चौघेरा दरबार, राधा वल्लभेश्वर मन्दिर, सिद्ध पाइला देवीथान, कृष्ण मन्दिर, गणेश मन्दिर, हनुमान ढोका, ठूलो आँगन रामेश्वर मन्दिर, नामरुङ देवी विद्यामन्दिर, पश्चिमकाली मन्दिर र सरस्वती मन्दिर, शिवालय मन्दिरहरू तथा अन्य देवी देवताका मठमन्दिर र

धार्मिक स्थलहरूले प्रसिद्धि पाएका छन् ।[९] नेपाल एकीकरणपश्चात् पनि यहाँका धार्मिक स्थलहरूको महत्त्वमा कुनै कमी आएको पाइँदैन । यी विभिन्न तीर्थस्थलहरूले यस नगरपालिकाको धार्मिक अवस्थाबारे जान्ने प्रशस्त अवसर मिल्दछ ।

## २.५ शिक्षा र स्वास्थ्यको अवस्था

यस क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा शैक्षिक गतिविधि कहिले थालनी भयो भनेर सहजै भन्न सकिंदैन तापनि अनौपचारिक शैक्षिक गतिविधिको थालनी प्राचीन समयदेखि नै भएका तथ्यहरू फेला पार्न सकिन्छ । गोरखा जिल्ला शिक्षा क्षेत्रमा स्तरीय शिक्षा प्रदान गर्ने जिल्लामध्ये एक हो । गोरखाली दक्ष जनशक्ति प्रायः देशको जुनसुकै क्षेत्रमा पाइन्छन् । २००७ सालमा प्रजातन्त्रको उदय भएपश्चात् यस जिल्लामा विद्यालयहरू प्रशस्तै खोलिएका थिए, जसको कारण शिक्षा क्षेत्रको हिसाबले गोरखा नगरपालिका अगाडि नै रहेको पाइन्छ । यहाँको साक्षरता ७३.१% रहेको पाइन्छ ।[१०]

यस नगरपालिकाभित्र विभिन्न सरकारी, निजी तथा सहकारी विद्यालयहरू सञ्चालनमा रही यस क्षेत्रका जनतालाई शिक्षा प्रदान गरिरहेका छन् । नगरपालिका क्षेत्रभित्र प्रा.वि १४, नि.मा.वि १, मा.वि. ६ उच्च मा.वि ६, प्राविधिक विद्यालय १, क्याम्पस २ गरी जम्मा ३० विद्यालयहरू सञ्चालन रहेका छन् ।[११]

शिक्षा क्षेत्रमा निजी क्षेत्र क्रियाशील छन् । शिक्षाको अनुपातमा स्वास्थ्य अवस्था भने त्यति राम्रो छैन तापनि यस नगरपालिकाभित्र विभिन्न स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गर्दै आएको पाइन्छ । ती स्वास्थ्य संस्थाहरूबाट दैनिक रूपमा स्वास्थ्य सेवा प्रदान गरिरहेको पाइन्छ । यहाँ जिल्ला अस्पताल १, उपस्वास्थ्य चौकी २, मेडिकल पसल २६, आयुर्वेदिक कम्पनी १, लायन्स आँखा उपचार केन्द्र १, प्राविधिक शिक्षण केन्द्र २ रहेका छन ।[१२]

## २.६ यातायात तथा सञ्चारको अवस्था

गोरखा नगरपालिका राजधानी काठमाडौंबाट १४१ कि.मि. पश्चिममा पर्दछ । यहाँ विभिन्न क्षेत्रमा साना तथा ठूला यातायातका साधनले सेवा पुऱ्याइरहेका छन् । नगर क्षेत्रका

[९] **पृथ्वीनारायण नगरपालिका एक चिनारी,** गोरखा : पृ.ना.न.पा., २०५४, पृष्ठ ४ ।
[१०] **गोरखा नगरपालिका घरधुरी सर्वेक्षण,** गोरखा : गो.न.पा., २०६६, पृष्ठ १४ ।
[११] **नगरपालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल**, गोरखा : गो.न.पा., २०६६ पृष्ठ ८ ।
[१२] पूर्ववत्, पृष्ठ ११ ।

बासिन्दालाई सडकको अभिवृद्धि गर्नका लागि अन्य सडकहरू पनि आवश्यक छन् । बढ्दो विकाससँग यातायातको विस्तार पनि भएको छ । यस नगरपालिका क्षेत्रभित्रमा जम्मा १२९.२५ कि.मि. सडक निर्माण भएको छ, जसमध्ये २० कि.मि. कालोपत्रे, ४९.७५ कि.मि ग्राभेल तथा ५९ कि.मि. कच्ची तथा ग्रामीण सडक रहेका छन् । यस नगरपालिकाभित्र पक्की सडक उपयोग गर्ने मानिसहरू १५.७%, ग्राभेल ८९%, ३१.४% ले धुले तथा कच्ची बाटो, ४४% गोरेटो बाटोको प्रयोग गर्ने गर्दछन् ।[१३]

यस गोरखा जिल्लाको अन्य क्षेत्रका तुलनामा नगरपालिका क्षेत्रभित्र बढी सञ्चारको विकास भएको पाइन्छ । जिल्लाको दूरसञ्चार कार्यालय यसै न.पा.भित्र पर्दछ । यसले नगर विकासमा महत्त्वपूर्ण विकास गरेको छ भने जिल्लाका अन्य गा.वि.सहरूमा पनि सुविधा पुऱ्याएको छ । हुलाकको सुविधा भने त्यति प्रभावकारी देखिएको छैन । यस नगर क्षेत्रमा भएका सूचना र सञ्चारसँग सम्बन्धित निकाय र क्षेत्रलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ- टेलिफोन लाइन वितरण-१३७५, मोबाइल-२५००, साइवर-५, कुरियर-२, पत्रिका-२, पुस्तकालय-१, केबुल टि.भी. संस्था-१, सिनेमा हल-२, एफ.एम. रेडियो-३ रहेका छन् । यिनीहरूले सञ्चार र सूचनाको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।[१४]

## २.७ गोरखा नगरपालिकामा लोकसाहित्यको अवस्था

लोक साहित्य अपठित अशिक्षित जनसमूहको दुःख बिसाउने र व्यक्त गर्ने एउटा सशक्त माध्यमको रूपमा स्थापित भई मौखिक रूपमा नै एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरित हुँदै आएको हो । लोकसाहित्यको विकास हुँदै लेख्य साहित्यको जन्म भएको हो । नेपाली लोकसाहित्यमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखानटुक्का जस्ता विधाहरू रहेका छन् । लोकसाहित्यका यी विभिन्न विधाहरूको गोरखा नगरपालिकामा पनि गौरवशाली मौखिक परम्परा पाइन्छ । यी विविध विधाहरूले यस क्षेत्रको मात्रै नभई गोरखा जिल्लाको नै लोक साहित्यिक परम्परालाई मौखिक रूपमा जीवित राख्दै र विकास गर्दै एक पुस्तादेखि अर्को पुस्तालाई हस्तान्तरण गर्दै आइरहेको पाइन्छ । यहाँ प्रचलित लोकसाहित्यका विभिन्न विधाहरूलाई चिनाउने प्रयत्न गरिएको छ ।

[१३] **नगरपालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल,** गोरखा, गो.न.पा., २०६६ पृष्ठ ८ ।
[१४] **पृथ्वीनारायण नगरपालिका एक चिनारी,** गोरखा : पृ.ना.न.पा., २०५४, पृष्ठ ३ ।

## २.७.१ लोकगीत

लोकसाहित्यका विभिन्न विधामध्ये गोरखा नगरपालिकामा लोकगीतले ठूलो भाग ओगटेको पाइन्छ । यहाँको लोक समाजले यसलाई आफ्नो मुटुको ढुकढुकी बनाएका छन् । विभिन्न चाडपर्व, उत्सव-मेलाहरूमा युवायुवतीहरू मादल घन्काउँदै रमाइलो गरिरहेको पाउन सकिन्छ । यसले यहाँको लोकगीतको परम्परालाई प्रस्ट पारेको छ । यो लोक साहित्यको सबैभन्दा पुरानो विधा हो । लोक जीवनका सुख-दुःख, हर्ष-विष्मात आदिका उद्‌गारहरूको तरलतम लयात्मकतासहित गरिने गीति अभिव्यक्ति मूलतः लघुता, गम्भीरता, भावनात्मकता, सङ्गीतात्मकता, स्वाभाविकताजस्ता तात्त्विक गुणहरू रहेको गेयात्मक श्रुतिमाधुर्य भएको अभिव्यक्ति नै लोकगीत हो ।[15] लेकबेसी, तराई र वनपाखा जहाँ र जस्तासुकै ठाउँमा पनि घन्कने लोक गीतहरूले लोकजीवनलाई शाश्वत्‌ता प्रदान गरेका हुन्छन् । यसमा जीवनका उकाली-ओराली, हर्ष-वेदना, आँसु-हाँसो तथा आरोह-अवरोहको अभिव्यक्ति प्रबल पाइन्छ । झ्याउरे गीत यस क्षेत्रमा लोकप्रिय छ । यसको साथसाथै यहाँ तीजको गीत, मेलापात, जेठ असारमा गाइने असारे गीत, घैया गोड्दा गाइने गीत, देउसी भैलो जस्ता गीतहरू प्रचलित छन् ।

## २.७.२ लोकगाथा

यो देवदेवी र वीरपुरुषहरूका वीरतापूर्ण कार्य अथवा कुनै उल्लेखनीय सामाजिक घटनायुक्त कथानकमाथि आधारित हुन्छ । विभिन्न घटनाहरूलाई गीतमा उनेर साहसी पुरुषका रोचक घटनालाई मौखिक रूपमा गाउने गीत लोकगाथा हो । यसमा गीतका साथै कथा पनि उनिएको हुन्छ । गोरखा जिल्लाभित्रको नगरपालिका क्षेत्रभित्रमा पनि पहिलेदेखि नै केही लोकगाथाहरू गाउँदै आएको पाइन्छ । गाइनेहरूका सारङ्गीको न्याइँ-न्याइँमा फाट्टफट्ट सुनिने अनि बुढापाकाका भाखाहरूमा पनि गाथा उनिएको पाइन्छ । यसमा नैतिक उपदेश पाइन्छ भने मिलन र बिछोड, वीरगाथा, देशभक्ति र विकृति अनि विसङ्गतिलाई गीतमा उनेर गाउने परम्परा रहेको छ ।

[15] रामनाथ ओझा र मधुसूदन गिरी (२०६४), **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, (चौथो संस्करण), कीर्तिपुर : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, पृष्ठ १२८ ।

### २.७.३ लोककथा

विभिन्न मनोरञ्जनका लागि भन्दै वा सुनाउँदै आएका काल्पनिक घटनावलीको तानाबाना लोककथा हो । यसमा विभिन्न अवसरमा घटित घटनाहरूलाई नाटकीय ढङ्गबाट चित्रण र वर्णन गरिएको पाइन्छ । आफ्ना अनुभवहरू अरूसँग भन्ने र सुन्ने क्रममा विकसित भएका लोककथाका लागि वक्ता र श्रोताको आवश्यकता पर्दछ । यसले श्रोतालाई मुग्धपार्न सक्छ । यस्ता लोककथाहरू प्रायः काल्पनिक, अतिरञ्जनात्मक र कतै-कतै धार्मिक औपदेशिक प्रवृत्तिका पनि हुन्छन् । धामी-झाँक्री, बोक्सी, टुना-मुना आदि समावेश भएका लोककथाहरू रोचक हुन्छन् । यो 'एकादेशमा' बाट सुरु गरी अन्त्यमा, 'सुन्नेलाई सुनको माला', 'भन्ने बेला खरर आइजाला' भनी टुङ्गयाइन्छ । मानव र मानवेतर प्राणीहरू पात्रका रूपमा आएका हुन्छन् । गोरखा नगरपालिकामा पनि लोककथाहरू प्रशस्त रहेका छन् । फुर्सदको समयमा सुनेर आनन्द लिने, आफ्ना सन्तान वा नयाँ पिढीलाई सत्कर्ममा लगाउन, शिक्षा दिन यस्ता कथाहरूले राम्रो भूमिका खेलेको पाइन्छ । यस क्षेत्रमा नीति सम्बन्धी, आर्थिक विषयसम्बन्धी, देशभक्ति सम्बन्धी जस्ता लोककथाहरू प्रचलित छन् । नयाँ पिंढीले पुराना पिंढीबाट ग्रहण गरी यसलाई जीवन्त राख्ने गरेको पनि पाइएको छ ।

### २.७.४ लोकनाटक

लोकजीवनको मनोरञ्जनका लागि गेयात्मक, अभिनयात्मक अर्थात् गीत, सङ्गीत र नृत्य तीन तत्त्वहरू समाविष्ट भएको लोकसाहित्यको एक प्रमुख विधालाई लोक-नाटक भनिन्छ । लोकनाटकमा नृत्य, गीत र सम्भावित सानातिना घटना संवादयुक्त कथावस्तु पनि पर्दछन् । नेपाली लोकसमाजमा गीत, सङ्गीत, नृत्यसहितको विधाको रूपमा धामीनाच, बालुन, इन्द्रजात्रा, मारुनी, चाँचरी, गाइजात्रा, मालसिरी, जुहारी आदि प्रचलित लोकनाटक हुन् । गोरखा नगरपालिकाभित्र यी सबै प्रकारका लोकनाटकहरू प्रचलित छैनन् ।

विभिन्न अवसरमा विभिन्न कुराहरूको अनुसरण गर्दै संवादका माध्यमबाट प्रस्तुत गर्ने विधा लोकनाटक हो, यहाँ लाखे नाच, रोपाइँ नाच, घाटु नाच, गाई जात्रा, भैलो, बालुन आदि लोकनाटकहरू प्रदर्शन हुँदै र चल्दै आएका छन् ।

### २.७.५ गाउँखाने कथा

यो पनि लोक साहित्यको एक महत्त्वपूर्ण विधा हो । लोकसमाजमा मनोरञ्जन गर्न, हास परिहास गर्न, जिज्ञासा शमन गर्न एवं बौद्धिक क्षमता परीक्षण गर्न लोकजीवनमा गाउँखाने कथाको प्रचलन रहेको देखिन्छ । यसमा कुनै कथात्मक सूत्रबाट घटनावली नभएर प्रश्नोत्तर पद्धति रहेको हुन्छ । फुर्सदको उपयोग गर्न, मनोरञ्जन दिलाउन एकले अर्कालाई अत्तो थाप्ने कार्यमा गाउँखाने कथाहरू देखापर्दछन् ।

लोक जीवनले मौखिक रूपमा प्रश्नोत्तरात्मक कूट अभिव्यक्तिका रूपमा प्रचलनमा ल्याएको महत्त्वपूर्ण लोकोक्ति गाउँखाने कथा हो । गोरखा नगरपालिकामा गाउँखाने कथाहरू प्रशस्तमात्रामा प्रचलित छन्, जसमा यहाँको जनजीवन, प्रकृति, आर्थिक स्थिति, कृषि, नीति, उपदेश र राजनीतिसम्बन्धी कुराहरूलाई गाउँखाने कथाले समेटेको छ । यो परम्परा परापूर्वदेखि नै हालसम्म चल्दै आएको छ ।

### २.७.६ उखान-टुक्का

उखान-टुक्का लोकसाहित्यको लोकोक्तिका रूपमा आउने महत्त्वपूर्ण विधा हो । लोकका अनुभवहरू सारगर्भित कुराहरू लक्ष्यार्थ र व्यङ्गयार्थका रूपमा पूर्ण उक्तिका रूपमा समेटिएर आउने गर्दछन्, जहाँ उपदेश नीति, चेतना, ज्ञान र अनुभवका कुराहरू पर्दछन् । अनुभव सिक्न जीवनका मार्मिक र परिपुष्ट भनाइलाई मुखमा सकिने गरी दृष्टान्तमूलक एवं सूत्रात्मक संक्षिप्त र सारगत रूपमा प्रस्तुत गरिने लोकोक्तिहरू उखान-टुक्का हुन् । यिनीहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छन् । पुर्ख्यौली सम्पत्तिका रूपमा रहेका भाषाका यी गहनाहरूले भनाइलाई चोटिलो र प्रभावकारी बनाउँछन् । यिनले साधारण अर्थलाई छाडेर लाक्षणिक अर्थको प्रतिपादन गर्दछन् । गोरखा नगरपालिकाका बासिन्दाहरूले पनि यसलाई प्रयोग गरेको पाइन्छ । उखान-टुक्का सम्बन्धी सङ्कलन, अध्ययन र संरचनात्मक विश्लेषण गर्नु यस शोधकार्यको मूल उद्देश्य भएकोले यस सम्बन्धीचर्चा मूल पाठमा गरिनेछ ।

## २.८ निष्कर्ष

विश्वसामु गुर्खाको नामबाट परिचित गोर्खालीहरूको भूमि गोरखाले राष्ट्रिय इतिहासको पानामा एउटा महत्त्वपूर्ण स्थान ओगटेको छ । वर्तमान नेपालको एकीकरणको

सूत्रपात भएको गोरखा जिल्लाको ऐतिहासिक धरोहरहरूमध्ये गोरखा दरबार, गोरखनाथ मन्दिर, कालिका मन्दिर एवं तल्लो दरबार आदि यसै गोरखा नगरपालिकाभित्र पर्दछन् । नेपाल एकीकरणमा महत्त्वपूर्ण योगदान दिने वीरवीरङ्गनाहरूमध्ये बिसे नगर्चीको जन्म पनि यसै नगरपालिकामा भएको थियो । यस नगरपालिकाभित्र बहुजातीय, बहुभाषिक जनसमुदायले बसोबास गर्दै आएको पाइन्छ । यहाँ नेपाली भाषा बोल्ने समुदायहरू बढी देखिन्छन् । यस नगरपालिकाको रीतिरिवाज, धर्म, संस्कृति आफ्नै खालको रहेको छ । विगतमा नगरपालिकाको रूपबाट स्थापित भएपछि यस क्षेत्रका चौतर्फी विकास हुन थालेको छ । यातायात, सञ्चार, शिक्षा, स्वास्थ्यलगायत साहित्यिक गतिविधि पनि तीव्र रूपमा विकास हुन थालेको पाइन्छ ।

गोरखा जिल्ला गोरखा नगरपालिका उखानटुक्काको उर्वर भूमि जस्तै छ । लोकसाहित्यका विविध विधाहरूले नगरपालिकामा आ-आफ्नै स्थान ओगटेका छन् । लोकसाहित्यले गोरखा नगरपालिकामा पनि गौरवशाली मौखिक परम्परा बोकेको पाइन्छ । लोकसाहित्यका विविध विधाहरूमध्ये उखानटुक्का एक प्रमुख विधाको रूपमा लिइन्छ । उखान टुक्काको प्रयोगलाई एकैसाथ मिलाएर प्रयोग गर्ने चलन पनि छ तापनि यी दुई भिन्न विधा हुन् । वस्तुतः भाषिक व्यवहारमा उखान र टुक्का भिन्न प्रयोजनका लागि प्रयोग हुन्छन् । यी दुवै विधा परापूर्वकालदेखि चल्दै आएका अभिव्यक्ति कौशल हुन् । झट्ट हेर्दा दुवैमा लक्ष्यार्थ प्रधान सङ्केत तीव्र पाइने हुनाले पनि उखानटुक्कामा समानता आउन खोजेको हो । पुर्ख्यौली सम्पत्तिका रूपमा रहेका भाषाका यी आभूषणहरूले भनाइलाई चोटिलो र प्रभावकारी बनाउँछन् । गोरखा नगरपालिकामा प्रचलित उखानटुक्काले पनि यहाँको जनजीवन, प्रकृति, आर्थिक स्थिति, कृषि आदि जस्ता कुराहरूलाई पनि समेटेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# नेपाली उखान-टुक्काको सैद्धान्तिक अध्ययन

## ३.१ नेपाली उखान-टुक्काको परिचय

लोकप्रसिद्ध उक्ति उखान हो भने क्रियासँग सम्बन्ध राख्ने पद वा पदसमूह टुक्का हो । 'टुक्का शब्द तुक शब्दबाट आएको हो । यसको अर्थ वाच्यार्थलाई छोडी लक्ष्यार्थ हुँदै व्यङ्गयार्थ ध्वनित गर्नु हुन्छ ।'[१] यसै गरी लोकजीवनमा चलेका सारपूर्ण कथन वा त्यस्ता उक्ति वा आहान उखान हुन् ।[२] लोकसाहित्य लोकजीवनको ऐना हो । यो जनसाधारणका हृदयको भावोद्‌गार हो । जनमानसले भोगेका जीवन र जगत्‌को अनुभव र अनुभूति यसमा पाइन्छ । जीवन भोगाइका क्रममा हाँसो र खुसी पनि यसमा पोखिएको हुन्छ । पीडा र व्यथा तथा जलन र तडपन पनि पोखिएको हुन्छ । निरक्षर ग्रामीण जनता जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु, महिना आदिमा गीत सङ्गीतद्वारा मनोरञ्जन प्राप्त गर्छन् । मनका भावहरू ओकेलेर मनलाई हलुका तुल्याउँछन् । कथा सुन्छन् र मन बहलाउँछन् । उखान-टुक्काले रसमय आलङकारिक भाषिक अभिव्यक्तिद्वारा उक्ति वैचित्र्यको सिर्जना गर्दछन् । उखान-टुक्का लोकसाहित्यको लोकोक्तिका रूपमा आउने एक महत्त्वपूर्ण विधा हो । यसमा लोकका अनुभवहरू एउटा पूर्ण उक्तिमा आएका हुन्छन् जसमा ज्ञान, नीतिउपदेश  र अनुभवका कुराहरू समेटिएका हुन्छन् । उखान-टुक्का लोकले युगौदेखि सँगालेका ज्ञानका भण्डार हुन् । लोक प्रचलनमा आएका सारपूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावली नै उखान-टुक्का हुन् ।[३] लोकोक्तिका रूपमा आउने उखान र टुक्कालाई विशेषतः लक्षण र व्यञ्जनामूलक कथन मानिन्छ ।

नेपाली लोकजीवनमा कतिपय कथनहरूमा उखान र टुक्का दुवै रूपमा पनि प्रचलित हुदै आएको पाइन्छ । त्यसैले लोक जीवनको कतिपय सन्दर्भमा उखान र टुक्कालाई एउटै वर्गमा राखेर उखान-टुक्का भन्ने गरेको पनि पाइन्छ । कुरै कुराको प्रसङ्गमा एकाएक प्रयोग

---

[१] कृष्णप्रसाद पराजुली, **लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन, २०५६, पृष्ठ ५७ ।

[२] हेमाङ्गराज अधिकारी र बद्रीविलास भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोष**, २०६१, पृष्ठ ९८ ।

[३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् ।

हुन आउने उखान र टुक्काले भाषिक अभिव्यक्तिलाई प्रभावकारी र अर्थपूर्ण बनाउने गरेको पाइन्छ । साथै यी दुवै विधामा लोकजीवनको सामाजिक, सांस्कृतिक र ऐतिहासिक चित्र प्रतिबिम्बित हुने गरेको पाइन्छ ।

नेपाली उखानमा टुक्का गाँसिएर बनेका उदाहरणहरू पनि प्रशस्तै मात्रामा भेटिन्छन् । यी दुवै भिन्न विधा भए तापनि एक अर्काका परिपूरक जस्तै हुन् । उखानमा टुक्काको मिश्रण कुनै न कुनै रूपमा भएको पाइन्छ तापनि नितान्त बेग्लै विधा हुन् । यी दुईको स्वरूपमा अन्तर रहेको छ । उखानलाई लोकानुभव र कथासारका लघु अभिव्यक्ति मानिन्छ भने टुक्कालाई उखानभन्दा अझ लघुत्तर अभिव्यक्ति मानिन्छ ।[४]

उखानमा जस्तो कथासार टुक्कामा पाइँदैन यसमा कम्तीमा दुईवटा शब्दमात्र भएपनि पुग्छ । उखानको पद परिवर्तन गर्दा अर्थ भङ्ग हुँदैन भने टुक्कामा अर्थ रहदैन । टुक्का वाक्यभन्दा निम्न तहको भाषिक एकाइको रूपमा आउँछ । टुक्काभन्दा लामा गद्य-पद्य रूपका अभिव्यक्ति उखान हुन् । उखानमा सूत्र प्रणाली हुन्छ भावको मार्मिकता हुन्छ र लघु प्रयत्नबाट विस्तृत अर्थ व्यक्त गर्ने प्रवृत्ति रहन्छ ।[५]

खास शव्द र क्रियाको मेलबाट टुक्काको निर्माण भएको हुन्छ । उखानमा यो नियम लागू हुँदैन । एउटै क्रियामूल शब्दमा धेरै टुक्का बन्ने गर्दछ भने उखान बन्न सक्दैन । उखानमा प्रयोगमा आउने क्रिया सामान्यतः व्याकरणात्मक कोटी अनुरूप बदल्न सकिँदैन भने टुक्कामा क्रियाका नियमानुसार बदल्न सकिन्छ । उखानलाई आफैंमा परिपूर्ण वाक्यात्मक कथन मानिन्छ । उखानलाई आहान, किस्सा, भनाइ, कथन उक्तिका रूपमा पनि लिइन्छ भने टुक्कालाई वाग्धारा, वाक्पद्धति, वाग्रीति, मुहाबरा र वाक्यांशका रूपमा पनि चिनाउने गरिएको पाइन्छ । उखान र टुक्कामा केही समानता र असमनाता हुँदाहुँदै पनि लोकजीवनमा जनसाधरण र कतिपय शिक्षित विद्वान्हरूले समेत उखान र टुक्कालाई एकै ठानी उखान-टुक्का भन्ने गरेको पाइन्छ । जीवन अनुभवका विविध पक्षलाई गहकिलो रूपमा प्रस्तुत गर्ने, नीति निर्देश गर्ने, शिक्षा दिने आदि क्रममा दृष्टान्त र उपमाका रूपमा यिनीहरू आएका हुन्छन् ।

यिनीहरूले लोकजीवनका मान्यता विश्वास, आनीबानी चालचलन आदि बोकेका हुन्छन् । भाषामा कहिले व्यङ्ग्यात्मक रूपमा र कहिले अभिधात्मक अर्थमा प्रयोग भएर

---

[४] शिवप्रसाद पौडेल, **लुम्बिनी क्षेत्रमा प्रचलित उखानको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि.,२०५१, पृष्ठ १७ ।

[५] रामनाथ ओझा र मधुसूदन गिरी, **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** चौथो संस्करण, कीर्तिपुर : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०६४, पृष्ठ १२२ ।

भाषिक चमत्कार बढाएका हुन्छन् । त्यसैले लोकजीवनका अनुभव सोचाइ र मान्यतालाई बोक्दै भाषिक समृद्धि गर्ने तत्त्वका रूपमा उखान-टुक्कालाई लिन सकिन्छ । उखानलाई विश्वका सबै भाषाको अलङ्ककारको रूपमा पनि लिन सकिन्छ । विभिन्न भाषामा यसलाई चिनाइए पनि सबै भाषामा यसको प्रयोजन समान देखिन्छ । उखान-टुक्काहरू साधारण व्यक्तिका मुखबाट सहज सारगर्भित, सूत्रबद्ध एवं खिरिलो रूपमा प्रकटभएका हुन्छन् ।

यिनीहरू प्रयोगका क्रममा खारिँदै र माझिँदै एक समुदायबाट अर्को समुदाय, एक जातिबाट अर्को जाति एवं एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आइरहेका नै छन् ।

भाषिक व्यवहारमा उखान-टुक्काको जन्म भएको हो भन्न सकिन्छ । यसरी भाषाको सुरुवातसँगै प्रयोग भएका उखान-टुक्काको लोक जनमानसका विचार, दृष्टिकोण, आस्था, विश्वास एवं तिनका सामाजिक सांस्कृतिक पक्षलाई बोक्दै र भाषालाई प्रभावकारी बनाउँदै अगाडि बढिरहेको छ ।

## ३.२ उखान-टुक्काको परिभाषा

मानवजातिको विकासक्रमका चरणहरूसँगसँगै लोकसाहित्यको विकास भए तापनि यिनीहरूको अध्ययन परम्परा निकै पछाडिबाट मात्र भएको पाइन्छ । लोकसाहित्यको अध्ययन परम्परासँगै यसका विविध पक्षहरूलाई विभिन्न रूपबाट विभाजन, वर्गीकरण र विश्लेषण गर्दै उखान-टुक्कालाई परिभाषा दिन थालिएको पनि पाइन्छ, जसमा विभिन्न भाषाविद् विद्वान्हरूले आ–आफ्नै ढङ्गबाट मान्यताहरू अगाडि सारेको पाइन्छ ।

पुष्कर शम्शेर जबराले दिइएको परिभाषा अनुसार दुई टुक्रा पर्‍यो भने अर्थात् एउटा काम हुँदा अर्को काम भयो भने उखान र एक टुक्रा मात्र छ भने अर्थात् संलग्न एउटै काम दर्साउँछ भन्ने वाक्पद्धति भन्ने बुझिन्छ ।[६] यो परिभाषा त्यति स्पष्ट नभए तापनि यसको आशय बुझ्दा एउटा समग्र भनाइ उखान हो भने अपूर्ण भनाइ वा वाक्यको अंश टुक्का हो भन्ने सङ्केत मिल्दछ । यसमा उखान र टुक्काको बीचको स्पष्ट भिन्नता छुट्टिएको पाइँदैन ।

चूडामणि रेग्मीले उखान-टुक्काको चर्चा गर्दै आफ्नो परिभाषा यसरी दिइएका छन्-

"लोक प्रसिद्धि उक्ति लोकोक्ति उखान हो, जो वाक्यमा प्रयोग नभए पनि स्पष्ट चिनिन्छन् र स्वतः पूर्ण छन् भने टुक्का लोकप्रसिद्धि भएपनि विशेष अर्थ लाग्ने भएपनि वाक्यमा प्रयोग गरिनुपर्छ अनिमात्र ती पूर्ण हुन्छन्, स्पष्ट हुन्छन् । उखान आफैंमा पूर्ण

[६] पुष्कर शम्शेर जबरा, **उखानटुक्का कोष,** भूमिका, काठमाडौं : ने.भा.प्र.स, १९९८ ।

पुरानो घटना वा कथाको सम्झाउनीको रूपमा रहेको एक महत्त्वपूर्ण शिक्षाप्रद उद्गार वा अंश हो । टुक्का कुनै पद पदसमूह वाक्यांश हो जो वाच्यार्थ प्रधान नभएर विशेष अर्थ लाक्षणिक अर्थमा रुढ भएको हुन्छ जसलाई वाक्यमा प्रयोग गर्नु आवश्यक छ ।"[७]

मोतीलाल पराजुलीले पनि आफ्नो धारणा राख्दै उखान-टुक्का भनेको भाषिक अभिव्यक्तिका क्रममा भाषिक मिठास तथा कलात्मक प्रस्तुतीका निम्ति प्रयोग गरिने भाषिक सौन्दर्य उखान-टुक्का हुन् भनेका छन् ।[८]

भाषाविद् बालकृष्ण पोखरेलले उखान-टुक्काको चर्चा गर्दै यसरी परिभाषा दिइएका छन्- "यदि कुनै वाक्यांश पद वा पदसमूहले कुनै अर्ती उपदेश सूक्ति अथवा परम्परागत उद्गार प्रकट नगरिकनै वाच्यार्थमा बाधा तेर्स्यायो भने र लक्ष्यार्थ जाहेर गऱ्यो भने तुक्का अथवा टुक्का कहलाउँछ ।"[९]

हेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराईका अनुसार लोकजीवनमा चलेका वा लोकप्रचलनमा आएका सारपूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावली नै उखानटुक्का हुन् ।[१०]

यसै गरी अर्का भाषाविद् कृष्णप्रसाद पराजुलीका अनुसार भाषामा वाक्यांशहरू साधारण अर्थबाहेक वाच्यार्थ नै छाडेर नयाँ अर्थमा आउँछन्, जुन वाक्याशंमा सारगर्भित अर्थमा प्रयोग हुन्छन ती उखान-टुक्का हुन्, टुक्का वाक्यमा आउनुपर्छ भने उखान स्वतन्त्र आउँदा पनि अर्थपूर्ण हुन्छन् ।[११]

अर्का भाषाविद् मोहनराज शर्माले टुक्काको परिभाषा यसरी दिएका छन्- "क्रियासँग खास शब्दको सङ्गठित रचना भएको त्यस्तो पदसमूह, जो अभिधेय नभएर विशिष्ट अर्थमा रूढ हुन्छ त्यसलाई टुक्का भनिन्छ ।"[१२]

यसरी विभिन्न विद्वान् एवं भाषाशास्त्रीहरूले आफ्नै ढङ्गबाट परिभाषित गरेपनि उखानटुक्काको निक्यौल गर्न कुनै पनि परिभाषा सफल भएका देखिन्नन् । यी माथिका परिभाषाका आधारमा एउटा छुट्टै परिभाषा यसरी निर्माण गर्न सकिन्छ-

---

[७] चूडामणि रेग्मी, **नेपाली टुक्काको अध्ययन,** झापा : चन्द्रगढी, २०४१, पृष्ठ २१ ।

[८] मोतीलाल पराजुली, **नेपाली लोक गाथा,** पोखरा : तारा पराजुली, २०४६, पृष्ठ १४ ।

[९] बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** छैटौ संस्करण, ललितपुर : साझा प्रकाशन, २०४३, पृष्ठ १२८ ।

[१०] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् ।

[११] कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली,** एक्काइसौं संस्करण : काठमाण्डौं, सहयोगी प्रेस, पृष्ठ १८६ ।

[१२] मोहनराज शर्मा, **शब्दरचना र वर्णविन्यास,** चौथो संस्करण, काठमाडौ : नेपाल बुक्स हाउस, २०५०, पृष्ठ १५६ ।

"उखान-टुक्का तिनलाई भनिन्छ जुन लोकमानसबाट खारिएर आएका उद्‌गार र पदसमूह हुन्, जसले प्रयोगकर्ताको कथनलाई अभिधादेखि लक्ष्यार्थ हुँदै व्यङ्‌ग्यार्थसम्म पुऱ्याउँछन् ।"

## ३.३ उखान-टुक्काका विशेषताहरू

कुनैपनि भाषामा सरलता र उक्तिमा वैचित्र्यता थप्नका लागि प्रयोगमा आउने उखानटुक्का बेग्ले विधा भए तापनि यिनमा केही समानता देखिन्छ । उखान-टुक्काका आफ्ना निजी विशेषताहरू रहेका हुन्छन् ।

समग्रमा यिनीहरूका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।[१३]

क) स्वतन्त्ररूपमा प्रयोग नहुनु,

ख) भाषिक प्रस्तुतीलाई विशिष्टता प्रदान गर्नु,

ग) सङ्‌क्षिप्तता र लोकप्रियता हुनु,

घ) पदहरू परिवर्तन नहुनु,

ङ) सरलता र सहजता हुनु,

च) अर्थपक्ष विशेष महत्त्वपूर्ण हुनु,

छ) अभिधार्थमा प्रयोग नहुनु,

ज) सारगर्भितता,

झ) रूपविविधता,

यहाँ यी सबै विशेषताहरूको अध्ययन गरिएको छ ।

### ३.३.१ स्वतन्त्ररूपमा प्रयोग नहुनु

टुक्का स्वतन्त्र रूपमा प्रयोगमा आउँदैन तर उखान भने स्वतन्त्र रूपमा आउन सक्छन् । टुक्का भाषाका महत्त्वपूर्ण पद वा पदावली हुन् । यी भाषासँग वाक्यमा मिसिएर आउँछन् र आफ्नो बेग्लै अर्थलाई छाडेर सिङ्‌गो वाक्यार्थलाई व्यक्त गर्दछन् । वाक्यमा प्रयोग भएर आएका समयमा यी महत्त्वपूर्ण बन्दछ । सन्दर्भमा प्रयुक्त वाक्यले प्रसङ्‌ग निर्धारण गर्छ र टुक्काको अर्थ भने स्पष्ट हुन्छ ।[१४]

---

[१३] रामनाथ ओझा र मधुसूदन गिरी, **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** चौथो संस्करण, कीर्तिपुर : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०६४, पृष्ठ १२८ ।

[१४] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स, २०५८, पृष्ठ ३५० ।

### ३.३.२ भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्नु र सङ्क्षिप्त र लोकप्रिय हुनु

उखान-टुक्का प्रयोग नभएका भाषाले विशिष्टता प्रदान गराउन असमर्थ हुन्छन् । यी दुईमध्ये एक वा दुवैको प्रयोगले नै भाषामा गम्भीरता र चमत्कारिता आउन सक्छ । यस प्रयोगले कुनै पनि वक्तालाई आफ्नो आशय व्यक्त गर्न सजिलो हुन्छ भने श्रोताको स्तर अनुसार अर्थ पनि प्रदान गराउँछन् । उखानका तुलनामा टुक्काहरू सङ्क्षिप्त हुन्छन् । संक्षिप्तता र लोकप्रियता यिनीहरूको निजी विशेषता हो । यिनीहरूको प्रयोग हरेक प्रकारका मानिसलाई स्वतःस्फूर्त र सचेत रूपमा प्रयोग गर्छन् । छोटा भएर पनि बढी प्रयोगमा आउछन् । सङ्क्षिप्तमा जति धेरै अर्थ दिन्छ त्यसलाई त्यति व्यापक अर्थ दिन सकिँदैन । उखान (छोटा, मझौला र लामा) हुन्छन् भने टुक्का प्रायः छोटा नै । प्रयोगमा कमी नआई प्रयोग प्रचलन बढ्नु यसको लोकप्रियता हो ।

### ३.३.३ पदहरू परिवर्तन नहुनु, सरलता, सहजता र अर्थपक्ष महत्त्वपूर्ण हुनु

उखान-टुक्कामा आउने पदहरूमा परिवर्तन गर्न मिल्दैन, सधैं एकैनास रहेका हुन्छन् । यिनीहरूमा आएका पदहरू परिवर्तन गऱ्यो भने अर्थ स्पष्ट हुन सक्दैन र यदि अर्थ खुलेमा अनर्थ लाग्न पनि सक्छ । उखान-टुक्काहरू सरल सहज सरस हुन्छन् । पठितदेखि अपठितसम्म सबैले बुझ्ने खालका हुन्छन् । यिनीहरूको सरलताभित्रै भाव र गाम्भीर्य स्वतःस्फूर्त रूपमा आएका पनि हुन्छन् ।

उखान-टुक्का वाक्यात्मक ढाँचाका पद र पदावली हुन् । सिधा अर्थ ग्रहण गर्न सकिएन भने यसबाट विशेष अर्थ खोज्नुपर्ने हुन्छ । अर्थपक्षले विशेष कुरातर्फ ध्वनित र लक्षित गरेको हुन्छ ।

### ३.३.४ अभिधार्थमा प्रयोग नहुनु र सारगर्भितता हुनु

उखान-टुक्काका पदहरूले आ-आफ्ना वाच्यार्थलाई छाडेर लक्ष्यार्थको साथै व्यङ्ग्यार्थ दिएका हुन्छन् । यी दुई नसकेको अवस्थाको उखान-टुक्का बन्न सक्दैनन् । उखान सारगर्भित हुन्छन् । एक वाक्यमा वा अनुच्छेदमा भन्नुपर्ने कुरा यसबाट एक टुक्रामा नै व्यक्त गर्न सकिन्छ । साधारण कथनमा पनि चमत्कारिक र आलङ्कारिक चमकले युक्त हुन्छन् । उखानमा पाइने भाव सादृश्य एवम् अर्थ गाम्भीर्यले यसको सारगर्भिततालाई प्रस्ट पार्दछन् ।

### ३.३.५ रूपविविधता

नेपाली उखान-टुक्काको रूप फरकफरक प्रकारका रहेका देखिन्छ । यिनीहरूमा कतै सङ्केतात्मकता, कतै सहज, सूत्रबद्ध, दृष्टान्तमूलक, कुनै अनुप्रासीय संवादात्मक, प्रश्नोत्तर, गेयात्मक आदि जस्ता विविध रूपहरू उखान-टुक्कामा पाइन्छन् ।

## ३.४ उखान-टुक्काको वर्गीकरण

नेपाली उखान-टुक्काको वर्गीकरण गर्ने कुनै ठोस सैद्धान्तिक आधार हालसम्म तयार नभए तापनि नेपाली भाषामा प्रयोगमा आउने वा लोक जीवनमा प्रयोगमा आउने उखान-टुक्कालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ, जसलाई निम्नानुसार आरेखमा देखाउन सकिन्छ-

**उखान-टुक्का**

↓

| **क) विषयवस्तुका आधारमा** | **ख) संरचनाका आधारमा** | **ग) विविध विषयका आधारमा** |
|---|---|---|
| अ) आर्थिक अवस्थासँग सम्बन्धित | अ) पदगत टुक्का नाम पदीय, क्रिया पदीय र विशेषण पदीय | अ) हास्य व्यङ्ग्य |
| आ) सम्बन्धित नैतिक उपदेशसँग सम्बन्धित | आ) पदावलीगत उखान-टुक्का विशेषण र नाम, विशेषण, विशेष्य र क्रिया, द्वित्व र क्रिया | |
| इ) प्रकृति सम्बन्धित | इ) उखान-अनुप्रासमूलक, आकारगत, उपमामूलक गीतिलय, तुक बन्दीयुक्त, प्रश्नमूलक, प्रश्नोत्तरात्मक | |
| ई) राजनीतिसँग सम्बन्धित | | |
| उ) पशुपक्षी सम्बन्धित | | |
| ऊ) मनोविज्ञानसँग सम्बन्धित | | |
| ए) ऐतिहासिक र पौराणिक | | |
| ऐ) विषयसँग सम्बन्धित | | |
| ओ) सामाजिक संस्कृति र परम्परासँग सम्बन्धित | | |
| औ) ज्ञान-विज्ञानसँग सम्बन्धित | | |
| अं) कृषि-व्यवसायसँग सम्बन्धित | | |
| अः) लोकविश्वाससँग सम्बन्धित | | |

नेपाली भाषामा प्रयोगमा आउने कतिपय उखान-टुक्काहरूले नेपाली जनजीवनका आर्थिक अवस्थालाई व्यक्त गरेका छन् । यिनीहरूले लोकजीवनका आर्थिक अवस्थालाई समेट्दै भाषिक व्यवहारका क्रममा प्रयोग भएका हुन्छन् । नेपाली समाज र त्यहाँका संस्कृति र परम्पराबाट हुर्कँदै आएका हुन्छन् । मानवका मस्तिष्कबाट निस्केर अकाट्य र आदर्शमय ज्ञान दिन्छन् । समाजका रीतिरिवाज र अनुभवलाई यसमा ल्याइएको हुन्छ ।

लोकजीवनमा प्रचलित प्रशस्तै उखान-टुक्काहरू ज्ञानविज्ञानसँग सम्बन्धित रहेका हुन्छन् भने केही मनोविज्ञानसँग पनि सम्बन्धित हुन्छन् । लोकसमाज मनोविज्ञानको एक पाठशाला हो । यो व्यवहारिक ज्ञानमात्र नभएर गणित, विज्ञान, ज्योतिष आदिजस्ता विषयसँग पनि सम्बन्धित रहेका हुन्छन् । कतिपय इतिहास र पुराणमा आधारित रहेका पाइन्छन् । लोकविश्वासको पनि प्रतिनिधित्व गराउने गर्दछन् । यसका साथसाथै राजनीतिसँग पनि सम्बन्धित छन्, जसलाई राजनीतिज्ञले प्रयोग गर्छन् र साधारण जनमानसले पनि प्रयोग गरेर विकृति र विसङ्गतिमाथि चोटिलो व्यङ्गय प्रहार गर्छन् ।

विभिन्न पशुपक्षीका उदाहरण दिएर उक्तिमा विचित्रता प्रदान गर्ने उखान-टुक्काहरू पनि प्रशस्तै पाइन्छन् । यस्ता उखान-टुक्काबाट एकातर्फ पशुपक्षीका बानी, स्वभाव पत्ता लगाउन सकिन्छ भने अर्कोतर्फ मानवीय स्वभावमा व्यङ्गय हानेको थाहा पाउन सकिन्छ । यसका साथै वनस्पतिका उदाहरण दिएर पनि उक्तिमा मिठास थपेका हुन्छन् ।

उपर्युक्त वर्गीकरणका अतिरिक्त नेपाली जनजीवनमा अन्य विभिन्न प्रकारका उखान-टुक्काहरू पनि प्रचलित रहँदै आएका छन् । हास्यव्यङ्गय सम्बन्धी, प्रकृति सम्बन्धी आदि जस्ता विषयवस्तुलाई पनि दर्साएका हुन्छन् र अश्लीलतालाई पनि केही झल्काएका हुन्छन् ।

## ३.५ उखान-टुक्काको अन्य विधासँग सम्बन्ध

लोकसाहित्य लोकजीवनको ढुकढुकी हो । यसका विविध विधा र उपविधाहरू रहेका हुन्छन् । विशेषतः लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा र उखानटुक्कालाई यसका विधा मानिएका छन् । यिनीहरूबीच एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेका हुन्छन् । केही समानता पाइन्छन् भने केही असमानता पनि छन् तर पनि यी विधाहरू एक अर्काका परिपूरक जस्तै हुन् ।

उखान-टुक्काले लोकसाहित्यका विविध विषय र क्षेत्रसँग मितेरी साइनो लगाउँदै आएका छन् । यिनैको कारणले गर्दा लोकगीत, कथा, गाथा आदि जस्ता लोकसाहित्यका विधामात्र नभई सिङ्गो साहित्य नै माथि पुगेको छ । विभिन्न विधासँग अन्तरसम्बन्धित रहेका उखान-टुक्का लोक साहित्यका वैभव हुन् । उखान-टुक्काको प्रयोगविना कविता-कविता बन्न सक्दैन, लोकगाथा, गाथा, नाटक पूर्ण हुन सक्दैन । आख्यान निर्माण हुन सक्दैन अर्थात् उखानटुक्का सिङ्गो लोकसाहित्यको मुटु हो । यसले भाषा साहित्य र वक्ताको बोलीमा मिठास ल्याई प्रभावकारी बनाउने हुनाले यसको सम्बन्ध अन्य विधासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको नै हुन्छ ।

## ३.६ निष्कर्ष

लोकसाहित्यलाई कुनै सिद्धान्त र नियमको घेराभित्र समेट्न खोज्नु असम्भव जस्तै हो । लोकसाहित्य वनको सुन्दर फूल हो, जसलाई सजाउन कुनै फूलदानी आवश्यक पर्दैन । लोकसाहित्यका अभिन्न अङ्गका रूपमा रहेका उखान-टुक्कालाई भाषा नै जगका रूपमा लिन पनि सकिन्छ किनकि मानव जीवन जगत्को उत्पत्तिसंगै यसको पनि उत्पत्ति भएको हो । उखान-टुक्काले भाषामा अलग-अलग अस्तित्त्व बोकेर उभिन्छन् तापनि समग्रमा एकै रूपमा विश्लेषण गर्न सकिन्छ । टुक्काभित्र उखान आउँदैन भने उखानभित्र टुक्का आउँछन् ।[१५]

लोक समाजमा प्रत्येक अपठित र अशिक्षित मानिसका तन, मन र जिब्रामा झुन्डिएका उखान-टुक्का आफ्नो छुट्टै अस्तित्त्व राख्न सफल भएका पनि छन् । यिनका आ-आफ्नै निजी विशेषताहरू र प्रकारहरू रहेका छन् । लोकले आफ्ना व्यावहारिक अनुभवहरूलाई खार्दै र माझ्दै आफ्ना भाषिक व्यवहारका क्रममा अत्यधिक प्रयोग गर्ने उखान-टुक्काले लोक साहित्यलाई विकसित गराउंदै लेख्य साहित्यलाई समेत टेवा पुऱ्याएको देखिन्छ । मानवीय व्यवहारका क्रममा प्रयोग हुने भाषालाई प्रस्तुतीकरणमा विशिष्टता प्रदान गर्दै अर्थपक्षलाई अभिधार्थबाट छुट्याएर लक्ष्यार्थ हुँदै व्यङ्गयार्थसम्म पुऱ्याएर भाषामा चमत्कारिकता, गम्भीरता र श्रुतिमधुरता ल्याउनमा उखान-टुक्काले ठूलो भूमिका खेलेको पाइन्छ । सरल भएर पनि रसिलो हुनु र संक्षिप्त भएर पनि अर्थपूर्ण हुनुले टुक्का र उखान

[१५] शिवप्रसाद पौडेल, **लुम्बिनी क्षेत्रमा प्रचलित उखानको अध्ययन** (अप्रकाशित शोधपत्र), त्रि.वि.२०५१, पृष्ठ४४ ।

पनि रसिलो हुनुले उखान-टुक्काको लोकप्रियता बढ्न गएको छ । यसरी उखान-टुक्काले भाषा साहित्यमा महत्त्वपूर्ण स्थान लिन सफल भएका छन् । परम्परादेखि प्रचलित वाक्यका स्तरमा प्रयोग हुने सूत्रात्मक कथनलाई उखान भनिन्छ । यसको सम्बन्ध कुनै धटना कथा वा मानवीय अनुभवसँग जोडिने हुनाले प्रभावकारी र साङ्केतिक रूपमा प्रकट हुन्छ । यो लोकोक्ति, कहावत, आहान आदि जस्ता विभिन्न नामले पनि चिनिन्छ भने एकभन्दा बढी निश्चित शब्दहरू सँगसँगै प्रयोग भई बनेको शब्दका समूहले आफ्नो शाब्दिक अर्थ गुमाएर विशिष्ट र रूढ अर्थ ग्रहण गऱ्यो भने त्यसलाई टुक्का भनिन्छ । यसलाई वाक्पद्धति, वाग्धारा, मुहावरा आदि पनि भनिन्छ ।

# चौथो परिच्छेद

# गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काको सङ्कलन र वर्गीकरण

## ४.१ गोरखा नगरपालिकाभित्रका बासिन्दाले प्रयोग गर्ने उखान-टुक्काको अवस्था

नेपाल बहुभाषी र बहुजातीय मुलुक हो । यहाँका नागरिकहरूमा अनेकतामा एकता पाइन्छ । आ-आफ्नै जाति अनुसार भाषाको पनि प्रयोग भएको पाइन्छ । मातृभाषा नेपाली भए तापनि नेपाली भाषा बोल्ने सबैको लवजमा समानता पाइँदैन । गोरखा नगरपालिकाभित्र पनि विभिन्न जातजाति, धर्म-संस्कृतिका मानिसहरूको बसोबास रहेको छ । जहाँ सबैभन्दा बढी मगर, क्षेत्री, ब्राम्हण, नेवार, सार्की, कुमाल, गुरुङ, कामी र अन्य दलित जातिहरूका बाहुल्यता रहेको छ । यिनीहरूले आ-आफ्नै ढङ्ग र बोलीलवजबाट उखानटुक्काको प्रयोग गरेको पाइन्छ ।

### ४.१.१ ब्राह्मण तथा क्षेत्री समाजले प्रयोग गर्ने उखान-टुक्का

यस क्षेत्रमा बसोबास गर्ने अधिकांश बाहुनहरू खेतीपाती गर्छन् । केहीले पुरेत्याइँ गर्छन् भने सरकारी जागिरमा पनि उनीहरूको अत्यधिक सहभागिता देखिन्छ । क्षेत्रीहरूमा प्रायः विद्यालयको शिक्षापछि सेना र प्रहरीमा जागिर खाने परम्परा थियो तर भने हाल आएर उच्च शिक्षा अध्ययन गर्ने र कृषि कार्यमा पनि राम्रैसँग सहभागिता दर्साउँदै आएका छन् । गोरखा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कूल जनसंख्यामध्ये १४% र १७% क्रमशः ब्राम्हण र क्षेत्रीहरू रहेका छन् । यिनीहरू आ-आफ्नो संस्कृति, रीतिरिवाज र चालचलनमा जीवनयापन गरिरहेका छन् । यिनीहरूको रहनसहन एक-अर्कामा मिल्दोजुल्दो पाइन्छ । यस समुदायभित्रका मानिसहरू आफ्नो-आफ्नो संस्कृति, रहनसहन, बानी व्यवहारका साथै सभ्यताको परिचायक पनि दिलाउँछ । यस जातिका मानिसहरूले प्रयोग गर्ने उखान-टुक्काहरू प्रायः नीति, आर्थिक अवस्था, कृषि जस्ता विषयवस्तुसँग सम्बन्धित रहेका पाइन्छन् । जस्तै : बैगुनीलाई गुनले मार्नु, सुखमा नआत्तिनु दुःखमा नमात्तिनु, थुतुनु र मुतुनु जोगाउनु, नजिकको तीर्थ हेला, बाह्र वर्ष रामायण पढ्यो, सीता कस्की जोई, श्राद्ध गर्नुभन्दा

सीदा पुऱ्याउन गाह्रो, रातभरि करायो दक्षिण हरायो, अड्को पड्को तेलको धुप, कि पढेर जानिन्छ कि परेर जानिन्छ, लङ्कामा सुन छ कान मेरो बुच्चै, हिँड्ने गोरुको पुच्छर निमठ्नु, मानो खाएर मुरी उव्जाउने बेला, गरिखानु न मरि जानु, लुगा न फाटो दगुर्छ लाटो, कागको फुल चोर्नु, खसी पार्नु, यत्रो खानु, धोती न टोपी हुनु, खरानी घस्नु, मुग्लान पस्नु, हात चिलाउनु, अलच्छिन लाग्नु, बिरालोले बाटो काट्नु, तेरो मुखमा दूध र भात जाओस्, सतीको सराप पर्नु, सिन्दुर पुछिनु, नुनको सोझो गर्नु, इज्जत राख्नु, भालुलाई पुराण सुनाउनु, हलीले हसुरे झैं हसुर्नु आदि उखान टुक्का प्रयोग गर्ने गरेका छन् ।

## ४.१.२ जनजातिले प्रयोग गर्ने उखान-टुक्का

गोरखा नगरपालिकाभित्र जनजातिहरू मगर १८%, नेवार १२%, गुरुङ ५% लगायत अन्य जनजातिहरूको पनि बाहुल्यता रहेको छ । यिनीहरूको आ-आफ्नै प्रकारको रहनसहन रहेको छ । कतिपयमा एक अर्काबीच समानता पाइन्छ भने कतिपयमा असमानता रहेको देखिन्छ । ब्राह्मण क्षेत्रीको तुलनामा यिनीहरूको (बोली) लवजमा केही भिन्नता रहको पनि देखिन्छ । यिनीहरूको आफ्नै प्रकारको जीवनशैली छ । यस क्षेत्रभित्रका मगर, गुरुङ जातिहरूका अधिकांश मानिसहरू सकेसम्म स्वदेशी एवं विदेशी सेनामा भर्ती हुन चाहन्छन् । त्यतातर्फ सम्भव नभएमात्र खेतीपाती, व्यापार, व्यवसाय, अध्ययनमा लागेको पाइन्छ । यस क्षेत्रमा रहेका बहुसंख्यक नेवारहरू व्यापारमा लागेको देखिन्छ भने कोही चाहिं खेतीपातीमा नै अलमलिएको भेटिन्छ । गुरुङ, मगर, नेवारहरूको आफ्नै भाषा र संस्कृति पनि शिक्षा र सञ्चारको विकाससँगै नेपाली भाषा बोल्न मन पराउँछन् । बोलीचालीका क्रममा यिनीहरूले पनि आफ्ना जीवन जगत् सम्बन्धी विविध प्रकारका उखान-टुक्काको प्रयोग गरेको पाइन्छ, जसमा घ्वास्सपानी फ्वास्स पीठो, ओडाल्यो ढिंडो खायो हिंड्यो, हात्ती आयो हात्ती आयो फुस्सा, स्वाङ पार्ने भ्वाङमा पर्छ, लक्ष्मीले बास गरुन् तरुनीले आस गरुन्, यसै रिन उसै रिन बूढी भैंसी किन्, मुख नबोल्नेको मूजी बोल्छ । बाहुनले च्याउ खाओस् न स्वाद पाओस्, पशु बिग्रन्छ एक रातमा मान्छे बिग्रन्छ एक बातमा, धेरै खाई मल थोरै खाई बल, धनको मुखै कालो, उत्ताउली गाईलाई बाघले खाई, गाँठी न गुठी जर्जर उठी आदि उखान रहेका छन् भने । मुख समाल्नु, रामराज्य हुनु, आइरो लाग्नु, साहुको डोको, मुग्लान पस्नु, अरिङ्गालको गोलामा ढुङ्गा हान्नु, नेपार्नु, यत्रो खानु, थारै बस्नु, चाक थाप्नु, मुजी खानु, धान चुटे झैं चुट्नु, टोकाहा, आँखा फुट्नु आदि टुक्का रहेका छन् ।

### ४.१.३ दलित समुदायभित्र प्रचलित उखान-टुक्का

यस नगरपालिका क्षेत्रभित्र विभिन्न दलित समुदायको पनि बसोबास भएको पाइन्छ। यस क्षेत्रमा बसोबास गर्ने दलित जातिहरूमा दमाई, सार्की, कामी र गाइने जस्ता दलित समुदायको बसोबास बढी रहेको छ । गाइने भने लोपोन्मुख जातिका रूपमा यस क्षेत्रमा रहेका छन् । विशेषतः यस क्षेत्रभित्र प्रचलित दलित समुदायका मानिसहरूले पनि आ-आफ्नै शैलीबाट जीवन गुजारिरहेको देखिन्छ। आ-आफ्नै संस्कृति र रीतिरिवाज चालचलन रहेको छ। ब्राह्मण, क्षेत्री र जनजातिले प्रयोग गर्ने उखान-टुक्काहरू नै प्रयोगमा ल्याएको पाइन्छ। यी जातिले भन्दा दलित समुदायले प्रयोग गर्ने उखान-टुक्कामा भने केही अश्लीलता पनि झल्किएको पाइन्छ । यस क्षेत्रका सीमित ठाउँभित्रका सार्की, कामी र दमाईहरूले केही आर्थिक उन्नति गरेपनि बहुसंख्यक दलितहरूको आर्थिक अवस्था कमजोर नै छ। कामीहरू परम्परागत रूपमा आरन चलाउने र अन्य जाति ब्राह्मण, क्षेत्री आदि खेतबारीमा ज्याला लिएर काम गर्छन् भने दमाईहरू पनि बालीघरमा लुगा सिलाउने, ज्याला लिएर धनी मानिसका घरमा काम गर्ने गर्दछन् । त्यस्तै सिकर्मी, डकर्मी र खेत जोत्ने काममा पनि बाहुन क्षेत्रीहरूले यिनै दलितहरूको सहयोग लिएको पाइन्छ। आजभोलि केही दलितहरूले भारत तथा छिमेकी देश अनि नेपाली सेना र प्रहरीमा भर्ती भएर रोजीरोटी जुटाउने पनि गरेको देखिन्छ। जे जसरी आफ्नो जीवन गुजारे तापनि यिनीहरूले आफ्नो बोलचाल र अन्य कार्य गराइको अवस्थामा उखान-टुक्काहरू प्रयोग गर्ने गरेको पाइन्छ। यसरी प्रयोग हुनेमध्ये कुकुरको मुत झार्नु, नाठा खेलाउनु, नेपार्नु, यत्रो खानु, जति गरे पनि गेडा त बाहिरै, साहुको काम कहिले जाला घाम, तोरीको फूल देख्नु, ऋण काढ्नु, हातमुख जोर्नु, औताली पर्नु, सिल्टिमुर खानु, थुतुनो जोगाउनु, ओठमुख सुक्नु, धोती न टोपी हुनु, नुनको सोझो गर्नु, अनिकालमा बीउ जोगाउनु हुलमुलमा जीउ जोगाउनु, आइलाग्ने माथि जाई लाग्नु, पापले कसैलाई बाटो दिंदैन, सार्कीको देउता अछेताले मान्दैन, साँढेको जुधाइ बाच्छाको मिचाइ, अल्छी तिघ्रो स्वादे जिब्रो आदि उखानटुक्का रहेको पाइन्छ।

यसका साथै गोरखा नगरपालिकाभित्र कुमाल, बराम, दराई,योगी, गिरी, मुसलमान लगायतका अन्य जातिहरूको पनि न्यून बसोबास रहेको पाइन्छ। यिनीहरूमा केही चेतनाको स्तरमा कमी भएको हुँदा सामाजिक जीवनयापनमा केही कमजोर देखिन्छन् । कुमालहरू प्रायः माछा मार्ने र तरकारी खेती गर्ने काममा निपुर्ण देखिन्छन् । त्यस्तै आफ्ना घरमा यी जातिहरूले हाँस, कुखुरा, बङ्गुर, सुङ्गुर पाल्ने चलन पनि रहेको छ । यी समुदायका

मानिसले पनि प्रायः अरू जातजातिको अनुसरण गरी उखान-टुक्काको प्रयोग गर्ने गरेको पाइन्छ ।

## ४.२ गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काको सङ्कलन

गोरखा नेपालको एक प्रमुख जिल्ला हो । यसै जिल्लाको एकमात्र गोरखा नगरपालिका सांस्कृतिक, धार्मिक र ऐतिहासिक रूपबाट परिचित छ । बहुजाति र बहुभाषी मानिसहरूको बसोबास भएको यस क्षेत्रभित्र नेपाली भाषालाई नै माध्यम भाषा बनाएर बोल्ने यहाँका मानिसहरूले प्रयोग गर्ने भाषामा प्रशस्तै उखान-टुक्काहरू पाइन्छन् । जनजिब्रोमा मात्रै सीमित र छरिएर रहेका उखान-टुक्काहरू सङ्कलन गरिएको छ । यस क्षेत्रभित्रमा स्थलगत रूपमा उखान-टुक्काको सङ्कलनका क्रममा यस कार्यमा अन्य जिल्लामा प्रचलित उखान-टुक्काहरू पनि सङ्कलनमा पर्न गएका छन् । यस नगरपालिका क्षेत्रभित्रमा प्रचलित नेपाली भाषाका केही उखान-टुक्काहरूको सङ्कलन गरिएको छ ।

## ४.२.१ गोरखा नगरपालिकामा प्रचलित उखानको सङ्कलित सूची

गोरखा नगरपालिकामा प्रचलित केही उखानहरू सङ्कलन गरिएका छन् । तिनको वर्णानुक्रमिक सूची प्रस्तुत गरिएको छ -

**अ**

अकबरी सुनलाई कसी लाउन पर्दैन ।

अगुल्टो पनि नठोसी बल्दैन ।

अघिको तितो पछिको मिठो ।

अचानाको पीर खुकुरीले जान्दैन ।

अड्को पड्को तेलको धुप ।

अति भए खती हुन्छ ।

अरूको लाख आमाको काख ।

अर्काको नासो छोर्ई पासो ।

अर्ती र ओखती तितो हुन्छ ।

अल्छे तिघ्रो स्वादे जिब्रो ।

**आ**

आए आँप गए झटारो ।

आँटी छोरीलाई बाघले खादैन ।

आकाशमा थुक्यो आफ्नै मुखमा छिटा ।

आकाशको फल आँखा तरी मर ।

आगोले पोलेको घाउ आगोमा नै सेकाउनु ।

आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको ।

आफू भलो त जगत् भलो ।

आफू नमरी स्वर्ग देखिन्न ।

आफैं त महादेव उत्तानो पर कसले दिने वर ।

आफैं धामी आफैं बोक्सी ।

आयो दशैं बाजा बजाई गयो दशैं ढोल बजाई ।

आयो निदरी तेरो काल ।

आलु खाएर पेडाको धाक ।

**इ**

इन्द्रका अगाडि स्वर्गको बयान ।

इलमीको भागमा माछा र मासु अल्छीको आँखामा सधैं आँसु ।

**उ**

उत्ताउली गाईलाई बाघले खाई ।

उनिउँ फुल्दो न ढुङगो टुसाउला ।

उहेंली बिहेंली दिन गुमाई जुनेली रात बिस्कुन सुकाई ।

**ए**

एक कान दुई कान मैदान ।

एक थुकी सुकी हजार थुकी नदी ।

एक दिनको पाहुना मीठो-मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुना जतासुकै जा ।

एक पन्थ दुई काज ।

एक माघले जाडो जाँदैन ।

एक हातले ताली बज्दैन ।

एकोहोरो रोटी पाक्दैन ।

**ओ**

ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ ।

**औं**

औंला दिँदा डुँडुल्लो निल्ने ।

**क**

कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा ।

कसैलाई काखा कसैलाई पाखा ।

कहिले सासूको पालो कहिले बुहारीको पालो ।

कहीँ नभएको जात्रा हाँडी गाउँमा ।

काँ जालास् मछली मेरै ढडिया ।

कानो गोरुलाई औसी न पुर्ने ।

काम गर्ने कालु मकै खाने भालु ।

काम गर्नाको दुःखले जोगी भयो जोगी भएको भोलिपल्ट भोकै रह्यो ।

काम छँदा भाँडो सकिएपछि ठाँडो ।

किन चाउरिस् मरिच ? आफ्नै रागले ।

कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि ।

कुरो र कुलो जता लगेपनि जान्छ ।

के खोज्छस् कानो आँखो ।

केटाकेटी आए गुलेली खेलाए, मट्याङ्ग्राको सत्यनास ।

कौवालाई बेल पाक्यो हर्ष न विष्मात् ।

**ख**

खतीको बेला मति आउँदैन ।

खाई न पाई छाला टोपी लाई ।

खाएको विष पो लाग्छ, नखाएको विष लाग्दैन ।

खानु न पिउनु पुर्पुरोमा चिनु ।

खाने बेला घिन नमान्नु, सुत्ने बेला रिन नसम्झनु ।

खाने मुखलाई जुँगाले छेक्दैन ।

खान्न खान्न लोकाचार खान लाग्यो माना चार ।

खुकुरी भन्दा कर्द लाग्ने बाबु भन्दा छोरा जान्ने ।

खोला तऱ्यो लौरो बिर्स्यो ।

**ग**

गधालाई धोएर गाई बन्दैन ।

गाई भए गोरस भाइ भए भरोस ।

गाँठी न गुठी जर्जरी उठी ।

**घ**

घरको बाघ वनको स्याल ।

घर पोले खरानीको के दुःख ।

घाँटी हेरी हाड निल्नु ।

घुम्दै फिर्दै रुम्जाटार ।

घोकन्ती विद्या धावन्ती खेती, सेवन्ती राजा ।

घोडा चढ्ने लड्छ ।

**च**

चकचके गोरुका चार ठाउँमा डाम ।

चामल पैसा धामीलाई व्यथा जति हामीलाई ।

चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी ।

चोरका हजार दाउ ।

चोरलाई चौतारो साधुलाई शूली ।

चोरले चोरै देख्छ बोक्सीले बोक्सी ।

**छ**

छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी ।

छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।

छेपारालाई जाडो भयो भन्दैमा घाम लाग्दैन ।

छेरुवा गोरुलाई बेथेको साग ।

छोटाको छोटै बुद्धि ।

छोरा पाउनु कहाँ कहाँ कन्दनीको हतपत ।

छोरी पोसी ज्वाइँलाई, ज्वाइँलाई पोसी सौतालाई ।

छोरीलाई माइतीको कुकुर प्यारो ।

छोरी भन्छे माइती माइती भन्छन् किन आइथी ।

छोरी भन्दा नाति प्यारो साँवा भन्दा ब्याज प्यारो ।

**ज**

जता काफल पाके उतै चरी नाचे ।

जति उफ्रेनि भ्यागुतो कुवैमा ।

जति भाँडो उति चुबुर्को ।

जति सुँगुर मोटायो त्यति चाक साँघुरो ।

जन्त भन्दा अन्त जानु जाती ।

जबसम्म सास तबसम्म आस ।

जसका गाई उसका वन, जसका छोरा उसका धन ।

जसको शक्ति उसको भक्ति ।

जसले हान्यो उसले जान्यो ।

जसो-जसो बाहुन बाजे उसै-उसै स्वाहा ।

जहाँ गुलियो उही बाहुन भुलियो ।

जहाँ डल्ला त्यही मकै फल्ला ।

जात फाल्नु गहतको झोलमा ।

जिउँदो बाघको अधि नपर्ने मरेकाको जुँघा उखेल्ने ।

जे पर्छ त्यही टर्छ ।

जैसीका छोरी राँडी वैद्यको गलगाँड ।

जोगीका घरमा सन्न्यासी पाहुना ।

जो होचो उसका मुखमा घोचो ।

**झ**

झगडाको बीउ धेरै चाहिंदैन ।

झिकिदे गाँडभन्दा थपिदे गाँड ।

झिँगाको सरापले डिंगा मर्दैन ।

## ट

टाडाको साइनो देव्रे न दाइने ।

टुपीमाथि जिऊ छैन बाहुनमाथि जात छैन ।

टुहुराका साहारा दैव ।

टेक्नी हागा न समाउन डालो ।

## ठ

ठाउँ न ठहर बूढाको रहर ।

ठूलो रुखको ओत लागे एक झर पानी ओत्छ ।

ठेस नलागी होस आउँदैन ।

## ड

डढेको मुखलाई खुदा हालेको सातु ।

डोको बोक्दै सुपारी टोक्दै ।

डोको न डालो ।

## ढ

ढङ्ग न ढाल ढिंडाको काल ।

ढाँटेको कुरा र फाटेको लुगा जति लुकाए पनि लुक्दैन ।

ढिलो होस् छोरै होस् ।

ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गा ।

ढुङ्गा खोज्दा देउता मिल्नु ।

## त

तँलाई खाने बाघले मलाई नि खान्छ ।

तक्दिराँ लेखेको कसैले मेटेर मेटिन्छ र ?

ताक परे तिवारी नत्र गोतामे ।

ताप्के तात्नु कहाँ कहाँ बिड तात्नुको हतार ।

तिघ्रा चल्दैन मझेरीमा फल्दैन ।

तीन वटा गोरु हल पक्का, दुइटी श्रीमती घर पक्का ।

तीन हाते मानिसको नौ हाते जुँगा ।

**थ**

थुकेको थुक कसैले चाट्दैन ।

थुतुनु र मुतुनु जोगाउनु ।

थोपा थोपा पानीले गाग्री भरिन्छ ।

**द**

दमाई कामीको बोली वर्षदिन टोली ।

दशा लागे दश थोक हुन्छ ।

दिउँ आफू नाङ्गो नदिऊँ इष्ट बाङ्गो ।

दिन खाएको जुँगा नआएको ।

दिनभरि बाहुन रातभरी डाउन ।

दिनभरि ऋषिमुनि राति सिसीमुनि ।

दुइटी श्रीमतीको पोइ कुना बसी रोई ।

दुःख  पाइस् मङ्गले आफ्नै ढङ्गले ।

दुःखमा नआत्तिनु सुखमा नमात्तिनु ।

दूधको दूध पानीको पानी ।

देख्नाको डाल खानको काल ।

देख्दा हिरो पढ्नमा जिरो ।

देख्नेका आँखा फुटे सुन्नेका सही ।

देश खाई शेष भएको ।

दौरा न सौराको खल्ती ।

**ध**

धनको मुखै कालो ।

धन भए भाँति-भाँती छोरा भए नाति-पनाति ।

धन हुनेको मन हुन्न मन हुनेको धन हुन्न ।

धाक भन्दा धक्कु ठूलो हिड्न लाग्यो खुट्टै लुलो ।

धेरै खाई मल थोरै खाई बल ।

धोबीको कुकुर घर न घाटको ।

ध्यान गर ज्ञान गर सबैकुरा पेटका लागी गर ।

## न

नकच्चरा पाहुनाको निस्ता निस्ता गाँस ।

नखाम् भने दिनभरीको सिकार खाम भने कान्छा बाउको अनुहार ।

नजाने गाउँको बाटै नसोध्नु ।

नजिकको तीर्थ हेला ।

नदिनी बज्यै वुधवार बार्छिन पोइला जानी बज्यै नक्कलै मात्र पार्छिन् ।

नदुखेको कपाल डोरी लगाएर किन दुखाउने ?

नपाउन्जेल कस्तो कस्तो पाएपछि सस्तो ।

नबिराउनु नडराउनु ।

नमच्चिने पिङको सय झड्का ।

नाम न जस खरानी घस ।

नाङ्लो ठटाएर हात्ती तर्साउने ।

नानीभन्दा आची ठूलो ।

नेवार बिग्रेको र फर्सी कुहेको थाहा हुन्न ।

नौ दिन नहेरे नौलो, बीस दिन नहेरे बिर्स्यो, तीस दिन नहेरे तर्स्यो ।

न्याय नपाए गोरखा जानु, विद्या हराए काशी जानु ।

नौलोपैलो नौ पूला घाँस, रहँदा बस्दा जगल्टाको नाश ।

## प

पछि आउने माझमा सुत्ने ।

पढ्नु गुन्नु कौनै काम हलो जोती खायो माम ।

पशुपतिको जात्रा सिद्राको व्यापार ।

पशु बिग्रन्छ एक रातमा मान्छे बिग्रन्छ एक बातमा ।

पाहुनालाई आइदिए भयो केटाकेटीलाई रोइदिए भयो ।

पाए अन्त नपाए ससेको जन्त ।

पाडो पाएपनि पाडी पाएपनि भतुवालाई बेउती ।

पाडो बाठो भए दुध खान्छ, काग बाठो भए गु खान्छ ।

पानी तताएर बाक्लो होस् न मूर्खलाई सम्झाएर आफ्नो होस् ।

पानी माथिको ओभानो ।

पुस फासफुस ।

पैसा न सैसा टिकी ट्याँसट्याँस ।

पोथी बासेको राम्रो हुँदैन ।

पोहोर मरिन् सासू अहिले आयो आँसु ।

**फ**

फर्सीको मुन्टा पकाउनेलाई भन्दा केलाउनेलाई टन्टा ।

फलामले फलाम काट्छ ।

फुकेको तमाखु, ढुकेको भात, बाटाँ हिंड्ने ठिटीको केको आस ।

फूलको बास्ना वरिपरि, मानिसको बास्ना डाँडापारि ।

फूल राम्रो हाँगैमा मानिस राम्रो कामैमा ।

**ब**

बत्ती मुनिको अँध्यारो ।

बनकी चरी वनमै रमाउँछ ।

बनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ ।

बनसाङ्लाले घर साङ्लालाई खेद्छ ।

बर्कता बुत्ता जोरी खोज्छस् लुत्ता ।

बर्मा गए कर्म सँगै नेपाल गए कपाल सँगै ।

बलियाबाङ्गा बाघलाई बूढाखाँडा माघलाई ।

बाँदरको हातमा नरिवल ।

बाँदरको पुच्छर लौरो न हतियार ।

बाउभन्दा छोरा जान्नी खुकुरी भन्दा कर्द लाग्ने ।

बाखीको पुच्छर काटेर बोकालाई सजिलो ।

बाघको छाला स्यालको रजाईं ।

बाघको मुख खाए नि रातै नखाए नि रातै ।

बाघ बूढो भए फट्याङ्ग्रा टिप्छ ।

बाह्र वर्षमा पोइ आयो म राँडीलाई ज्वरो आयो ।

बाहुनले च्याउ खाओस् न स्वाद पाओस् ।

बिग्रेको मान्छे भत्केको घर जे मन लाग्छ त्यही गर ।

बिहे गर्ने हतपतले केटी माग्न बिर्स्यो ।

बूढामरे भाषा सरे ।

बैगुनीलाई गुनले मार्नु ।

बोका बढेपछि आफैं मुखमा मुत्छ ।

बोल्यो कि पोल्यो ।

बोल्नीको पीठो बिक्छ नबोल्नीको चामल बिक्दैन ।

**भ**

भदौमा आँखा फुटेका गोरुले सधैं हरियो देख्छ ।

भन्न सजिलो गर्न गाह्रो ।

भाइ फुटे गँवार लुटे ।

भाग्य छ भन्दैमा डोकामा दूध अड्दैन ।

भाग्यमानीका भैंसी बर्सौटे अभागीका स्वास्नी बर्सौटे ।

भाग्यमानीको भूतै कमारो ।

भाङ्ग्राको टोपीलाई गुँहेलाको फूल ।

भालुको मन खनायो माथि ।

भित्ताको पनि कान हुन्छ ।

भित्र खोक्रो बाहिर बोक्रो ।

भीरबाट लडेको गाईलाई राम राम भन्न सकिन्छ, काँधै थाप्न सकिँदैन ।

भुक्ने कुकुरले टोक्दैन ।

**म**

म कुटे झैं गर्छु तँ रोए झैं गर ।

म गर्छु आग्राको कुरा सम्धी गर्छन् ग्राग्राको कुरा ।

मच्यो मच्यो आफै थच्यो ।

म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ।

मनको वह कसैलाई नकह ।

मरेका धोतीले जिउँदो नेपाली ठग्छ ।

मरेपछि डुमै राजा ।

मागी मागी छोराको विहे ।

माछा देखे दुलोमा हात सर्प देख्ने दुलो बाहिर हात ।

मान्छे खेद्नु अघि लागी पशु खेद्नु पछि लागी ।

मान्छे राम्रो गुनले तिहुन मीठो नूनले ।

मुख नबोल्नेको मुजी बोल्छ ।

मुखमा लाउने खुर्सानी छैन मुजीमा लाउने जाइफल ।

मुखमा राम-राम बगलीमा छुरा ।

मुतिसक्यो दैलो देख्यो ।

मेरो गोरुको बाह्रै टक्का ।

मौकामा हिरा फोर्नु बेकाममा कौडी नफोर्नु ।

**य**

यता फर्के रित्तो उता फर्के भित्तो ।

यतिका बेर कुरा गऱ्यो बूढी त जिउँदै ।

यो घरको नौरङ्गी चाला जसले सक्छ उसैले खाला ।

यसै रिन उसै रिन बूढी भैँसी किन ।

यौटा कानले सुन्नु अर्को कानले उडाउनु ।

यौटा थाप्लोमा दुइटा नाम्लो ।

यौटा दिक्क दुइटालाई ठिक्क तीनोटालाई तानातान चारोटालाई हानाहान ।

**र**

राँडीलाई लैजान्छु नभन्नु गरिबलाई दिन्छु नभन्नु ।

राजाको काम कहिले जाला घाम ।

रातभरी करायो दक्षिणा हरायो ।

रात रहे अग्राख पलाउँछ ।

रिन लागे नडराउनु दिन लागे डराउनु ।

रोटी चिल्ला मिठा कुरा खस्रा मीठा ।

**ल**

लगनको बेला हगनको आतुरी ।

लक्ष्मीले बास गरून् तरुनीले आश गरून् ।

लङ्कामा सुन छ कान मेरो बुच्चै ।

लङ्का जित्ने हनुमान जस पाउने ढेडु ।

लाटो देशमा गाँडो तन्नेरी ।

लाटीको म्वाइ खाइ के स्वाद के मज्जा ।

लुटको धन फूपुको श्राद्ध ।

लेखेको पाइन्छ देखेको पाइन्न ।

लोभले लाभ लाभले विलाप ।

लोभीको भाडो उभिन्डो ।

**व**

वरिपरिको तीतो माझको मीठो ।

वर्षदिनको खेती फट्याङ्ग्राले मेटी ।

वल्लो घरको नरे पल्लो घर सरे, पल्लो घरको भऱ्याङबाट डङ्ग्रङ्ग लडे ।

वल्लो दशैं न पल्लो तिहार ।

**श**

शीरमा टोपी छैन खुटामा खोल ।

शोक न सुर्ता भोक न भकारी ।

श्राद्ध गर्नु भन्दा सिधा पुऱ्याउन गाऱ्हो ।

**स**

सबै थोकको ओखती हुन्छ मूर्खको ओखती हुँदैन ।

सबैले बलेकै आगो ताप्छन् ।

सम्पत्तिमा सबै हाइ हाइ बिपतीको सबै बाइ बाइ ।

सङ्गत अनुसारको फल ।

सर्पको खुट्टा सर्पले देख्छ ।

सस्तो बेसा पेटका लागि ।

साँचो डग्दैन झुटो टिक्दैन ।

साँढेको जुधाइ बाच्छाको मिचाइ ।

सिङ र ढिङ हुनेको विश्वास हुँदैन ।

सुकाको दाउरालाई आनाको मासु ।

सेवा गरे मेवा पाइन्छ ।

सोझ्ो औंलाले घिउ आउँदैन ।

स्वाङ पार्ने भ्वाङमा पर्छ ।

**ह**

हगाई भन्दा पधाइ ठूलो ।

हगुवा कुखुरालाई बेथेको साग ,

हगे हग मुते काटिदिउँला ।

हग्नेलाई भन्दा देख्नेलाई लाज ।

हतपतको काम लतपत हुन्छ ।

हरूवा गोरुको छेरुवा दाउ ।

हाँडीमा कनिका छउन्जेल राँडीलाई निन्द्रा लाग्दैन ।

हाड नभएको जिब्रो लटपटिन्छ ।

हात्ती आयो हात्ती आयो फुस्सा ।

हात्तीको मुखमा जिरा ।

हिँड्ने गोरुको पुच्छर निमोठ्ने ।

हुने बिरुवाको चिल्लो पात ।

हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बिउ जोगाउनु ।

हेरेर मर्नुभन्दा छेरेर मर्नु जाती ।

ह्वास्स पानी फ्वास्स पिठो ओडाल्यो ढिंडो खायो हिँड्यो ।

## ४.२.२ गोरखा नगरपालिकामा प्रचलित तथा सङ्कलित टुक्काहरूको सूची

यहाँ गोरखा नगरपालिकामा रहेका केही टुक्काहरूको सङ्कलन गरिएको छ । तिनको सूची प्रस्तुत गरिएको छ-

**अ**

अँगालो मार्नु, अँजुली पार्नु, अँध्यारोमा ढुङ्गा हान्नु, अँध्यारो मुख लाउनु, अँकुरा लाउनु, अक्कल कट्नु, अकमक्क पर्नु, अक्करमा पार्नु,अघि सर्नु, अगुल्टाले हान्नु, अचानो हुनु, अड्कल काट्नु, अड्को थाप्नु, अत्याउनु, अन्त्य हुनु, अटसपटस हुनु, अन्माउनु, अपजस पाउनु, अपुताली बन्नु, अपहत्ते गर्नु, अप्ठ्यारो पार्नु, अरिङ्गाल

बन्नु, अरिङ्गाल खनिए झैं खनिनु । अल्झाउनु, अलच्छिनु लाउनु, अलच्छिनाइ, असत्ती बन्नु, असारमा खुट्टा पसार्नु, अस्ताउनु, अछेता लाईदिनु, अज्ञानी बन्नु ।

**आ**

आँखा फुट्नु, आफ्नो खाल्टो आफैं खन्नु, आँखा उघार्नु, आखाको नानी हुन्, आँखाको कसिङ्गर बन्नु, आँखा लाउनु, आँखा छल्नु, आँखामा छारो हाल्नु, आँखा जुधाउनु, आँखा तर्नु, आँखा फर्फराउनु, आँखामा नबिझाउनु, आँखा लाग्नु, आँ गर्दा अलङ्कार बुझ्नु, आच्छु-आच्छु पार्नु, आगो बन्नु, आगोमा घिउ हाल्नु, आड मार्नु, आनाकानी गर्नु, आन्द्रा भुँडी दुहुनु, आमा भन्न नपाउनु, आफ्नो मासु खानु, आरन लाउनु ।

**इ**

इनाम दिनु, इख लिनु, इन्तु न चिन्तु हुनु, इबी राख्नु, इल्लीबिल्ली पार्नु, इज्जत राख्नु, इसारा बुझ्नु ।

**उ**

उड्नु, उँधोमुन्टो लाउनु, उपरखुट्टी लाउनु, उत्पात मच्चाउनु, उमेर खानु, उल्टाउनु, उही ड्याङको मूला जस्तो, उतर्सिनु ।

**ऋ**

ऋणी हुनु, ऋण बोक्नु, ऋण काढ्नु, ऋणमा चुर्लुम्म डुब्नु ।

**ए**

एकगाँस पार्नु, एक-एक गर्नु, एकलकाँटे हुनु, ऐस-आराम गर्नु, ऐनामा आफूलाई हेर्नु ।

**ओ**

ओइलाउनु, ओकाल्नु, ओछ्यान पर्नु, ओठ कमाउनु, ओइरो लाग्नु, ओथारो बस्नु, ओरालो लाग्नु, ओत लाग्नु, ओठे जवाफ दिनु ।

**औ**

औंसा पर्नु, औंला गन्नु, औडाहा हुनु, औकात हेर्नु, औतारी बन्नु ।

**क**

कज्याउनु, कञ्चेट ताक्नु, कनकन गर्नु, कन्सिरीका रौं तान्नु, कचकच गर्नु, कङ्गाली लाग्नु, कक्टेल पार्नु, कन्नु, कटाक्ष पार्नु, कुनीकुथी गर्नु, कम्मर कस्नु, कर गर्नु, कसी

लाउनु, कपाल दुखाउनु, कपाल कन्याउनु, काकाकुल बन्नु, काख रित्तिनु, काग कराउनु, काखी च्याप्नु, कागको फूल चोर्नु, काँडा बिझ्नु, काँध थाप्नु, कान फुक्नु, कानमा तेल हाल्नु, कान ठाडा पार्नु, कान फुट्नु, कालो नीलो हुनु, कालको मुखमा पार्नु, कहाली लाग्नु, कात्रो बेर्नु ।

किताबको किरा बन्नु, किच्किच् गर्नु, किताब खानु, किनारा लाउनु, कुकुरको मुत झार्नु, कुरा चपाउनु, कुरो खानु, कुरो काट्नु, कुरो खोतल्नु, कुलेलाम ठोक्नु, कुमालेको चक्र, कुहिराको काग बन्नु, किचलो हाल्नु, कोचाकोच गर्नु, कोलाहल मच्चाउनु, कोहोलो हाल्नु, कोल्टे फेर्नु ।

**ख**

खइ लाग्नु, खक्रक्क पर्नु, खडरङ्ग पर्नु, खचाखच हुनु, खत्तम पार्नु, खरानी पार्नु, खरानी घस्नु, खल्लो लाग्नु, खसी पार्नु, खाग पार्नु, खार लाग्नु, खासखुस गर्नु, खानु न पिउनु, खिल्ली उडाउनु, खिसी गर्नु, खुट्टा पसार्नु, खुट्टा लाग्नु, खुन चुस्नु, खुत्रुक्कै पर्नु, खेताला लाग्नु, खेल खेल्नु, खेल देखाउनु, खेदो गर्नु, खेलो गर्नु, खाइरो लाग्नु, खोइरो खन्नु, खोट लाग्नु, खोटो कर्म, खोलो लाग्नु, खोलो खन्नु, खौलोमा पर्नु ।

**ग**

गति न मतिको, गम्कनु, गफ लाउनु, गर्व गर्नु, गल हाल्नु, गहकिलो, गच्छे अनुसार, गाँठो पर्नु, गाँठो भेट्टाउनु, गाँड लाग्नु, गालपारा हुनु, गाल पार्नु, गाल टार्नु, गिन्ती गर्नु, गीत गाउनु, गिदी खानु, गुपचुप हुनु, गुहुमुत खानु, गुहुमुतमा डुब्नु, गोता खानु, गोबरगणेश, गोठाला लाग्नु, गोरु बेचेको साइनो, गोरु ब्याउनु ।

**घ**

घत पर्नु, घमण्ड गर्नु, घर गर्नु, घरको न घाटको हुनु, घमासान पर्नु, घाउ कोट्याउनु, घाउमा नुन खुर्सानी हाल्नु, घान हाल्नु, घाटा पर्नु, घानमा पार्नु, घिटीघिटी पर्नु, घुर्की लाउनु, घुँडा टेकाउनु, घोक्रेठ्याक लगाउनु, घोच्नु, घोडा चढ्नु, घोसो मुन्टो लाउनु ।

**च**

चक्कर लगाउनु, चकलेट ख्वाउनु, चखाउनु, चम्चो बन्नु, चन्द्रमा दाहिने हुनु, चाक फाप्नु, चाख मार्नु, चाल पाउनु, चाल सुन्नु, चिच्याउनु, चिट्ठा पर्नु, चित्त दुखाउनु, चित्त बुझ्नु, चिप्लो कुरा गर्नु, चिल्लो लाउनु, चियोचर्चा गर्नु, चिसो पस्नु, चुइक्क

नगर्नु, चुक लाउनु, चुतिया बन्नु, चुप लाग्नु, चुर्लुम्म डुब्नु, चेत पाउनु, चेपुवामा पर्नु, चैते बाँदर, चोइटाउनु, चोट पर्नु, चोसो पसार्नु ।

**छ**

छक्क पर्नु, छक्क पार्नु, छक्याउनु, छलकपट गर्नु, छर्लङ्ग पर्नु, छाक टार्नु, छाँगाबाट खस्नु, छाती पिट्नु, छाती फुट्नु, छामछुम गर्नु, छाँया पर्नु, छिछि गर्नु, छिटा हाल्नु, छिनोफानो लाउनु, छिचोल्नु, छुस्स पस्नु, छेकारे काट्नु, छेकबार लाउनु, छेड हाल्नु, छोटो पार्नु, छोडपत्र गर्नु, छोडी हिँड्नु ।

**ज**

जगल्ट्याउनु, जग हाल्नु, जङ्ग चलाउनु, जप गर्नु, जमानी बस्नु, जयजयकार गर्नु, जरा उखेल्नु, जल छर्किनु, जल चढाउनु, जवाफ लाउनु, जाइ लाग्नु, जाँगर मर्नु, जाँगर चलाउनु, जागा बस्नु, जात फाल्नु, ज्यान फाल्नु, जाल रच्नु, जिब्रो थुत्नु, जीऊ लाग्नु, जिउँदै मर्नु, जुठो लोटाउनु, जुनी जानु, जुल्फी समात्नु, जुम्रा मारेर बस्नु, जेल हाल्नु जोइटिग्रो बन्नु, जोखाना हेर्नु, जोगी हुनु, जोडा मिलाउनु, जोडी फुटाउनु, जोरी खोज्नु, जोस देखाउनु ।

**झ**

झकाउनु, झञ्झट गर्नु, झनन्न रीस उठ्नु, झ्याई पार्नु, झ्याली पिट्नु, झसङ्ग पर्नु, झारा टार्नु, झारफुक गर्नु, झिंगा धपाउनु, झिंजो नभाँच्नु, झीरले घोच्नु, झोली थाप्नु, झोली तुम्मे भिर्नु ।

**ट**

टक्टक्याउनु, टङ्लङ्ग पानी, टन्टा गर्नु, टपरी सोर्नु, टाउको उठाउनु, टाउको खानु, टाउकोमा टेक्नु, टाट पल्टनु, टाठो बाठो हुनु, टाँसो लाउनु, टिको लगाइदिनु, टिठ लाग्नु, टिल पर्नु, टुप्पी काट्नु, टुपी तान्नु, टुप्पाबाट पलउनु, टुप्पामा पुग्नु, टुसा हाल्नु, टुनामुना लगाउनु, टेका लाउनु, टेक्ने समात्ने ठाउ नहुनु, टेरपुच्छर नलाउनु, टोकाहा, टोकाटोक गर्नु ।

**ठ**

ठक्कर खानु, ठगी गर्नु, ठट्टा गर्नु, ठहरै पार्नु, ठाडो पार्नु, ठाडो घाँटी लाउनु, ठुङ मार्नु, ठुस्स पर्नु, ठिङ्ग उभिनु, ठेलाठेल गर्नु, ठेला पर्नु, ठेस लाउनु, ठोकाठोक गर्नु ।

**ड**

डँडाल्नु भाँच्नु, डटेर सामना गर्नु, डँडेलो लाग्नु, डाँका मार्नु, डाँको छोड्नु, डाँडामाथिको घाम हुनु, डाँडो काट्नु, डाँहा गर्नु, डुलुवा, डिकुरो फुटाउनु, डोकामा हाल्नु, डोलाउनु ।

**ढ**

ढङ्ग नहुनु, ढाँड भाँच्नु, ढाडिनु, ढुकेर बस्नु, ढोग गर्नु ।

**त**

तगारो हाल्नु, तमासा देखाउनु, तमासा हेर्नु, तथानाम गर्नु, तल पर्नु, तह लगाउनु, ताक्नु, ताक पार्नु, तातो न छारो, तातो लाउनु, तानातान गर्नु, ताल पार्नु, ताली पिट्नु तालुमा आलु फल्नु, तिर्खा मार्नु, तिघ्रा काम्नु, तिलको गेडो राख्ने ठाउँ नहुनु, तीन छक पर्नु, तीनपाथी हसुर्नु, तीन हात माथि उफ्रनु, तीर हान्नु, तुरी गर्नु, तुहुनु, तेल बेसार लाउनु, तेल निकाल्नु, तोरीको फूल देख्नु, तौलेर बोल्नु ।

**थ**

थकाइ मार्नु, थप्पड लाउनु, थला पर्नु, थाङ्नामा सुताउनु, थोरै बस्नु, थिच्नु, थिलथिलो पार्नु, थुक निल्नु, थुकेर चाट्नु, थुतेर ल्याउनु, थुप्रो लाउनु, थै-थै पार्नु, थैलो भर्नु ।

**द**

दङ्ग पर्नु, दन्दनी दन्कनु, दबेर बस्नु, दल्नु, दलबल मिल्नु, दस लाग्नु, दहीचिउरे हुनु, दाउ हेर्नु, दाइँ गर्नु, दाग लाउनु, दान गर्नु, दायराभित्र बस्नु, दाह्रा किट्नु, दास बन्नु, दिक्क लाक्नु, दिन काट्नु, दिन ढल्नु, दिन सप्रनु, दिन मिल्नु, दियाली गर्नु, दुधको भारा लाउनु, दुधको भारा तिर्नु, दुनो सोझ्याउनु, दुलोभित्र पस्नु, दुरान फर्काउनु, देउता देखापर्नु, देश खाइ शेष हुनु, दैवले हर्नु, दैव लाग्नु, दैवको खेल, दैलो ढुक्नु, दोजिया हुनु, दोमन हुनु, दोष लाउनु, दोहोलो काढ्नु ।

**ध**

धक्कु लाउनु, धङधङाउनु, धज्जी उडाउनु, धम्की दिनु, धमिरा लाग्नु, धाइरहनु, धाक देखाउनु, धाप मार्नु, धान झाँटे झैं झाँट्नु, धारे हात लाउनु, धावा बोल्नु, धिक्कार्नु, धुप हाल्नु, धुरीबाट पाप कराउनु, धुरीबाट खस्नु, धुलोपिठो पार्नु, धोती न टोपी हुनु, धोती फुस्किनु ।

**न**

न्वाइ खानु, नपत्याउने खोलाले बगाउँछ, नसा नसामा रगत बग्नु, नसा पत्ता लाउनु, नाइँ-नास्ती गर्नु, नाक काट्नु, नाक देखाउनु, नाच देखाउनु, नातो लाउनु, नाम कमाउनु, नामनिशाना मेट्नु, नारा लाउनु, नाडी छाम्नु, नाश पार्नु, निकाशा गर्नु, निखारनिखुर पार्नु, निचारनिचुर पार्नु, नुनको सोझो गर्नु, निचार्नु, नेटो काट्नु, नेता बन्नु, नेपार्नु, नोकर बन्नु, नौटङ्की लाउनु, नौनी बन्नु ।

**प**

पक्का-पक्की गर्नु, पगरी गुथाउनु, पचाउनु, पट्यार लाग्नु, पलाएर आउनु, परान जानु, परालको आगो, पल्कनु, पसल थाप्नु, पसिना आउनु, पलेटी कस्नु, परलोक हुनु, पसारो पर्नु, पश्चिमबाट घाम उदाउनु, पाइलो सार्नु, पाखा लाग्नु, पाखुरा बजार्नु, पाता कस्नु, पानी पँधेरो बन्नु, पानी माथिको ओभानो बन्नु, पाप गर्नु, पासो थाप्नु, पिछा लाग्नु, पिर पर्नु, पिल-पिल गर्नु, पिसाब खानु, पिरोल्नु, पुकारा गर्नु, पूजा गर्नु, पुल बुन्नु, पुल्पुलाउनु, पेट काट्नु, पेटमा मुसा दगुर्नु, पैह्रो जानु, पैसाको खालो लाउनु, पोइला जानु, पोते खोसिनु, पोथी बास्नु, पोल खोल्नु, पोलापोल गर्नु ।

**फ**

फकाउनु, फट्याइँ गर्नु, फुसफसाउनु, फलामको चिउरा बन्नु, फसाउनु, फाल हाल्नु, फिक्री गर्नु, फिट हुनु, फिस लिनु, फुई लाउनु, फुत्त निस्कनु, फुस्स पर्नु, फेल हुनु, फोस्रो कुरा गर्नु ।

**ब**

बकबक गर्नु, बगली मार्नु, बङ्गारा फुस्काउनु, बटारबुटुर पार्नु, बात लाग्नु, बालुवामा पानी हाले जस्तै हुनु, बानी पर्नु, बास उठाउनु, बीउ मास्नु, बिचल्लीमा पर्नु, बिझाउनु, बिट मार्नु, बिताउनु, बिरालोले बाटो काट्नु, बिनामियोको दाइँ हुनु । न बिराउनु न डराउनु, बुर्कुसी मार्नु, बुइ चढ्नु, बुट्टा भर्नु, बेर गर्नु, बेली बिस्तार लाउनु, बेसार लाउनु, बोझ बोक्नु, बाझाबाझ गर्नु, बाँझो बस्नु, बेथा सर्नु, बौरिनु, बौलाउनु ।

**भ**

भक्कल गर्नु, भक्कानो फुट्नु, भङ्ग गर्नु, भतभती पोल्नु, भत्काउनु, भनाभन गर्नु, भरी पर्नु, भल बग्नु, भरी गाग्री देखिनु, भाका राख्नु, भाग्यले साथ दिनु नदिनु, भाँजो

हाल्नु, भाँडभैलो मच्चाउनु, भाउ घट्नु, भान पार्नु, भालुलाई पुराण सुनाउनु, भित्रभित्र गुम्सिनु, भुइँमा खुट्टा नहुनु, भुइँचालो जानु, भुँडी भर्नु, भूल गर्नु, भेउ पाउनु, भेस बदल्नु, भोटो फटाउनु, भँडार भर्नु, भन्डाफोर गर्नु ।

**म**

मक्ख पर्नु, मइ खानु, मगज खुस्कनु, मच्चिनु, मत्त हुनु, मन जित्नु, मन दुख्नु, मन मिल्नु, मनमा चिसो पस्नु, मनको  लड्डु घिउसित खानु, मरेको बाघको जुँगा उखेल्नु, माकुरी जालमा पर्नु, माछा मार्नु, माटोमा मिल्नु, माया पलाउनु, मास छर्नु, मुख मिलाउनु, मुख बाउनु, मुख छाड्नु, मुखमा झुन्डिनु, मुख ताक्नु, मुख थुन्नु, मुख बार्नु, मुख समात्नु, मुखबाट पानी आउनु, मुखामुख गर्नु, मुखभरिको जवाफ दिनु, मुटुमा गाँठो पर्नु,  मुढेबल निकाल्नु, मुल्याहा, मोसो दल्नु, मौका पार्नु, मानो छरेर मुरी फलाउनु ।

**य**

यत्रैसिती, यत्रो लाउनु, यत्रो खानु, यज्ञ गर्नु, यात्रा गर्नु ।

**र**

रगतको खोलो बग्नु, रगत चुस्नु, रटाउनु, रडाको मच्चाउनु, रनवन डुल्नु, रवाफ देखाउनु, रस पस्नु, रहर लाग्नु, रातो पिरो हुनु, राल काड्नु, रास लाउनु, रिसको पोको, रिसले चुर हुनु, रोल मिच्नु, रैथाने हुनु ।

**ल**

लखतरान पर्नु, लट्ठ पर्नु, लत बस्नु, लहै-लहैमा लाग्नु, लागी पर्नु, लाजले भुतुक्क हुनु, लाटोले केरा हेरे झैं हेर्नु, लात मार्नु, लामो हात गर्नु, लास पर्नु, लुकामारी खेल्नु, लुच्चो हुनु, लुरुक्क पर्नु, लुसुक्क पस्नु, लोप्पा ख्वाउनु ।

**व**

वाक्क लाग्नु, वाङ खानु, वाल्ल पर्नु, वास्ता गर्नु, वार कि पार हुनु ।

**श**

शक्तिको पूजा गर्नु, शरण पर्नु, शीर झुकाउनु, शीर ठाडो लाउनु, श्री गणेश गर्नु ।

**स**

सही थाप्नु, सकस पर्नु, सर्वस्व दिनु, स्वाहा पार्नु, सत्र पर्नु, साहुको डोको, सातोपुत्लो उड्नु, सातो लिनु, साथ दिनु, सास फेर्न गाह्रो हुनु, सिन्को नभाँच्नु, सिन्दुर पुछिनु,

सुइँकुच्चा ठोक्नु, सुइँको पाउनु, सुनमा सुगन्ध थपिनु, सुरसार गर्नु, सुली चढ्नु, सुसेली हाल्नु, सेखी झार्नु, सोच गर्नु, सोत्तर पर्नु, सिस्नो पानी लाउनु, सन्काहा, स्याल, सुपाडी दिनु, सीता टिप्नु, सिल्टिमुर खानु ।

**ह**

हत्ते गर्नु, हत्ते देखाउनु, हन्डर खानु, हरियो चोयाले बाँध्नु, हरेस खानु, हल्ली-खल्ली गर्नु, हलीले हसुरे झैं हसुर्नु, हाड छाला मात्रै बाँकी हुनु, हाँडी घोप्टे, हातपात गर्नु, हात चिलाउनु, हातमुख जोर्नु, हात झिक्नु, हात पसार्नु, हात हाल्नु, हावा खानु, हावा खुस्कनु, हार खानु, हान्ने राँगो झैं हुनु, हिङ नभए पनि हिङ बाँधेको टालो, हित गर्नु, हित्तचित्त मिल्नु, हिँड्ने गोरुको पुच्छर निमठ्नु, हिम्मत हार्नु, हीरा फोर्नु, हेक्का राख्नु, हेलचक्र्याइँ गर्नु, हैरान पार्नु, होस हराउनु, हृदय खोल्नु, हंसले ठाउँ छोड्नु ।

## ४.३ गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काको वर्गीकरण

उखान-टुक्काको एकै ठाउँमा राखेर वर्गीकरण गर्ने कार्य त्यति सजिलो छैन । जुनसुकै विषयको वर्गीकरण कुनै न कुनै निश्चित सिद्धान्तका आधारमा गर्नु वैज्ञानिक प्रक्रिया हो । कुनै पनि ठाउँ विशेषका आफ्नै प्रकारका विशेषताहरू हुन्छन् । कतिपय अवस्थामा ती विशेषताहरूलाई पनि आधार बनाउनुपर्ने हुन्छ । उखान-टुक्काको प्रयोग हरेक समाजको र स्थानको भाषिक व्यवहार अनुरूप हुन्छ । एक ठाउँमा प्रचलित उखान-टुक्काले अर्को ठाउँमा भिन्न र उल्टो अर्थ दिन पनि सक्छन् । उखानका विषयमा अध्ययन गर्ने विद्वान्हरूले दिएका वर्गीकरणका आधारलाई लिंदै यस शोधपत्रमा पनि उखान-टुक्काको वर्गीकरण गर्ने प्रयास गरिएको छ । उखान-टुक्काको प्रयोग भएन भने न त वक्ताको आशय खुल्छ न त भाषा नै पूर्ण हुन्छ । त्यसैले वक्ताले प्रयोग गर्ने भाषाको मूल अंशका रूपमा प्रयोग भएका उखान-टुक्कालाई वर्गीकरण गर्दा विभिन्न पक्षलाई समेटेर गर्न सकिन्छ । उखानलाई वर्गीकरण गर्ने क्रममा भारतीय विद्वान् कन्हैयालाल सहलले राजस्थानी उखान अध्ययनको क्रममा रूपात्मक र विषयात्मक गरी दुई रूपबाट वर्गीकरण गरेको पाइन्छ । तुक, छन्द र अलङ्कारलाई अध्ययनको आधार बनाएका छन् भने अर्का विद्वान् शशिशेखर तिवारीले भोजपुरी उखानको अध्ययन गर्ने क्रममा पनि रूपात्मक र विषयनिष्ठ गरी दुई रूपमा विभाजन गरेका छन् । उनले तुक छन्द र अलङ्कारका साथै भाषिक अध्ययनलाई

समेत समावेश गरेका छन् । भाषिक अध्ययनमा चाहिँ उखानमा पाइने पदक्रम, पदलोप, नामपद, संख्यापद आदिका आधारमा रहेको पाइन्छ ।[१]

उपरोक्त मान्यतालाई अध्ययन गर्दा रूपात्मक वर्गीकरण, शब्दशक्ति र संरचनाका दृष्टिले भएको देखिन्छ । रूपात्मक कोणबाट गरिने वर्गीकरणमा उखानको अर्थ सामर्थ्यलाई पर्गेल्नुका साथै छन्द, लय, रूप, अलङ्कार र भाषिक अध्ययनलाई विषयवस्तुका आधारमा गरिने वर्गीकरण चाहिँ धार्मिक, सांस्कृतिक, नैतिक, सामाजिक, कृषि आदि विषयवस्तुलाई नै वर्गीकरणको प्रमुख आधारको रूपमा लिइएको हुन्छ ।[२]

यसैगरी विभिन्न विद्वान्हरूले टुक्कालाई पनि भाषिक संरचनाका आधारमा र विषयवस्तुका आधारमा गरी दुई रूपबाट वर्गीकरण गरेको पाइन्छ । इन्द्रबहादुर भण्डारीले वाग्लुङ जिल्लामा प्रचलित टुक्काको अध्ययन गर्ने क्रममा पनि टुक्कालाई यिनै दुई रूपबाट वर्गीकरण गरेको पाइन्छ। उखान-टुक्काको वर्गीकरण समग्रमा हेर्दा विषयात्मक र रूपात्मक गरी दुई रूपबाट भएको पाइन्छ । गोरखा नगरपालिकाभित्र प्रचलित उखान-टुक्कालाई पनि यिनै दृष्टिकोणबाट वर्गीकरण गर्ने प्रयास गरिएको छ । संरचनात्मक आधारमा उखान-टुक्काको वर्गीकरण गर्नु यस शोधकार्यको उद्देश्य भएकोले यस खण्डमा (क) विषयात्मक रूपबाट वा विषयको आधारमा वर्गीकरण गरिनेछ भने अर्को (ख) खण्डमा संरचनात्मक आधारमा विस्तृत विश्लेषण गरिनेछ ।

### ४.३.१ विषयात्मक वर्गीकरण

गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्कालाई विषयवस्तुका आधारमा वर्गीकरण गर्दा त्यहाँको समाजमा प्रचलित विभिन्न परम्परा र चालचलनलाई आधार बनाउनुपर्ने हुन्छ । उखान-टुक्काले मूलभूत रूपमा कुनै विषयवस्तुलाई सङ्केत गरिरहेको हुन्छ । लोकजीवनका विविध पक्ष उखान-टुक्काका विषय बनेर आएका हुन्छन् । यिनै आधारमा गरिने वर्गीकरण विषयात्मक वर्गीकरण हो । यस आधारमा वर्गीकरण गर्ने क्रममा धेरै विद्वान्हरूले आ-आफ्नै सीमा निर्धारण गरेका छन् । त्यस्ता वर्गीकरणमध्ये तीनवटा तल उदृत गरिएका छन्-[३]

---

[१] कृष्णप्रसाद पराजुली, **नेपाली उखान-टुक्का र गाउँखाने कथा,** सातौं संशोधन, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६७, पृष्ठ २९ ।

[२] ऐजन ।

[३] कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा,** सातौं संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार, पृष्ठ ४१ ।

**(क) भारतीय लोक साहित्यका अध्येता कृष्णदेव अध्यायका अनुसार**

अ) स्थानसम्बन्धी आ) जाति सम्बन्धी

इ) कृषि तथा प्रकृति सम्बन्धी ई) पशुपक्षी सम्बन्धी

उ) प्रकीर्ण

**(ख) यसरी नै भारतीय विद्वान् कुन्दन लाल उप्रेतीका अनुसार**

अ) सामाजिक तथा नैतिक विषय

आ) ज्ञान, दर्शन तथा साहित्य सम्बन्धी

इ) शिक्षा तथा साहित्य सम्बन्धी

ई) कृषि तथा ऋतु सम्बन्धी

उ) स्थान सम्बन्धी

ऊ) लोक विश्वास सम्बन्धी

ए) जीवजन्तु तथा पशुसम्बन्धी

ऐ) प्रकीर्ण

**(ग) अङ्ग्रेजी विद्वान् जान क्रिश्चियनका अनुसार**

अ) मानिसका कमजोरी, त्रुटि तथा अवगुण सम्बन्धी

आ) सांसारिक ज्ञान विषयक

इ) सामाजिक र नैतिक विषय

ई) कृषि तथा ऋतु सम्बन्धी

उ) पशु तथा सामान्य जीवजन्तु सम्बन्धित

ऊ) जातिका विशेषतासँग सम्बन्धित

हरेक भाषा र भाषिकाका आ-आफ्नै भिन्न भिन्न स्वरूप र प्रवृत्तिहरू रहेका हुन्छन् । तिनैका आधारमा उखान-टुक्काको स्वरूप निर्माण भएको हुन्छ । सामाजिक लोकपरम्परा, रहनसहन, रीतिस्थिति, गतिविधि अनि लोकधारणाका अनुसार उखन टुक्काको निर्माण भई चलनचल्तीमा आएका हुन्छन् । कृष्णप्रसाद पराजुलीले उखान-टुक्कालाई आफ्नो **नेपाली उखान-टुक्का तथा गाउँखाने कथा** नामक ग्रन्थमा वर्गीकरण गरे अनुसार यहाँ यिनै मान्यतालाई आधार बनाएर गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काको वर्गीकरण गरिएको छ ।

उखान-टुक्कालाई तिनका रूप र प्रकृति हेरी निम्न लिखित प्रकारबाट वर्गीकरण गरी विवेचना गरिएको छ ।

१. नीति शिक्षा सम्बन्धी उखान-टुक्का

२. धर्म इतिहास र पुराणसँग सम्बन्धित

३. लोक विश्वाससँग सम्बन्धित

४. आर्थिक अवस्थासँग सम्बन्धित

५. पशुपक्षीसँग सम्बन्धित

६. विविध विषयसँग सम्बन्धित

७) कृषिसँग सम्बन्धित

## ४.३.२ नीति शिक्षा सम्बन्धी उखान-टुक्का

गोरखा नगरपालिका क्षेत्रमा प्रचलित नेपाली उखान-टुक्काले नीति शिक्षाका माध्यमबाट समाज सुधार गर्न उत्प्रेरित गरेको देखिन्छ । मान्छेलाई अर्ती उपदेश दिएर नैतिक चेतनामा परिवर्तन ल्याउने विषयसँग सम्बन्धित रहेका उखान-टुक्काहरू प्रशस्तै पाइन्छन् । यस सन्दर्भमा आउने उखान-टुक्काहरू यस प्रकार छन् :

अघि सर्नु ।

अनिकालमा बिउ जोगाउनु, हुलमुलमा जिउ जोगाउनु ।

आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको ।

इज्जत राख्नु ।

कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

जग हाल्नु ।

थुतुनु र मुतुनु जोगाउनु ।

दुधको भारा तिर्नु ।

नाम कमाउनु ।

नुनको सोझो गर्नु ।

बैगुनीलाई गुनले मार्नुपर्छ ।

मुख सम्हाल्नु ।

सुखमा नमात्तिनु दुखमा नआत्तिनु ।

साथ दिनु आदि ।

### ४.३.३ धर्म संस्कृति, इतिहास र पुराण सम्बन्धी उखान-टुक्का

धर्म संस्कृति, इतिहास र पुराणसँग जीवनको धनिष्ठ सम्बन्ध हुन्छ । यस गोरखा नगरपालिका क्षेत्रमा प्रचलित उखान-टुक्कामा पनि यस्ता मान्यता झल्काउने कुरा प्रशस्त आएको पाइन्छ । यहाँ प्रचलित यस्ता उखान-टुक्काहरू यसप्रकार रहेका छन्-

आइलाग्नेमाथि जाइलाग्नु पर्छ ।

टीको लाइदिनु ।

धुप हाल्नु ।

न्याय हराएर गोर्खा जानु शास्त्र हाराए काशी जानु ।

नजिकको तीर्थ हेला ।

पञ्चमीका पाइला गन्नु ।

पापले कसैलाई बाटो दिंदैन ।

पुर्खाको पुण्यपाप सन्तानको फलिफाप ।

पुराण सुनाउनु ।

पूजा लाउनु ।

बाह्र वर्ष रामयण पढ्यो सीता कसकी जोई ।

बूढा मरे भाषा सरे ।

महाभारत मच्चाउनु ।

मारे पाप पाले पुण्य ।

रातभरि करायो दक्षिणा हरायो ।

रामराज्य हुनु आदि ।

श्राद्ध गर्नुभन्दा सिधा पुऱ्याउन गाह्रो ।

सिन्दुर पुछिनु ।

सतीको सराप पर्नु ।

### ४.३.४ लोकविश्वाससँग सम्बन्धित

गोरखा नगरपालिकाको समाजमा लोकविश्वासले अझै पनि स्थान ओगटेको छ । लोकले भोगेका अनुभव गरेका कुराहरू प्रशस्त मात्रामा उखान-टुक्कामा उनिएका छन् । आजको भौतिकवादी वैज्ञानिक युगमा आइसक्दा पनि यहाँको समाज उही पुरानै

अन्धविश्वास र परम्परामा अल्झिएको देखिन्छ । रूढिवादी धारणा, धार्मिक प्रवृत्ति र अन्धविश्वासका कुरा अझै प्रशस्त छरिएर रहेका छन् । यस्ता उखान-टुक्काहरू यसप्रकार रहेका छन् :

अलच्छिन लाग्नु ।

आँखा फर्फराउनु ।

आफैं धामी आफैं बोक्सी ।

घाँटी खसखसाउनु ।

चोरले चोरै देख्छ बोक्सीले बोक्सी ।

बिरालोले बाटो काट्नु ।

भाग्यमानीको भुतै कमारो ।

भाग्यमा भए तालुमा आलु फल्छ ।

सार्कीको देउता अछेताले मान्दैन ।

हुने हार दैव नटार ।

हात चिलाउनु आदि ।

## ४.३.५ आर्थिक अवस्थासँग सम्बन्धित उखान-टुक्का

कतिपय उखान-टुक्काले आर्थिक अवस्थालाई प्रस्ट पारेका हुन्छन् । यहाँ मानिसका आर्थिक अवस्था र त्यसका समस्यालाई केही रूपमा उखान-टुक्काले पनि बताउँछन् । यस्तै कैयौं उखान-टुक्का मानिसले भोग्नुपरेका  दिनप्रतिदिनका समस्या र बाध्यता पोखिएका हुन्छन् । आर्थिक विषमताले पिल्सिएको जनजीवनमा गरिब किसानका मार्मिक उद्‌गार उखान-टुक्काबाट पनि व्यक्त भएका हुन्छन् । यस किसिमका उखानटुक्काहरू यी रहेका छन्-

आसामी बन्नु ।

आयो दशैं रमाई रमाई गयो दशैं रिन बोकाई ।

ओइरो लाग्नु ।

ऋणमा डुब्नु ।

कसैलाई खातै खात कसैलाई पुर्पुरोमा हात ।

काम गर्नका दुखले जोगी भयो जोगी भएको भोलिपल्ट भोकै रह्यो ।

काम छैन काज छैन खानेबेला लाज छैन ।

कुन् ता खेती फट्याङ्ग्रालाई मेटी ।

खरानी घस्नु ।

गरिखानु न मरिजानु ।

छाक टार्नु ।

टेक्नी हाँगो न समाउनी डालो ।

तालुमा आलु फल्नु ।

धोती न टोपी हुनु ।

नखाउँ दिनभरिको सिकार खाउँ कान्छा बाउको अनुहार ।

मुग्लान पस्नु ।

यसै रिन उसै रिन बूढी भैंसी किन ।

लङ्कामा सुन छ कान मेरो बुच्चै ।

लुगा न फाटो दुगुर्छ लाटो आदि ।

स्वाहा पार्नु ।

साहुको डोको ।

हाँडीमा कनिका रहुन्जेल राँडीलाई निद्रा लाग्दैन ।

हातमुख जोर्नु आदि ।

## ४.३.६ पशुपक्षी कृषि र वनस्पति सम्बन्धी उखान-टुक्का

पशुपक्षी र वनस्पतिहरूको उदाहरण दिएर उक्तिमा चमत्कार ल्याउने उखान-टुक्काहरू प्रशस्तै पाइन्छन् । गोरखा नगरपालिका क्षेत्रका मानिसहरूका पेसा कृषि पनि भएकोले कृषि व्यवसायसँग उखान-टुक्काहरू पनि जोडिएका हुन्छन् । पशुपालन पनि कृषिसँग सम्बन्धित क्षेत्र हो । कृषकहरूले खेतीपातीको साथसाथै वस्तुभाउ पाल्ने काम पनि गर्ने गरेको कुरा यी उखान-टुक्काले बताउँछन् । यसका साथै अन्य किराफट्याङ्गा र पशुपक्षीसँग सम्बन्धित उखान-टुक्काहरू पनि प्रशस्तै पाइन्छन् । यहाँ यस किसिमका उखानटुक्काहरू यसरी दिइएका छन्-

अरिङ्गालको गोलामा ढुङ्गा हान्नु ।

उत्ताउली गाई बाघले खाई ।

कागको फूल चोर्नु ।

कुहिराको काग हुनु ।

कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा राखेपनि बाङ्गै ।

खसी पर्नु ।

घोडा चढ्नु ।

चैते बाँदर ।

तोरीको फूल देख्नु ।

पाडो लाटो भए दुध खान्छ कौवा बाठो भए आची खान्छ ।

फर्सीको मुन्टा खानभन्दा केलाउन टन्टा ।

बारीमा तोरी घरमा छोरी ।

बोकाले दाइँ गर्ने भए गोरु किन चाहिन्थ्यो ।

भैंसीलाई सिङको भारी हुँदैन ।

मानो खाएर मुरी उब्जाउने बेला ।

साँढेको जुधाइ बाच्छाको मिचाइ ।

सिस्नो पानी लाउनु ।

हिँड्ने गोरुको पुच्छर निमोठ्नु ।

हात्तीको मुखमा जीरा आदि ।

## ४.३.७ विविध विषयसँग सम्बन्धी उखान-टुक्का

गोरखा नगरपालिकाभित्र प्रचलित उखान-टुक्काको मूल वर्गीकरण गरेर पनि कहींकतै अन्तरकुन्तरका क्रियाकलापसँग सम्बन्धित उखान-टुक्काहरू बाँकी रहने हुँदा यहाँ विविध विषयसँग सम्बन्धित उखान-टुक्का भनेर दिइएको छ । यस्ता उखानमा व्यङ्गयात्मकता, हास्यपरकता, मनोवैज्ञानिकता, प्रकृति र स्थानविशेष सम्बन्धी उखान-टुक्काहरू रहेका छन् । यस सम्बन्धी उखान-टुक्काहरू यसप्रकार रहेका छन्-

अल्छी तिघ्रो स्वादे जिब्रो ।

आफैं त महादेव उत्तानो पर कसले दिने वर ।

आन्द्रा भुँडी दुहुनु ।

ओठमुख सुक्नु ।

खोला तऱ्यो लौरो बिर्स्यो ।

चित्त बुझ्नु ।

जाने डोटी खाने रोटी फर्की आउँदा धोती न टोपी ।

धाकभन्दा धक्कु ठूलो हिँड्न लाग्यो खुट्टा लुलो ।

नानीभन्दा आची ठूलो ।

नेपार्नु ।

बुङ्कोटमा बस्तु नदिनु कट्टेलडाँडामा छोरी नदिनु ।

भुत्रो खानु ।

यत्रो खानु ।

राजाको काम कहिले जाला घाम ।

लाटो लड्छ एक बल्ड्याङ बाठो लड्छ तीन बल्ड्याङ ।

लोग्ने स्वास्नीको झगडा परालको आगो ।

बर्मा गए कर्म सँगै नेपाल गए कपाल सँगै ।

सुइँको पाउनु ।

हेरेर भन्दा छेरेर मर्नु जाती आदि ।

## ४.४ विषयवस्तुका आधारमा गोरखा नगरपालिकाभित्र प्रचलित उखान-टुक्काको विश्लेषण

गोरखा जिल्ला गोरखा नगरपालिकामा प्रचलित विभिन्न उखान-टुक्काहरूले समाजको राम्रा पक्षलाई मात्र समेटेका छैनन् नराम्रा पक्षलाई पनि समेटेका छन् । यी विभिन्न पक्षलाई केलाउँदै यहाँका उखान-टुक्कालाई तलका आधारमा विश्लेषण गरेर हेर्न सकिन्छ -

क) रुढिवाद र अन्धविश्वास

ख) अश्लीलता

ग) सादृश्यता

घ) गालीगलौज

### ४.४.१ रुढिवाद र अन्धविश्वास

नेपाली लोकसमाज लोकविश्वास र मान्यतामा अडेको हुन्छ । यसै सन्दर्भमा गोरखा नगरपालिकाभित्रको समाज पनि लोकविश्वासमा अडेको छ । लोक विश्वासमा आधारित

कतिपय कुराहरू र सन्दर्भहरू रूढिवादी मूल्यमान्यता र अन्धविश्वासमा आधारित हुन्छन् । यस्ता कुराहरूले सामाजिक अवस्था र समाजलाई अग्रगतिमा जान अवरोध गरेका हुन्छन् भने मानिसहरूले अनावश्यक रूपमा दुःख-कष्ट भोग्नुपरेको हुन्छ । गोरखा नगरपालिका क्षेत्रमा प्रचलित कतिपय यस्ता उखान-टुक्काहरू छन्, जुन रूढिवादी परम्परा र अन्धविश्वासमा आधारित छन् । जस्तो कौवा कराउनु, किरिया खानु, बिरालोले बाटो काट्नु, धारेहात लाउनु, बेथा सर्नु, सिल्टिमुर खानु, मुटुमा किला ठोक्नु, खुकुरीभन्दा कर्द लाग्ने बाबुभन्दा छोरा जान्ने, पोथी बासेको राम्रो हुँदैन, मुख छँदा-छँदै नाकले पानी नखानु, भाग्य छ भन्दैमा डोकामा दुध अड्दैन, भाग्यमानीको भुतै कमारो, नदिने बज्यै बुधबार बार्छिन, पोइला जाने बज्यै नक्कलै पार्छिन् । यस्ता कतिपय गोरखकाली उखान-टुक्काहरू रूढिवादी अन्धविश्वासमा आधारित भएको पाउन सकिन्छ । यसले लोकसमाजको परम्परागत रूढिवादी र अन्धविश्वासलाई प्रतिनिधित्व गर्दै समाजलाई, दुःख र कष्टमा पार्न बाध्य बनाएको पाउन सकिन्छ ।

### ४.४.२ अश्लीलता

यस नगरपालिकाभित्र प्रचलित उखान-टुक्काहरूमा प्रशस्तै अश्लीलता पनि पाइन्छ । जुन कुराहरूलाई लोकसमाजले स्वीकार गर्न सक्दैन अर्थात खुला रूपमा व्यक्त र ग्रहण गर्न सक्दैन । त्यस्ता कुराहरू पनि वाक्यमा उखान-टुक्काहरू आएर प्रयोग भएको पाइन्छ । जस्तै : कुकुरको मुत झार्नु, थारै बस्नु, नाठा खेलाउनु, चाक थाप्नु, वेश्ये बन्नु, मुजी खानु, मुजी सिउनु, नेपर्नु, भुत्रो लाउनु, यत्रो खानु, चाक थाप्नु, काम नपाएकी बुहारी पाडाको नाइटो कन्याई, जति सुँगुर मोटायो उति चाक साँघुरो, जति गरेपनि गेडा त बाहिरै, सिङ र डिङ भएकाको भर हुँदैन, गाँठी न गुठी जर्जर उठी आदि ।

यस्ता कतिपय अनेकौं उखान-टुक्काहरू प्रचलित भएको पाउन सकिन्छ । जसले सामाजिक मान मर्यादालाई भत्काउँदै समाजलाई विकृति र विसङ्गतितिर धकेल्न खोजेको पाउन सकिन्छ ।

### ४.४.३ सादृश्यता

कुनै पनि एक वस्तुलाई अको वस्तुसँग तुलना गरेर प्रयोग भएका उखान-टुक्काहरू पनि धेरै पाइन्छन् । कुनै खास वस्तुको क्रियासँग मानवको क्रियाकलापलाई तुलना गरेर

लक्ष्यार्थ र व्यङ्ग्यार्थका रूपमा प्रयोग भएका उखान-टुक्काहरू प्रशस्तै पाइन्छन् । जस्तै : जुन काठको बोक्रा हो त्यही काठमा लाउनु । गरालो तेर्सिए झैं तेर्सिनु, धान चुटे झैं चुट्नु, हलीले हसुरे झैं हसुर्नु, तोरीको फूल देख्नु, आफैं त महादेव उत्तानो पर, कसले दिने वर, छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी, जो कालो उही भगवान्को सालो, जस्तालाई तस्तै ढिंडोलाई निस्तै, झिँगाको सरापले डिँगा मर्दैन, गुन्द्रुक पकाउन पर्दैन साली फकाउन पर्दैन आदि ।

यस्ता उखान-टुक्काहरूले अर्को वस्तुसँग सम्बन्धित वस्तुलाई तुलना गरेर वाक्यलाई मिठासपूर्ण र अर्थयुक्त बनाएको पाइन्छ ।

### ४.४.४ गालीगलौज

यहाँ प्रचलित टुक्काहरू उखानको तुलनामा केही गालीगलौजमा आधारित छन् । मानिसहरू झगडा गर्दा, अर्कालाई गाली गर्दा र मन नपर्दा प्रयोग गर्ने उखान-टुक्काहरूले गालीगलौज प्रथालाई देखाएको आभास भएको छ । जस्तै : आँखा फुट्नु, नरुचाउनु, औताली पर्नु, टोकाहा, हरिया चोयाले कस्नु, हलीले हसुरे झैं हसुर्नु, ढोका लाउनु, मुखमा राम राम बगलीमा छुरा, झिँगाको सरापले डिँगा मर्दैन, दिन खाएको जुँघा नआएको । यस्ता उखान-टुक्काले समाजमा प्रचलित गालीगलौज प्रथाको प्रतिनिधित्व गरेको पाइन्छ । मानिसहरूले एक अर्कामा झगडा गर्दा यस्ता अन्य कैयौं उखान-टुक्काहरू प्रयोग गरेका हुन्छन् ।

## ४.५ गोरखा नगरपालिकाभित्र प्रचलित केही उखान-टुक्काहरूको वाक्यमा प्रयोग

उखान-टुक्का वाक्यमा आउने पद र पदावली हुन् । यिनीहरू प्रायः एक्लै प्रयोग हुदैनन् र एक्लै उखान-टुक्काले वक्ताको आशयलाई पूर्ण रूपमा प्रस्तुत गर्न सक्दैनन् । अर्थात् वाक्यमा प्रयोग नभएसम्म यिनीहरूले विशेषतः टुक्काले दिन खोजेको अर्थ व्यक्त गर्न/खुल्न सक्दैन । त्यसैले सङकलित केही उखान-टुक्कालाई वाक्यमा प्रयोग गरेर देखाइएको छ ।

### ४.५.१ टुक्काहरूको वाक्यमा प्रयोग

यहाँ प्रचलित केही टुक्काहरूको प्रयोग वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ-

**अँध्यारोमा ढुङ्गा हान्नु :**

कहिलेकाहीँ त *अँध्यारोमा ढुङ्गा हान्दा* पनि सही ठाउँमा लाग्दो रहेछ ।

**इल्ली र बिल्ली गर्नु :**

कमजोर मान्छेलाई *इल्ली र बिल्ली पार्नु* हुँदैन ।

**ओइरो लाग्नु :**

भाग्य मानीलाई त चारैतिरबाट *ओइरो लाग्छ,* तर गरिबलाई जति हड्डी घोटे पनि केही हुँदैन ।

**औकात हेर्नु :**

ऋण दिनुभन्दा पैले मान्छेको *औकात हेर्नुपर्छ*।

**खरानी घस्नु :**

सम्पत्ति सकिएपछि त *खरानी घस्नु* बाहेक अरू के नै बाँकी रहन्छ ?

**खोइरो खन्नु :**

गरिबको जातिबिप्ती *खोइरो खन्न* त हुन्न नि, आँसुले सराप्छ ।

**घर न घाटको :**

आशा देखाएर अर्कालाई *घर न घाटको* बनाउनु हुँदैन ।

**चिसो पस्नु :**

झूटो कुरा गर्दा दुनियाँको मनमा *चिसो पस्न* सक्छ ।

**छाती पिट्नु :**

पिर पऱ्यो भन्दैमा *छाती पिटेर* के हुन्छ र ?

**जुको ढाडिए झैं ढाडिनु :**

आजका फटाहाहरू गरिबको पसिना चुसेर *जुको ढाडिए झै ढाडिएका* छन् ।

**झिंजो नभाँच्नु :**

घरको एउटा पनि *झिँजो नभाच्नेलाई* भात होइन, आँटो कोचाउनु पर्छ ।

**टाउको खानु :**

अनावश्यक कुरा गरेर अर्काको *टाउको खानु* राम्रो होइन ।

**ठाडो शीर नहुनु :**

त्यसरी नराम्रो काम गरेपछि पोल खुल्यो अहिले *ठाडो शीर* हुन गाह्रो पर्छ ।

**डाँडो काट्नु :**

चोरहरू चोरेर *डाँडा काटे*पछि अब पुलिसहरू आएर के काम भो र ?

**ढाँड भाच्नु :**

म जस्तो गरिबको *ढाड भाँच्ने* हो भने त मैले कसरी शीर उठाउन सक्छु र ?

**तगारो हाल्नु :**

राम्रो काम गर्न खोज्नेलाई *तगारो हालेर* खुट्टा तान्न खोज्नु हुन्न ।

**थला पर्नु :**

बिरामी भएर *थला परेकाले* काम गर्न सकिएन ।

**दुधको भारा तिर्न :**

छोरो भएर जन्मेपछि *दुधको भारा तिर्न* सक्नुपर्छ ।

**धोती न टोपी हुनु :**

जुवा र तासले गर्दा कतिपय मान्छे *धोती न टोपी* भएका छन् ।

**नुनको सोझो गर्नु :**

नुन खाएपछि *नुनको सोझो* त गर्नैपर्छ ।

**पोथी बास्नु :**

घरमा *पोथी बास्न* थालेपछि लोग्ने मान्छेको के काम भयो र ?

**फत्ते गर्नु :**

छोरो भएपछि जुन काम पनि *फत्ते गरेर* देखाउन सक्नुपर्छ ।

**बाटो हेर्नु :**

मैले आज दिनभरि साथीको *बाटो हेरेर* बसेँ तर साथी आएन ।

**भक्कानो फुट्नु :**

पुरानो साथीसँग भेट हुँदा *भक्कानो फुटेर* आइहाल्यो ।

**रगत चुस्नु :**

गरिबको *रगत चुसेर* सम्पति जोर्नु त साह्रै ठूलो अपराध हो ।

**लामो हात गर्नु :**

अर्काको सम्पत्तिमा *लामो हात गर्नु* राम्रो होइन ।

**सिन्को नभाँच्नु :**

घरको एउटा *पनि सिन्को नभाँच्ने*लाई भात होइन आँटो कोचाउनु पर्छ ।

**हलीले हसुरे झै हसुर्नु :**

काम छैन काज छैन खाने बेलामा *हलीले हसुरे झैं हसुर्दा* पनि लाज छैन ।

**हृदय खोल्नु :**

आफ्नै मान्छेसँग *हृदय नखोले* कोसँग खोल्ने त ?

## ४.५.२ उखानहरूको वाक्यमा प्रयोग

यहाँ केही उखानहरूको भावार्थसहित वर्णानुक्रमका आधारमा वाक्यमा प्रयोग गरिएको छ -

**अघिको तीतो पछिको मीठो :**

भावार्थ : सुरुमा नराम्रो भएपनि पछि राम्रो हुनु ।

तपाईलाई म कुरा अहिल्यै बताइदिन्छु पछि किन नराम्रो गर्नु ? *अघिको तीतो पछिका मीठो* भने झैं ।

**आकाशमा थुके आफ्नै मुखमा छिटा :**

भावार्थ : केही गर्दा आफैँमाथि अप्ठ्यारो पर्नु ।

तिमी आफ्नो साहुसित किन बाझेको ? *आकाशमा थुके आफ्नै मुखमा छिटा !* चुप लागेर बस्नुपर्छ नि कति सम्झाउनु तिमीलाई ।

**इलमीका भागमा माछा र मासु अल्छीका भागमा सधैं आँसु :**

भावार्थ : जाँगर हुनेले सुख पाउँछ, नहुनेले दुःख पाउँछ ।

*इलामीका भागमा माछा र मासु अल्छीका भागमा सधैं आँसु,* साँचो हो तर व्यवहारमा चाहिँ यसको उल्टो भइरहेको छ भन्ने कुरा समाजका व्यक्तिहरूले बुझ्नुपर्छ, अनि पो इलमको महत्त्व बढ्छ ।

**एक माघले जाडो जाँदैन :**

भावार्थ : दुख एकैचोटि सकिन्न ।

खानेकुरा जोगाउन जान्दैनन् र पछि खाली पऱ्यो भनेर फत्रक फत्रक पर्छन् । *एक माघले मात्र जोडी जादैन* भन्ने सुद्धि अघि नै राखे त यस्तो कहिल्यै हुने थिएन नि !

**कहीं नभएको जात्रा हाँडी गाउँमा :**

भावार्थ : कतै नभएको कार्य अनौठो रूपबाट हुनु ।

कहीं नभएको जात्रा हाडी गाउँमा भनेझैं घोडालाई पनि दर्ता गरेर नम्बर लगाईदिने रे ।

**किन चाउरिस् मरिच ? आफ्नै पीरले :**

भावार्थ : पीर गर्दा आफ्नै पीरले दुखी होइन्छ ।

पाप पखाल्न धर्म गर्ने धनी भन्दा पाप गर्न डराउने काथर बढ्ता बलियो हुने र जति सम्पत्ति खर्च गरेपनि पाप सिद्धिंदैन *किन चाउरिस् मरिच ? आफ्नै पीरले* धमिरो लागेको काठ बाहिर सद्धे भित्र थोत्रो हुन्छ ।

**खानु न पिउनु पुर्पुरोमा चिनु :**

भावार्थ : खानु न लिनुबिनाको दोष ।

रामले हरि र गोपालको झगडा छुट्टयाइदिन खोजेको थियो, उनीहरूको आमा आएर उल्टो रामलाई पो दोष लगाई गाली गर्न थालिन् । *खानु न पिउनु पुर्पुरोमा चिनु* भनेझैं हुँदा राम त छक्कै पऱ्यो ।

**छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी :**

भावार्थ : धन हुँदा सबै आफ्नो नहुँदा कोही न कोही ।

रामेको घरमा प्रशस्त धन सम्पत्ति हुँदा सबै झुम्मिन्थे अहिले सकिएपछि एउटा मुसो पनि आउँदैन । यस्तै त रहेछ नि *छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी* ।

**जात फाल्नु गहतको झोलमा :**

भावार्थ : साना कुरामा इज्जत फाल्नु ।

रामेकी आमा बाझ्दा गाउँ नै थर्काएर  बस्छिन् । एकदिन त म जस्ता लुरेसँग पनि बाझ्न पो आउँछिन् मैले *त जात फाल्नु गहतको झोलमा* भनिदिएँ अनि त चुपचाप फर्किन् ।

**टेक्ने हाँगो न समाउने डालो :**

भावार्थ : कहीं पनि आधार नभएको ।

साहिंलीका लोग्ने उहिल्यै खसिसकेका थिए कमाउन सक्ने भैसकेको छोरो पनि परदेश लाग्यो । बुढेसकालमा उनलाई *टेक्ने हाँगो न समाउने डालो* भएर बाँच्नुपरेको छ ।

**ढुङ्गो खोज्दा चौता मिल्नु :**

भावार्थ : चिताएकै कुरा पाउनु ।

म जरुरी कामले मामालाई बोलाउन जान लागेको थिएँ तर *ढुङ्गा खोज्दा देउता मिलेझैं* कताबाट हो मामा टुप्लुक्क आँगनमै आइपुग्नु भयो ।

**नआत्तिनु-नमात्तिनु :**

भावार्थ : उम्लनु हुँदैन ।

*नआत्तिनु नमात्तिनु* भनेझैं तिमी पनि धैर्य नछोडी अगाडि लम्क्यो भने लक्ष्यमा पुगिहाल्छौ नि किन झोक्ताउँछौ ?

**नौली दुलहीको नौ गाँस रहँदा बस्दा जगल्टाको नाश :**

भावार्थ : नयाँ चिजको हेरविचार बढी हुने र पुरानो भएपछि जथाभावी फाल्ने ।

नयाँ हुन्जेल त लुगालाई इस्त्री लगाई राखे फुकाल्दा पनि जतन गरेपछि *त नौली दुलही नौवटा गाँस रहँदा बस्दा जगल्टाको नाश* भनेझैं मुसाले भ्वाङ प्वाल नै पारेछ ।

**बाघ बूढो र स्याल तन्नेरी :**

भावार्थ : बूढाहरू युवकभन्दा बाठा र बलिया हुन्छन् ।

पोथी खरायो बाघ आएको देखेर सकेसम्म दौडी तर *बाघ बूढो र स्याल तन्नेरी* भनेझैं ठूलो जनावरको अगाडि सानोको के लाग्थ्यो ?

**हाड नभएको जिब्रो लटपटिन्छ :**

भावार्थ : कुरा बिराउन सकिन्छ ।

अनि के गर्नु त, आफ्नो होसहवासै रहँदैन, मुखमा के आउँछ के के बोलिन्छ के पत्ता ! दाँत थोता छन् *हाड नभएको जिब्रो लर्वरियो* होला ।

## ४.६ निष्कर्ष

गोरखा नगरपालिकाभित्र विभिन्न जातजातिका मानिसहरूले बसोबास गरेको पाइन्छ । यहाँका बासिन्दाले आ-आफ्नै रहनसहन र जीवनशैलीलाई शीरोधार्य गरेका छन् । जो जुनसुकै भाषा, समाज र जातिका मानिसहरू किन नहोउन्, सबैले बोलीमा मिठास थप्नको लागि र भाषालाई चोटिलो बनाउन उखानटुक्काको अत्यधिक प्रयोग गरेको पाइन्छ । गोरखा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विभिन्न पेसामा आबद्ध मानिसहरूले उखान टुक्कालाई आ-आफ्नै लवजबाट प्रयोग गरेका छन् । दलित समुदायले प्रयोगमा ल्याएका उखानटुक्कामा भने केही अश्लीलता झल्केको पाइन्छ । यस क्षेत्रका मानिसहरूबाट शोधखोज गरी सङ्कलन गरिएका उखानटुक्काको छुट्टाछुट्टै रूपमा यस परिच्छेदमा उल्लेख गरिएको छ । यसको साथै गोरखा नगरपालिकामा प्रचलित उखानटुक्कामा रूढिवादी अन्धविश्वास, सादृश्य र गालीगलौजले पनि महत्त्वपूर्ण स्थान लिएको देखिन्छ ।

# पाँचौं परिच्छेद

# उखान-टुक्काको संरचनात्मक विश्लेषण

## ५.१ उखानको संरचनात्मक विश्लेषण

उखान लोक प्रचलित भनाइ हो । यसका पनि विभन्न रूप रहेका हुन्छन् । कतिपय अवस्थामा टुक्कासँग यसको मेल रहेको हुन्छ । दुईभन्दा बढी टुक्काको मेलबाट पनि उखानको निर्माण भएको हुन्छ । उखानको संरचना भन्नाले आकार, प्रकार र त्यसको निर्माण प्रकृतिलाई सङ्केत गर्छ ।"[१] आकारका दृष्टिले उखानहरू एक वा दुई पदावलीदेखि लिएर अनुच्छेद सम्मका लामा देखिन्छन् । आकारगत रूपमा उखानको बनोट प्रक्रिया हेर्दा लघु आकार, मझौला र लामो स्वरूपका हुन्छन् । उखानको संरचना निश्चित संरचना सूत्रमा भएको देखिन्छ । यसमा एकल वर्णनात्मक र बहुवर्णनात्मक तत्त्व रहेका हुन्छन् ।[६]

## ५.२ एकल वर्णनात्मक

उखानहरूका संरचनात्मक पक्षमा एकल वर्णनात्मक प्रमुख हो । यस प्रकारका रूपबाट संरचित उखानमा एउटामात्र कथ्य विषय र सन्देश भएका सामान्यतया एउटै वाक्यमा कथिएका हुन्छन् । एकै वाक्यमा आएका लघुरूपमा देखिने उखानहरूले महत्त्वपूर्ण पक्षको अर्थबोध गराएका हुन्छन् । जस्तै :

अगस्तीको पेट कहिल्यै भरिन्न,
असफलता नै सफलताको चिह्न हो,
जङ्गल नै जङ्गल हो,
जबसम्म सास तबसम्म आस,
नमरी स्वर्ग देखिन्न,
भाग्यमानीको भुतै  कमारो,
सेवा नै धर्म हो आदि ।

---

[१] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ ४० ।

[२] शिवप्रसाद पौडेल, **लुम्बिनी क्षेत्रमा प्रचलित उखानको अध्ययन,** २०६१, पृष्ठ ६५ ।

## ५.३ बहुवर्णनात्मक

वहुवर्णनात्मक तत्त्व अन्तर्गतको संरचनामा उखानहरू कि तुलना कि व्यतिरेकी तत्त्वबाट संरचित भएको पाइन्छ । यिनीहरूले तुलना र व्यतिरेक दुवै देखाउँछन् तर विरोधी अभिलक्षण देखिँदैन । कुनैमा अन्तरविरोध हुन्छ । यस प्रकारबाट संरचित बनेका उखानहरूले पनि आफ्नो अर्थबोध गराएका हुन्छन् । कुनै लघु र कुनै मझौला रूपमा आउने यसप्रकारका उखानहरू यी रहेका छन् - जस्तै :

अड्क्यो, कि खान्छ आँटले कि खान्छ ढाँटले,

आमाभन्दा छोरी बोक्सी,

एक माघले जाडो जाँदैन,

गर या मर,

जति भाँडो उति चुबुर्को,

जन्त जानुभन्दा अन्त जानु वेश,

दुई स्वास्नी घर पक्का तीन स्वास्नी हल पक्का,

नानीभन्दा आची ठूलो,

बर्मा गए कर्म सँगै,

सर्पको खुट्टा सर्पले नै देख्छ,

हात्ती छिऱ्यो पुच्छर आदि ।

यसै गरी वाक्यतात्त्विक संरचना अनुसार नाम पदावली र क्रिया पदावलीको साथै उखान कर्ता, कर्म र क्रिया मिलेरे बनेको देखिन्छ । जस्तै वनसाङ्लाले घर साङ्लालाई खेद्छ । बैंसमा स्याल पनि घोर्ले हुन्छ । भुक्ने कुकुरले टोक्दैन, बाघ बूढो भएपनि घाँस खाँदैन आदि ।

क्रिया विशेषणबाट पनि उखान संरचित भएको पाइन्छ । जस्तै जहाँ राम त्यहाँ अयोध्या, जो चोर उसको ठूलो स्वर आदि । यसका साथै सकारात्मक र नकारात्मक वाक्य, इच्छार्थ, आज्ञार्थ आदि वाक्यका रूपमा पनि उखानहरू निर्मित भएका पाइन्छन् । कुनैमा कर्ता लोप पनि हुन्छन् । जस्तै खाइ न पाई छालाको टोपी लाई, आधा गाग्रो पानी छचल्किन्छ, पानी खानु मूलको केटी छान्नु कुलको, आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको, अभागी परोस् भाग्यमानी चेतोस् आदि ।

यी विभिन्न पक्षको सेरोफेरोमा उखानले आफ्नो स्वरूप ग्रहण गर्छ र अनुभूतिको पोखाइमा महत्त्वपूर्ण भूमिका खेल्छ । उखानको निर्माण शैलीमा पाइने गद्यात्मक र लयात्मक शब्द संयोजन आलङ्कारिक, चमत्कार र शिल्पगत मधुरता संरचना पक्षका मूल आधार हुन् ।[३] संक्षेपमा यहाँ गोरखा नगरपालिकाभित्र प्रचलित उखानहरूको संरचनात्मक विश्लेषण गरिन्छ ।

## ५.४ अनुप्रासमूलक

दुई वा दुई भन्दा बढी पाउमा संरचित, अभिव्यक्तिमा आभास र मिठास भएका पहिलो पदसँग दोस्रो तालमेल मिलेका उखानहरू यसअन्तर्गत पर्दछन् । गोरखा नगरपालिका क्षेत्रमा प्रचलित उखानहरू पनि प्रशस्तै अनुप्रासमूलक भेटिन्छन् । जस्तै :

अघि राँडले जानिन, पछि राँडले मानिन,

आमा तिरको न बाउ तिरको,

खान्न खान्न लोकाचार खान लाग्यो मानाचार,

जान्ने गम्कन्छ, नजान्ने चम्कन्छ,

नदिने बज्यै बुधवार बार्छिन, पोइला जानी बज्यै नक्कलै पार्छिन्,

पशु बिग्रन्छ एक बातमा मान्छे बिग्रन्छ एक बातमा,

बाघ लाग्यो घिच्याउन, राँडी लागी चिच्याउन,

बर्क न बुत्ता जोरी खोज्छस कुत्ता,

मान्छे हिरो पढ्नमा जिरो,

यी उखानहरूमा आएका शब्दहरू कुनैमा पूरै पद नै अनुप्रास मिलेका छन् भने कुनैमा अघिल्लो शब्दबाहेक पछिल्ला शब्दहरूका वर्णहरूमा अनुप्रास मिलेको पाइन्छ । संरचनात्मक रूपबाट हेर्दा आदि र अन्त्यको अनुप्रासीय स्वरूप स्वतः मिलेर आएको पाइन्छ । तुक र अनुप्रास मिलेका उखानहरू यसभित्र संरचित भएको पाइन्छ । उपर्युक्त उखानहरूका *तिरको-तिरको, जानिन-जानिन, घिच्याउन-चिच्याउन, हिरो-जिरो, गम्कन्छ-चम्कन्छ, लोकाचार-मानाचार* आदि अनुप्रासीय शब्दहरू हुन् ।

[३] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ २९-३० ।

## ५.५ आकारगत

उखानहरू सबै एकै रूपमा हुँदैनन् । यस अनुसार यिनीहरू तीन रूपमा संरचित भएका पाइन्छन् । उखानहरू एक वा दुई पदावलीदेखि लिएर अनुच्छेदसम्मका लामा देखिन्छन् । अनुप्रासीयता, प्रश्नमूलक, प्रश्नोत्तरमूलक वाक्यात्मक, कवितात्मक जस्ता विविधरूप देखिन्छन् ।[४] आकारगत रूपबाट उखानको संरचना प्रक्रियालाई विश्लेषण गर्दा लघु, मझौला र लामो स्वरूप गरी छुट्याउन सकिन्छ ।

### ५.५.१ लघु आकार

एक पदावलीमा संरचित अत्यन्त छोटो/लघु आकारको कथन भएका उखान नै लघु स्वरूपका उखान हुन् । यस्ता पदावलीमा संरचित केही उखानमा अनुप्रास मिलेको पनि पाइन्छ । तर पनि यस प्रकारका उखानका संरचनात्मक स्वरूप एक वा दुई पदमा रहेको पाइन्छ । संरचनात्मक रूपबाट यिनीहरू अत्यन्त लघु आकारबाट निर्मित भए तापनि यिनीहरूले मार्मिक र गहन अर्थबोध गराएका हुन्छन् । यस प्रकारबाट संरचित उखानहरू जस्तै नासो छोइ पासो, पुस फासफुस, व्यापार अपार, जङ्गलमा मङ्गल, नआत्तिनु-नमात्तिनु, लगनको बेला हगन, तित्राको  मुखै बैरी । यस्ता उखानहरू रूपमा छोटा हुन्छन् भने यिनीहरूले लामा कुनै घटना कथा र प्रसङ्गलाई समेटेका हुन्छन् । यस्ता प्रकारका उखानहरू प्रायः क्रियामुक्त हुन्छन् ।

### ५.५.२ मझौला रूप

लघुभन्दा लामा कम्तीमा दुई पदावली भएका उखानहरू मझौला स्वरूपका हुन् । यस किसिमका उखान यस नगरपालिका क्षेत्रमा अति बढी प्रयोग भएको पाइन्छ । यस प्रकारका उखानमा पनि विविधता पाइन्छ । वाक्यात्मक, प्रश्नात्मक र प्रश्नोत्तरात्मक हुने यस्ता खालका उखानले आ-आफ्नै स्वरूप ग्रहण गरेका छन् । दुई पदावलीमा संरचित भएका उखानहरू वाक्यात्मक हुन् । एकै चरणमा कथिएका उखानहरू यसभित्र रहन्छन् । वाक्यात्मक संरचनात्मक स्वरूपअन्तर्गत सकारात्मक नकारात्मक, आज्ञार्थक, इच्छार्थक आदि वाक्यात्मक ढाँचामा हुन्छन् । जस्तै : मह काढ्नेले हात चाढ्छ, कुलो र कुरो जता लग्यो

[४] शिवप्रसाद पौडेल पूर्ववत्, पृष्ठ ६५ ।

त्यतै जान्छ । अल्छीको बात जैसीले जान्दैन, अर्ती भनेको घर्तीको पनि लिनु, हतपतको बेलामा लतपत, खोला तऱ्यो लौरो बिर्स्यो ।

### ५.५.३ लामो आकार

लघु र मझौला भन्दा लामा वा दुई वा दुईभन्दा बढी पदावली भएका उखानहरू यस अन्तर्गत पर्दछन् । यस प्रकारका उखानहरू पनि यस क्षेत्रमा प्रचलित भएको पाइन्छ । जस्तै : एक दिनको पाउना मीठो-मीठो खा, दुई दिनको पाउना जसोतसो खा, तीन दिनको पाउना जता जान्छस् जा, केटाकेटी आए गुलेली खेलाए मट्याङ्ग्राको सत्यनास, काम गर्नाको दुःखले जोगी भयो, जोगी भएको भोलिपल्ट भोकै भयो, एउटालाई दिक्क दुईटालाई ठिक्क तीनओटालाई तानातान चारओटालाई हानाहान आदि ।

## ५.६ तुकबन्दी युक्त उखान

तुकबन्दी युक्त उखानहरू छन्दका कविता जस्तै हुन्छन् । अभिव्यक्तिमा आभासको मिठास रहेको हुन्छ । अन्तिम पदमा तुकबन्दी आफै बर्सन्छ । एकैनासको प्रवाह र लय हुन्छ । यस्ता उखानहरू दृष्टान्तमूलक भएर पनि जिब्रोमा फुरेर रहेका भेटिन्छन् । सूत्रबद्ध भैकन पनि तुकबन्दी मिलेका हुन्छन् । यस रूपबाट संरचित उखान-टुक्काहरू बूढापाका व्यक्तिहरूका अनुभवसिद्ध, सारपूर्ण उक्ति भएकाले स्वादिला र गहकिला हुन्छन् । यिनीहरूमा पनि केही अनुप्रास भने मिलेको पाइन्छ । यस्ता प्रकारका उखानका नमुना यसप्रकारका छन् : उजेली पुजेली दिन गुमाई जुनेली रात बिस्कुन सुकाई, घरको न घाटको, कहिले सासूको पालो कहिले बुहारीको पालो, बाह्र छोरा तेह्र नाती बूढाको धोको काँधैमाथि, खान्न खान्न लोकोचार खान लाग्यो मानाचार, छोराभन्दा नाति प्यारो साउँभन्दा व्याज प्यारो, बर्मा गए कर्म सँगै नेपाल गए कपाल सँगै, पढ्नु गुन्नु छैन काम हल्लियो हिँड्यो खायो माम, आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको, हुलमुलमा जिउ जोगाउनु अनिकालमा बिउ जोगाउनु, पोहोर मरिन् सासु अहिले आयो आँसु आदि ।

## ५.७ गीतिलयात्मक उखान

गीतिलयात्मक ढाँचाका रूपमा संरचित भएका उखानमा लयबद्ध मिठास पाइन्छ । यिनीहरूले भाषाका शब्दहरूलाई आफ्नै पाराले शैली दिएर रूपसौन्दर्य र मधुरता समेत

प्रदान गरेको पाइन्छ । आकार प्रकारका गीति लयमा आउने उखान यसअन्तर्गत पर्दछन् । यस प्रकारका उखानहरूमा पनि तुकबन्दी आफैं आएको हुन्छ । यसले श्रोताको मन तानेर मनोरञ्जनको साथै सन्देश दिने काम गरेका हुन्छन् । यस्ता प्रकारबाट संरचित उखानका उदाहरणहरू हुन् : गाई गोठाला सुकिलामुकिला भैंसी गोठाला हिला, बाख्रा गोठाला छिटा छरिता भैसी गोठाला ढिला, आजराति सपनीमा भैंसी करायो बाहुन बाजे हग्न जाँदा धोती हरायो, फूलको बास्ना वरिपरि मानिसको बास्ना डाँडापारि, चामल पैसा धामीलाई व्यथाजति हामीलाई, बाबुआमाको माया छोराछोरीमाथि छोराछोरीको माया ढुङ्गामुढामाथि, तिहुन मीठो नुनले सुर्ती मीठो चुनले मान्छे राम्रो गुनले आदि ।

## ५.८ प्रश्नोत्तरात्मक उखान

यस प्रक्रियाबाट संरचित उखानहरूमा प्रश्नको साथमा उत्तर नै समावेश भएका हुन्छन् । यी उखानभित्र संवादको संयोग भएको पाइन्छ । यस्ता प्रकारका उखानहरूले श्रोताको ध्यान तन्ने र गम्भीर बनाउने गर्दछन् । प्रश्नको साथमा उत्तर अर्थात् प्रश्न र उत्तरको मेलबाट उखान संरचित भएको पाइन्छ । यसप्रकारका उखान यी रहेका छन् -

| प्रश्न | उत्तर |
|---|---|
| कस्ता कस्ता काँ गए ? | मुसा चल्ला दरबार |
| काँ जालिस् मछली ? | मेरै ढडिया |
| किन चाउरिस् मरिच ? | आफ्नै पीरले |
| किन रोइस् मङ्गले ? | आफ्नै ढङ्गले |
| के खोज्छस् कानो ? | आँखो |
| केटी कस्ती छ ? | बोल्नै नपर्ने |
| केटो कस्तो छ ? | हेर्नै नपर्ने |
| दूध केमा पोखियो ? | भागमा आदि । |

यी उखानमा आएका अघिल्ला पदावलिमा प्रश्न र पछिल्लो पद वा पदावलीमा उत्तर पनि सँगै समावेश भएका छन् । यदि उत्तर समावेश नहुने हो भने उखान पूर्ण बन्न सक्दैन । त्यसैले उखानमा आउने प्रश्नसँगको उत्तरले उखानलाई रसिलो बनाएर यसको संरचना पक्षको क्षेत्र विस्तार गरेको पाइन्छ ।

## ५.९ प्रश्नमूलक उखान

यसप्रकारका उखानहरूमा प्रश्न गरिएका हुन्छन् । कहिले, कहाँ आदि जस्ता प्रश्नबाट श्रोताको ध्यान तान्ने खालका उखानहरू यस अन्तर्गत पर्दछन् । यस्ता उखानहरूमा उत्तर समावेश भएका हुँदैनन् । उत्तर आउने गरी व्यङ्ग्यात्मक रूपबाट यस्ता उखानहरू प्रयोग गरिन्छन् । प्रश्नमूलक रूपमा संरचित उखानले पनि गोरखा नगरपालिकामा आफ्नो स्थान लिइएको पाइन्छ । यस प्रकारका केही प्रयोगहरू यी रहेका छन्-

अन्धो मान्छेलाई कुन दिन, कुन रात ?

आफैं त महादेव उत्तानो पर, कसले देला वर ?

बाह्रवर्ष रामायण पढायो, सीता कसकी जोई ?

मातेको बोकालाई, कुन दिदी कुन बहिनी ? आदि ।

## ५.१० उपमामूलक

उखानका संरचनाभित्र उपमामूलक उखानहरू पनि पर्दछन् । यसमा कुनै वस्तुलाई सादृश्य देखाउन वा चिनाउनका लागि अर्को वस्तुको वा उपमाको प्रयोग गरिन्छ । यस्ता प्रकारका उखानहरू पनि गोरखा नगरपालिकाभित्र प्रचलित छन् । यसप्रकारका प्रयोगहरू निम्नानुसार छन्-

आफैं त महादेव उत्तानो पर कस्ले दिने वर,

जस्ताको तस्तै ढिंडालाई निस्तै,

नखाउँ दिनभरिको सिकार खाउँ कान्छा बावुको अनुहार,

रुखअनुसारको छाया नाताअनुसारको माया आदि ।


## ५.११ टुक्काको संरचनात्मक अध्ययन

गोरखा नगरपालिका क्षेत्रभित्र प्रचलित विभिन्न उखान-टुक्काहरूको आकारप्रकार र त्यसको निर्माण प्रकृतिलाई संरचनात्मक रूपमा विश्लेषण गरिएको छ । संरचनात्मक दृष्टिले उखानका टुक्कामा पाइने बाह्य तत्त्वको अध्ययन गरिन्छ ।

संरचनामा उखान-टुक्काकै बनोट र त्यसको रूपरेखाको आँकलनलाई हेर्न सकिन्छ । उखान टुक्काको निर्माण शैलीमा पाइने शब्द संयोजन आलङ्कारिक, चामत्कारिक र

शिल्पगत मधुरता उखान टुक्काका संरचनागत पक्षका मूल आधार हुन् । यिनै पक्षको सेरोफेरोमा उखान टुक्काले आफ्नो स्वरूप ग्रहण गर्छन् र अनुभूतिको पोखाइमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।[५]

सङ्क्षेपमा गोरखा नगरपालिकाको क्षेत्रभित्र प्रचलित उखान टुक्काहरूलाई संरचनागत आधारमा निम्नानुसार आरेखमा देखाउन सकिन्छ-[६]




संरचनाका दृष्टिले उखान र टुक्काको भिन्न भिन्न रूपवाट विश्लेषण गर्न सकिन्छ ।

संरचनात्मक रूपमा यिनीहरूको विविधता पाइन्छ । आकारका दृष्टिले यिनीहरू १ वा २ पदावलीदेखि लिएर उखान-टुक्का अनुच्छेदसम्मका लामा देखिन्छन् । यहाँ टुक्कालाई संरचनात्मक रूपबाट विश्लेषण गर्नु उपयुक्त ठानिएको छ ।

## ५.११.१ पदगत टुक्का

एउटै पद वा शब्दले निर्माण भएका टुक्काहरू पदगत टुक्का हुन् अथवा यस्ता टुक्कालाई एकपदीय टुक्का पनि भनिन्छ । गोरखा नगरपालिकामा प्रचलित टुक्काहरूलाई हेर्दा यस प्रकारबाट संरचित टुक्काहरू पनि प्रशस्तै पाइन्छन् । एकपदबाट संरचित भएका

[५] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ २९-३० ।

[६] इन्द्रबहादुर भण्डारी, **बाग्लुङ्ग जिल्लामा प्रचलित टुक्काको विश्लेषण,** अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६०, पृष्ठ ७ ।

टुक्काहरू नामपद, विशेषणपद र क्रियापदका रूपमा आएका पनि पाइन्छन् । अत्यन्त छोटा एक पदका संरचित अत्यन्त लघु आकारका कथन अर्थात् उद्‌गार नै पदगत टुक्का हुन् । यस्ता टुक्का गोरु, गधा, स्याल, भेडो आदि नामपदबाट संरचित भएका छन् । यसैगरी अँगाल्नु, पिरोल्नु, धकेल्नु, अचेट्नु आदि क्रियापदबाट संरचित भएका छन् भने टोकाहा, अलच्छिना आदि विशेषण पदबाट निर्मित भएको पाइन्छ ।[७] यसप्रकार पदगत टुक्का पनि क्रियामुक्त नायिक पद, क्रियामुक्त पद, क्रियामूलक विशेषणिक पद गरी तीन किसिमका हुन्छन् । तिनको विवरण यसप्रकार छ-

### क) क्रियामुक्त नामिक पद

क्रियापद नलिएका तर एकल नामिक पदबाट निर्मित भएका टुक्काहरू क्रियामुक्त नामिक पदका टुक्का हुन् । यस प्रकारबाट संरचित टुक्काहरू गोरखा नगरपालिकामा पनि प्रशस्त प्रचलित रहेको पाइन्छ । यिनीहरूले जीवजनावरका प्रवृत्तिहरूका साथका मानवीय बानी व्यवहारलाई झल्काएका हुन्छन् । अर्को शब्दमा प्रतिकारात्मक शब्दहरू पदहरू क्रियामुक्त पदगत टुक्काभित्र संरचित रहेका छन् । क्रियापद भएका एकल शब्दका रूपमा प्रयोग हुने टुक्काहरू नै नामिक पदका टुक्का हुन् । यिनीहरू कुनै क्रियायुक्त र कुनै विशेषणयुक्त रूपमा भएका पाइन्छन् । यस प्रकारबाट निर्मित टुक्काहरूमा काग, गधा, गाई, गोरु, बाँदर, भेडो, स्याल आदि पर्दछन् । यी टुक्काहरूले क्रमशः चलाख, नराम्रो व्यवहार भएको, सिधासादा, एकोहोरो, छट्टु आदि जनाउने सन्दर्भमा ठाउँ लिएका हुन्छन् । यी नामिक पदमा संरचित टुक्काहरूले कुनै न कुनै रूपमा प्रतीकात्मकता पनि व्यक्त गरेका हुन्छन् ।[८]

### ख) क्रियायुक्त पद

नामिक पद नलिएका तर सिङ्गो वा एकल रूपमा संरचित क्रियापदका रूपमा आउने टुक्काहरू क्रियायुक्त टुक्काहरू हुन् । यस रूपबाट संरचित भएका टुक्काहरूमा अत्याउनु, कुम्ल्याउनु, धकेल्नु, अचेटनु, धचेट्नु आदि हुन् । यी क्रियाका रूपमा आउने पदहरू पदगत टुक्काहरूभित्र पर्छन् । यिनीहरू बोलचालका क्रममा यहाँका लोकसमाजले प्रशस्तै प्रयोग गरेको पाइन्छ । यी टुक्काहरूले क्रमशः समस्या

[७] पूर्ववत्, पृष्ठ ३९

[८] ऐजन ।

निम्त्याउनु, जम्मा पार्नु वा बटुल्नु, असहयोग गर्नु, प्रगति हुन नदिनु आदिजस्ता प्रसङ्गमा बोलचालको क्रममा अर्थ प्रदान गराएका हुन्छन् । टुक्काको अध्ययन गर्दा क्रियापदबाट मात्रै पनि टुक्काहरू संरचित भएको पाइन्छ ।

**ग) क्रियामुक्त विशेषणिक पद**

एकल शब्दका रूपमा संरचित तर कुनै व्यक्ति वा वस्तुको व्यवहार वा विशेषता जनाउने शब्दका रूपबाट चिनिने टुक्काहरू क्रियामुक्त विशेषणिक टुक्काहरू हुन् । यस प्रकारका टुक्काहरूको संरचना पक्ष हेर्दा क्रियापद समावेश भएका हुँदैनन्, जसका उदाहरण यी रहेका छन्- भुँडे, ईश्वर, देउता, टोकाहा, अलच्छिनाहा, सन्काहा, पिराहा आदि । पदहरू क्रियामुक्त विशेषणिक टुक्काहरू हुन् । यिनीहरूका साथै अन्य यस्तै टुक्काहरू प्रशस्तै बोल्ने भाषामा आएका हुन्छन् । यिनीहरू नम्र, सहयोगी, नराम्रो स्वभावको अरूको काम असर पार्दाको अवस्थामा बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

## ५.११.२ पदावलीगत टुक्का

दुई वा दुईभन्दा बढी पदहरू मिलेर बनेका टुक्काहरू पदावलीगत टुक्का हुन् । पदगत टुक्काभन्दा यिनीहरू केही लामा हुन्छन् । यस्ता टुक्काहरू यस गोरखा नगरपालिका क्षेत्रमा प्रशस्तै मात्रामा प्रयोगमा आएको पाइन्छ । पदावलीगत टुक्कालाई अनेकपदीय टुक्काका रूपमा पनि लिइन्छ । यसप्रकारका टुक्काहरू क्रियायुक्त र क्रियामुक्त गरी दुई प्रकारबाट संरचित भएका हुन्छन् । पदावलीगत टुक्काका प्रकार बनोटका स्थिति वा संरचनात्मक पक्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

**क) क्रियायुक्त**

दुई वा दुईभन्दा बढी पदहरू मिलेर गठन भएका टुक्काहरू, जसमा क्रिया पनि समावेश भएको हुन्छ भने त्यस्ता प्रकारका टुक्कालाई क्रियायुक्त टुक्का भनिन्छ । यसप्रकारको टुक्काहरू नाम र क्रिया, विशेषण र क्रिया, नाम, विशेषण र क्रिया, नाम, नाम र क्रिया, द्वित्व र क्रिया, अव्यय र क्रिया, भेदक, भेद्य र क्रियाको

रूपबाट संरचित भएको पाइन्छ । यिनीहरूको संरचनात्मक स्थितिलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ-

### अ) नाम र क्रियायुक्त टुक्का

यसमा नाम र क्रियाको मेल भएर एउटा टुक्का निर्माण हुन्छ । एकबिना अर्काको अर्थ सार्थक हुँदैन वा पूर्ण हुँदैन । क्रियापद नहुँदा अपुरो बन्न जाने तर उचित क्रियाको प्रयोगबाट टुक्का पूर्ण भएको पाइन्छ । यस प्रकारबाट संरचित टुककाहरूमा : अक्करमा पार्नु, खाइरो खन्नु, हात दिनु, नाक काट्नु आदि ।

**नाम + क्रिया = टुक्का**

अक्कर + पार्नु = अक्करमा पार्नु

अपहेलना + गर्नु = अपहेलना गर्नु

आँखा + खोल्नु = आँखा खोल्नु

इज्जत +फाल्नु = इज्जत फाल्नु

कम्मर + कस्नु = कम्मर कस्नु

कुरा + काट्नु = कुरा काट्नु

खोइरो + खन्नु = खोइरो खन्नु

घुँडा + टेक्नु = घुँडा टेक्नु

दैलो + लाग्नु = दैलो लाग्नु

धोती + खुस्कनु = धोती खुस्कनु

नाक + काट्नु = नाक काट्नु

हात + दिनु = हात दिनु

यी टुक्काहरूमा अक्कर शब्दमा खन्नु क्रियाको संयोजन गराउँदा कुनै अर्थ प्रदान गराउँदैन । यसैगरी इज्जतमा दिनु क्रियाको मेल गराउँदा इज्जत दिनु भन्ने पदावली निर्मित भएतापनि इज्जत दिन मिल्दैन । त्यसैले यो पनि सान्दर्भिक हुँदैन । नाम र क्रियायुक्त रूपबाट संरचित टुक्काहरूमा आउने नामपदले निश्चित क्रियाको सहयोग लिएर मात्रै अर्थ प्रदान गरेका हुन्छन् । यसरी नाम र निश्चित क्रियाको संयोजनबाट टुक्का संरचित भएको पाइन्छ ।

**आ) विशेषण र क्रियायुक्त**

विशेषण र निश्चित क्रियापदको संयोजन हुन जाँदा टुक्काको निर्माण हुन्छ । यस प्रकारका टुक्कामा विशेषणसँग क्रियाको मेल भएको हुन्छ । यस प्रकारका टुक्काहरू यहाँ पनि प्रचलित छ । जस्को निर्माण प्रक्रिया र उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ- दहिचिउरे हुनु, उपरखुट्टी लाउनु, कङ्गाली लाग्नु ।

**विशेषण + क्रिया = टुक्का**

अनौठो + लाग्नु = अनौठो लाग्नु आदि ।

उपरखुट्टी + लाग्नु = उपरखुट्टी लाग्नु

कङ्काली + लाग्नु = कङ्काली लाग्नु

खल्लो + लाग्नु = खल्लो लाग्नु

चिसो + पस्नु = चिसो पस्नु

जर्जर + पर्नु = जर्जर पर्नु

जुरुक्क + पर्नु = जुरुक्क पर्नु

ठनठन + हुनु = ठनठन हुनु

दहिचिउेर + हुनु = दहिचिउरे हुनु

यी माथि प्रस्तुत गरिएका टुक्काहरूको संरचना पक्षलाई हेर्दा पनि निश्चित विशेषण शब्दको साथमा क्रिया आएको पाइन्छ । क्रियापदबिना विशेषणले मात्रै अर्थबोध गराउन सक्दैन ।

**इ) नाम, विशेषण र क्रियायुक्त टुक्का**

नाम, विशेषण र क्रियाको मेलबाट निर्मित टुक्का यस अन्तर्गत पर्दछन् । गोरखा नगरपालिका क्षेत्रभित्र यस्ता टुक्काहरू धेरै मात्रामा भएको पाइन्छ । जस्तै : आँखा टेढो पार्नु, हात लामो गर्नु, रिसले चुर हुनु, मुख अँध्यारो लाउनु, आदि ।

**नाम + विशेषण + क्रिया = टुक्का**

आँखा + टेढो + पार्नु = आँखा टेढो पार्नु

नाक + नभएको = नकटो + हुनु = नकटो हुनु

मुख +अँध्यारो + लाउनु = मुख अँध्यारो लाउनु

रिसले + चुर + हुनु = रिसले चुर हुनु आदि ।

हलीले + हसुरेझैं + हसुर्नु = हलीले हसुरेझैं हसुर्नु

हात + लामो + गर्नु = हात लामो गर्नु

यी माथिका टुक्काहरूमा आएका मुख, हली, नाक आदि नामिक पदसँग क्रमशः अँध्यारो, हसुरेझैं, नकटो जस्ता विशेषण पदसँग लाउनु, हसुर्नु, हुनु क्रियाको संयोजनबाट टुक्काहरू निर्मित भएको पाइन्छ ।

**ई) नाम, नाम र क्रियायुक्त टुक्का**

यस्ता टुक्काहरू दुई नाम र एक क्रियाको संयोजनबाट भएको पाइन्छ । जस्तै : नाक

मुख नदेखाउनु, डाँडाकाँडा ढाक्नु, कालोनीलो हुनु, सागपात हुनु ।

**नाम + नाम + क्रिया = टुक्का**

आकाश + पातल + ढाक्नु= आकाश पातल ढाक्नु

आँखाको + नानी + बन्नु = आँखाको नानी बन्नु

कालो + नीलो + हुनु = कालो नीलो हुनु

डाँडा + काँडा + ढाक्नु = डाँडाकाँडा ढाक्नु

नाक + मुख + नदेखाउनु = नाक मुख नदेखाउनु

साग + पात + हुनु = सागपात हुनु

सिस्नो + पानी + लाउनु = सिस्नो पानी लाउनु

यस रूपबाट संरचित भएका टुक्काहरूमा एक क्रियापदले दुईवटा नामिक पदलाई लिएको पाइन्छ । बीचमा आउने नामिक पदको स्थान हटाउँदा टुक्का पूर्ण हुन सक्दैन ।

**उ) द्वित्व र क्रियायुक्त**

एकै शब्द पटक-पटक आंशिक पूर्ण वा परिवर्तित भएर टुक्काहरू पनि रहेका छन् । जस्तै : आच्छु-आच्छु पार्नु, छिःछिः गर्नु, उल्ली-बिल्ली पार्नु, केरकार गर्नु ।

**शब्द + शब्द + क्रिया = टुक्का**

आच्छु + आच्छु  + पार्नु = आच्छ-आच्छु पार्नु

उल्ली + बिल्ली + पार्नु = उल्ली-बिल्ली पार्नु

केर + कार + गर्नु = केरकार गर्नु

छिः + छिः + गर्नु = छिःछिः गर्नु

भोक + भोकै + मर्नु = भोकभोकै मर्नु

हो + हल्ला + गर्नु = होहल्ला गर्नु

यी माथि संरचित टुक्काहरूमा आच्छु आच्छु पार्नु, छि छि जस्ता पदहरू पूर्ण द्वित्व केरकार, भोकभोकै जस्ता पदहरू परिवर्तित र होहल्ला जस्ता पदहरू आंशिक द्वित्व भएर क्रियासँग मेल भई टुक्काको निर्माण भएको पाइन्छ ।

**ऊ) अव्यय र क्रियायुक्त**

अव्ययसँग क्रियाको मेल हुन गई बनेका वा बोलचालका क्रममा आउने लोकोक्तिहरू यस प्रकारका टुक्काहरू अन्तर्गत पर्दछन् । जस्तै : ठहरै पार्नु, ढुक्क हुनु, बेर गर्नु ।

**अव्यय + क्रिया = टुक्का**

ट्वाल्ल + पर्नु = ट्वाल्ल पर्नु

ठहरै + पार्नु= ठहरै पार्नु

ढुक्क + हुनु = ढुक्क हुनु

बेर + गर्नु = बेर गर्नु

**ए) विशेषण, भेद्य र क्रियायुक्त**

विशेषण, नाम र क्रिया यी तीन पदहरूको संयोजनबाट पनि टुक्काहरू संरचित भएको पाइन्छ । यसरी संरचित टुक्काहरू निम्न छन् : कुहिराको काग हुनु, सुनमा सुगन्ध थपिनु, हातमा हात मिलाउनु, अँध्यारोमा बन्दुक पड्काउनु, आँखाको रौं बिकाउनु, कुकुरको मुत झार्नु, बौलाहा कुकुरले टोक्नु, काँधमा काँध मिलाउनु आदि । यस प्रकारका टुक्काहरूको संरचनागत स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । जस्तै :

**विशेषण + भेद्य + क्रिया = टुक्का**

अँध्यारो + मुख + लाउनु = अँध्यारो मुख लाउनु

अँध्यारोमा + बन्दुक + पड्काउनु = अँध्यारोमा बन्दुक पड्काउनु आदि ।

काँध + मा + काँध + मिलाउनु = काँधमा काँध मिलाउनु

कुहिराको + काग + हुनु = कुहिराको काग हुनु

बौलाहा + कुकुरले + टोक्नु = बौलाहा कुकुरले टोक्नु

सुनमा + सुगन्ध + थपिनु = सुनमा सुगन्ध थपिनु

हातमा + हात + मिलाउनु = हातमा हात मिलाउनु

**(ख) क्रियामुक्त टुक्का**

एक पदभन्दा बढी पद  भएका तर क्रियाको प्रयोगविना निर्मित भएका टुक्काहरू क्रियामुक्त टुक्काहरू हुन् । यस टुक्कामा प्रायः नामिक पदहरूको संयोजन भएको पाइन्छ । यस प्रकारबाट संरचित टुक्काहरू पनि गोरखा नगरपालिकामा प्रशस्तै प्रयोग भएको पाइन्छ । यस्ता टुक्कामा पहिलो नामिक पदमा विभक्ति चिन्ह जोडिएर सुहाउँदो अर्को नामिक पद स्वतः उत्पन्न भएको पाइन्छ । यस प्रकारका टुक्काहरूमा सुनमा सुगन्ध, आकाशको फल, कुवाको भ्यागुतो, डाँडाको घाम, राजको काम आदि पर्दछन् । यिनको संरचना निम्नानुसार प्रस्तुत गर्न सकिन्छ -

**नाम + विभक्ति + नाम = टुक्का**

आकाश + को + फल = आकाशको फल

कुवा + को + भ्यागुतो = कुवाको भ्यागुतो

डाँडा + माथिको + घाम = डाँडामाथिको घाम

राजा + को + काम = राजाको काम आदि ।

सुन + मा + सुगन्ध = सुनमा सुगन्ध

यी टुक्काहरूले क्रियापद प्रयोग विना पनि अर्थ प्रदान गराएका हुन्छन् । टुक्काको संरचनामा अनेकपदीय टुक्कामा क्रियापद नहुँदा पनि भाषालाई गहन बनाएका हुन्छन् र प्रयोगमा आउँछन् । यसरी नामिक पदसँग विभक्ति गाँसिएर पुनः अर्को नामिक पदको संयोजन हुन जाँदा पनि टुक्काको निर्माण भएको पाइन्छ ।

## ५.११ निष्कर्ष

यसरी गोरखा नगरपालिकामा प्रचलित टुक्कालाई संरचनागत आधारमा विश्लेषण गरेर हेर्दा टुक्काको निर्माण प्रक्रिया यी विभिन्न आधारमा भएको पाउन सकिन्छ । यसका अलावा अन्य टुक्काहरू समस्त शब्द र क्रिया मिली बनेका पनि हुन्छन् । समस्त शब्दमा निश्चित क्रियाको मेल हुन जाँदा पनि टुक्का संरचित भएको पाइन्छ । जस्तै आकाश-पाताल जोड्नु, कालो नीलो हुनु, ओठमुख सुक्नु, आदि । यीमध्ये आकाश-पाताल, कालो-नीलो, ओठ-मुख जस्ता शब्दहरू समस्त शब्द हुन् भने हुनु, सुक्नु, जोड्नु जस्ता शब्दहरू क्रियापद हुन् ।

यस्तै विभक्ति चिन्ह देखिने शब्द र क्रियाको संयोजनबाट पनि टुक्काहरू बनेको पाइन्छ । यस्ता प्रकारबाट संरचित टुक्काहरूमा कुनैमा क्रियापदको प्रयोग भएको हुन्छ भने कुनैमा प्रयोग भएको हुँदैन । जस्तै आकाशको फल, सुनमा सुगन्ध, अँध्यारोमा ढुङ्गा हान्नु, फुटेको आँखाले पनि नहेर्नु, हातमा दही जमाउनु, कुहिराको काग बन्नु आदि । यस प्रकारका टुक्काहरूमा मा, को, ले आदिजस्ता विभक्ति आएका छन् । यदि विभक्ति नआउने हो भने टुक्का पूर्ण हुँदैनन् र अर्थ प्रदान गर्न सक्दैनन् । तसर्थ टुक्काको संरचनामा विभक्ति पनि देखिएका हुन्छन् । यसरी विभिन्न आधारमा गोरखा नगरपालिकाभित्र प्रचलित टुक्काको संरचनात्मक आधारमा विश्लेषण र वर्गीकरण गर्न सकिन्छ ।

# छैटौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ६.१ परिचय

गण्डकी अञ्चलको गोरखा जिल्ला अन्य जिल्लाको तुलनामा केही दुर्गम नै मानिन्छ । भौगोलिक धरातलीय दृष्टिकोणले अत्यन्त सुन्दर मानिएको यस जिल्ला र जिल्लाभित्र पर्ने गोरखा नगरपालिका ऐतिहासिक, सामाजिक, आर्थिक, लोकसाहित्य र साहित्यिक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । गोरखा दरबार, गोरखनाथको मन्दिर जस्ता धार्मिक स्थल, खोला, नदीहरूले यस क्षेत्रको महत्त्वलाई अझ बढाएको पाइन्छ । यो बहुजातीय, बहुभाषिक मानव समुदायले बसोबास गर्दै आएको पवित्र भूमि पनि हो । यस नगरपालिकाको धर्म संस्कृतिले आफ्नै किसिमको महत्त्व बोकेको छ । विगत केही समयदेखि चौतर्फी विकास हुन थालेको छ । यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा, साहित्यिक, लोकसाहित्यिक गतिविधिमा तीव्र विकास हुन थालेको छ । लोकसाहित्यिक दृष्टिले गोरखा र यसको गोरखा नगरपालिका महत्त्वपूर्ण मानिन्छ ।

लोक साहित्यका विविध विद्याहरूमध्ये उखान-टुक्का पनि महत्त्वपूर्ण विधा हो । यहाँ प्रचलित उखान-टुक्काहरूले लोक साहित्यलाई विकसित गराउँदै लेख्य साहित्यलाई समेत ठूलो टेवा पुऱ्याएको देखिन्छ । उखान-टुक्काहरू लोक साहित्यको अभिन्न अङ्ग बनिसकेका छन् भने नेपाली भाषाको शब्दभण्डारलाई पनि विकसित तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । मानवीय व्यवहारका क्रममा प्रयोग हुने भाषालाई प्रस्तुतीकरणमा विशिष्टता प्रदान गर्दै अर्थपक्षलाई अभिधार्थबाट छुट्याएर लक्ष्यार्थ हुँदै व्यङ्गयार्थसम्म पुऱ्याएर भाषामा चमत्कारिकता, गम्भीरता र श्रुतिमधुरता थप्नका लागि उखान-टुक्काले ठूलो भूमिका खेलेको पाइन्छ । यिनीहरू प्रायः वाक्यसँग मिसिएर आएका हुन्छन् । पठितदेखि लिएर अपठित व्यक्तिले पनि उखान-टुक्कालाई सचेत वा स्वस्फूर्त तरिकाले प्रयोग गरेका हुन्छन् । सरल

भएर पनि अर्थमा सरसता थपिएको पाइन्छ । उखान-टुक्का प्रयोग भएको भाषा मीठो, चमत्कारिक र रसिलो हुन्छ, यसले गर्दा भाषाले स्तरीयता पाएको हुन्छ ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

पहिलो परिच्छेद शोधको परिचयमा केन्द्रित रहेको छ । यस परिच्छेदभित्र विभिन्न शीर्षक र उपशीर्षक दिएर शोधको विषय परिचय, समस्या कथन, पूर्वकार्यको समीक्षा, उद्देश्य, औचित्य, शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । नेपाली बोलीचालीमा रहेको लोकसाहित्य अन्तर्गतको उखानटुक्का विषयमा अध्ययन र अनुसन्धान गर्न चाहने अध्येताहरूले यसबाट वस्तुगत जानकारी पाउनेछन् । लोकसाहित्यिक निधि, उखानटुक्काको खोजी गरी संरचनात्मक विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

विश्वसामु गुर्खाको नामबाट परिचित नेपाली इतिहासको पानामा महत्त्वपूर्ण स्थान ओगटेको गोर्खा जिल्ला साँच्चै चार जात छत्तीस वर्णको साझा फूलबारी हो । यस जिल्ला अन्तर्गत रहेको गोरखा नगरपालिकाभित्र बहुजाति, बहुभाषी मानिसहरूको बसोबास गरेको पाइन्छ । यस क्षेत्रमा विभिन्न धार्मिक स्थलहरू रहेका छन् । गोरखा नगरपालिका ऐतिहासिक र धार्मिक रूपबाट मात्र धनी छैन, लोकसाहित्यिक निधिहरूमा पनि उर्वर छ । उखान टुक्कालाई यहाँका बासिन्दाहरूले आफ्ना बोलचालका क्रममा प्रशस्तै प्रयोग गरेको पाइन्छ । उखान टुक्का यहाँ पुर्ख्यौली सम्पत्तिका रूपमा रहेका छन् । यिनीहरूले भनाइलाई चोटिलो र प्रभावकारी बनाएका छन् ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

लोक साहित्यको अभिन्न अंगका रूपमा उखान टुक्कालाई लिइन्छ । अझ यसलाई भाषाकै जगका रूपमा पनि लिन सकिन्छ । मानव जीवन जगतको उत्पत्तिसँगै यसको पनि उत्पत्ति भएको हो । यिनीहरू भाषामा अलग अलग अस्तित्त्व बोकेर उभिन्छन् । लोकले आफ्ना व्यवहारिक अनुभव खार्दै र माझ्दै भाषिक व्यवहारका क्रममा अत्याधिक प्रयोग गर्ने उखान टुक्काले लोकसाहित्यलाई विकसित गराउँदै लेख्य साहित्यलाई टेवा पुऱ्याएको

पाइन्छ । भाषालाई प्रस्तुतिकरणमा विशिष्टता प्रदान गराउँदै अर्थ पक्षलाई अभिधार्थबाट छुट्याएर लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थसम्म पुऱ्याएर भाषामा श्रुतिमाधुर्यता, गम्भीरता र चामत्कारिकता ल्याउने लोकसाहित्यिक निधि उखान टुक्का नै हुन् । यसले लोकसाहित्यका लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा जस्ता विविध विषयसँग प्रत्यक्ष सम्बन्ध राखेको पाइन्छ ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

गोरखा नगरपालिकामा प्रचलित उखान टुक्कामा समाजका विविध पक्ष सामाजिक रहनसहन, परम्परा, नैतिक मूल्य, धार्मिक मान्यता, आर्थिक स्थिति, अन्धविश्वास, सादृश्यता, गाली गलौज, अश्लीलता, कृषि, पशुपक्षी आदि कुराहरूलाई पनि चित्रण गरिएको पाइन्छ । लोकजीवनमा प्रचलित उखानहरूमा जीवनका आदर्श, आर्थिक पीडाले ग्रसित व्यथा, धार्मिक अवस्था आदि कुराहरू सूक्ष्मतम् ढङ्गले चित्रित गरिएको छ । नेपाली उखान टुक्का समाज र संस्कृतिका यथार्थपरक अनुभव हुन् । यीबाट भाषा प्रभावकारी ढङ्गमा अभिव्यक्त हुन्छन् । व्यवहारिक जीवनका अनुभवसिद्ध उखानहरू मार्गदर्शक बनेका छन् । व्यवहारिक जीवनयापनमा नै निहीत रहेर उखान टुक्काको सङ्कलन र वर्गीकरण गरिएको छ ।

## ६.६ पाँचौँ परिच्छेदको निष्कर्ष

गोरखा नगरपालिकामा प्रचलित उखान टुक्कालाई संरचनात्मक आधारमा विश्लेषण गरेर हेर्दा उखान टुक्काको निर्माण प्रक्रिया विभिन्न आधारमा भएको पाउन सकिन्छ । उखान टुक्काको संरचना भन्नाले आकार प्रकार र त्यसको निर्माण प्रकृतिलाई सङ्केत गर्छ । आकारका दृष्टिले उखानहरू एक वा दुई पदावलीदेखि लिएर अनुच्छेदसम्मका लामा देखिन्छन् भने टुक्काहरू छोटा नै हुन्छन् । एकल वर्णनात्मक, बहुवर्णनात्मक, अनुप्रासमूलक, आकारगत, तुकबन्दीयुक्त, गीतिलयात्मक, प्रश्नोत्तरात्मक, प्रश्नमूलक, उपमामूलक जस्ता विविध बनोट प्रक्रिया र प्रकार उखानका संरचनागत पक्ष हुन् भने पदगत क्रियायुक्त, क्रियामुक्त, नामिक र विशेषणगत टुक्का, पदावलीगत क्रियायुक्त र क्रियामुक्त टुक्का हुन् । क्रियायुक्त टुक्का अन्तर्गत नाम र क्रिया, विशेषण, नाम र क्रिया, नाम, नाम र क्रिया, क्रिया र द्वित्व, अव्यव र क्रियाको मेलबाट टुक्का निर्मित भएको हुन्छ । यो नै टुक्काको

संरचनात्मक बनोट प्रक्रिया हो । यसैको आधारमा यस शोधपत्रमा उखानटुक्काको संरचनात्मक विश्लेषण गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष

उखान-टुक्का प्रयोगका दृष्टिले गोरखा नगरपालिका महत्त्वपूर्ण मानिन्छ । यहाँका मानिसहरूले आफ्नो भाषिक व्यवहारका क्रममा उखान-टुक्काको व्यापक प्रयोग गरेको पाइन्छ । मेलापात, वनजङ्गल जाँदा होस् कि धार्मिक पर्वमा होस्, यहाँ प्रयुक्त उखान-टुक्काले यहाँको रहनसहन, परम्परा, संस्कृति र रीतिरिवाजको प्रतिनिधित्व गरेका हुन्छन् ।

उखान-टुक्का वर्गीकरणका कुनै निश्चित आधार नभए तापनि यहाँ प्रचलित उखान-टुक्कालाई भाषा, विषयवस्तुका आधारमा र अन्य विषयसँग सम्बन्धित उखान-टुक्का भनी वर्गीकरण गरिएको छ । उखान-टुक्का वर्गीकरणका क्रममा एकपदीय र अनेकपदीय भनी छुट्याउन सकिन्छ ।

यहाँ प्रचलित उखान-टुक्कालाई विषयवस्तुका आधारमा वर्गीकरण गरेर हेर्दा विभिन्न क्षेत्र र विषयवस्तुको सामीप्यलाई आधार बनाएर वर्गीकरण गरिएको छ । जस्तै : आर्थिक, नैतिक, राजनीति, मनोविज्ञान, ऐतिहासिक, पौराणिक, सामाजिक, सांस्कृतिक परम्परागत, ज्ञान-विज्ञान, कृषि व्यवसाय र लोक विश्वाससँग सम्बन्धित उखान-टुक्काहरू । यसै गरी विविध विषयसँग सम्बन्धित उखान-टुक्काहरूभित्र हास्यव्यङ्ग्य, प्रकृति र पशुपक्षीसँग सम्बन्धित उखान-टुक्काहरू भनी वर्गीकरण गरिएको छ ।

संरचनागत आधारमा उखान र टुक्कालाई फरक-फरक दुष्टिकोणबाट विश्लेषण गरिएको छ, जसमा पदगत टुक्का (नाम, क्रिया, विशेषण पदीय) पदावलीगत उखान-टुक्का ( विशेषक+नाम, विशेषक+विशेष्य+क्रिया, द्वित्व+क्रिया पर्दछन् । यसका साथै अनुप्रासकमूलक, आकरगत, उपमामूलक, गीतिलयात्मक, तुकबन्दीयुक्त प्रश्नोत्तरात्मक र प्रश्नमूलक गरी भाषिक संरचनाका आधारमा विश्लेषण गरिएको छ ।

भाषिक र साहित्यिक सम्पन्नताका दृष्टिले गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्कालाई हेर्दा यस जिल्लामा बोलिने भाषा नेपाली भाषाको पूर्वेली भाषिका अन्तर्गत गोर्खाली उपभाषिकाभित्र पर्दछ । मानक नेपाली भाषा र यहाँ बोलिने भाषामा खासै अन्तर पाइँदैन । त्यसैले यहाँ प्रचलित उखानटुक्काहरूले नेपाली भाषाको शब्दभण्डारलाई बढाउन

महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । साथै यहाँ प्रचलित उखानटुक्काहरू अन्यत्र पनि जाने र अन्यत्र प्रचलित उखान-टुक्काहरू यहाँ पनि आई प्रयोग भएकाले भाषिक विकास हुँदै उखान-टुक्काले पनि व्यापकता पाएको देखिन्छ । यस क्षेत्रभित्र प्रकाशित पत्रपत्रिकाका माध्यमबाट होस् वा साहित्यकारले आफ्ना कृतिबाट होस् उखान-टुक्काहरू अत्यन्त सबल र व्यापक छन् । नगरपालिका क्षेत्रभित्र प्रचलित उखान-टुक्काले सिङ्गो गोरखा जिल्लाको भाषिक सम्पन्नतामा जोड दिँदै समग्र नेपाली भाषाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । अशिक्षित, अपठित जनसमूहले प्रयोग गर्ने भाषालाई स्तरीयता प्रदान गर्नु प्रचलित उखान-टुक्काको विशेषता हो ।

यसका साथै लोकपरम्परालाई जीवन्त राख्दै नयां पुस्तालाई पुरानो परम्पराको ज्ञान दिनु, जीवनजगत्को चित्रण गर्नु, संक्षिप्त र लोकप्रिय हुनु, स्वस्फूर्तता हुनु आदि यस क्षेत्रका उखानटुक्काका विशेषता हुन् । उखान-टुक्काहरू यहाँको मात्र नभई नेपाली भाषाको नै अभिन्न अङ्ग भएका छन् । यहाँ प्रचलित उखानटुक्कामा केही अश्लीलता देखिए तापनि सादृश्यका आधारमा गहन सन्देश बोकेको पाइन्छ ।

गोरखा नगरपालिका उखान-टुक्का प्रयोगका दृष्टिले सम्पन्न रहेको छ । मेलापर्व, वनजङ्गल, धार्मिक अनुष्ठान लगायत सामाजिक कार्यहरूमा भाषिक मिठासका निम्ति यहाँका मानिसहरू कुराकानी गर्दा उखान-टुक्काको प्रयोग गर्छन् । यी उखानटुक्का गोरखाली लोकपरम्पराका उपज हुन् र यिनले नेपाली भाषालाई सम्पन्न बनाउने कार्य गरेका छन् । यसरी हेर्दा यहाँका उखानटुक्कामा विविधता पाइन्छ र यो विविधता यसको विषयवस्तु र संरचना दुवैमा रहेको पाइन्छ । गोरखा नगरपालिकामा प्रचलित उखान-टुक्काहरूको सङ्कलन तथा संरचनात्मक अध्ययन एवं विश्लेषण गरी व्यवस्थित गर्ने कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ ।

लोकसाहित्यको महत्त्व बढ्दै गएको आजको समयमा स्थानीय क्षेत्र र केन्द्रीय स्तरबाट यस्ता कार्यहरू हुनु आजको आवश्यकता हो । यस कार्यलाई पनि लोकसाहित्यको संरक्षणमा एउटा सानो उपलब्धि मान्न सकिन्छ । प्राप्त सामग्रीहरूका आधारमा यस शोधकार्यलाई पूर्णता दिदै गोरखा नगरपालिका क्षेत्रभित्र प्रचलित उखान-टुक्काहरूको सङ्कलन, वर्गीकरण र संरचनात्मक विश्लेषण गरिएको छ । यस कार्यले लोकसाहित्यका अध्येता र पारखीहरूका लागि उखान-टुक्काका बारेमा अध्ययन र जानकारी प्रदान गर्न

प्रशास्त सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ । समग्र नेपाली भाषाका उखान-टुक्काको संरक्षण र संवर्द्धन पनि हुने देखिन्छ । गोरखाली उखान-टुक्काको अध्ययनमा प्रस्तुत शोधकार्यले सहयोग पुऱ्याएपनि यो अध्ययन समग्रमा पूर्ण अध्ययन होइन ।

गोरखा नगर क्षेत्रका प्रचलित उखान-टुक्काहरूमा सकारात्मक कुराका साथै नकारात्मक कुरालाई झल्काइएका हुन्छन् । लोक जीवनले भोगेको जीवन उखान-टुक्कामा स्पष्ट देखिन्छ, जीवनका आदर्श, आर्थिक पीडाले ग्रसित व्यथा ,धार्मिक आस्था, कृषि व्यवसाय आदि जस्ता कुराको अत्यन्त सूक्ष्म ढङ्गले चित्रित गरिएको पाइन्छ । व्यवहारिक जीवनका अनुभवसिद्ध उखान-टुक्काहरू वर्तमान र भावी पुस्ताका लागि मार्गदर्शक बनेका छन् ।

# परिशिष्ट

गोरखा नगरपालिकामा प्रचलित उखानटुक्काका संरचनात्मक अध्ययन शोधपत्र तयार पार्नको लागि निम्न व्यक्तिहरुको सहयोगबाट उखान टुक्काहरु खोज गरी सङ्कलन गरिएको थियो ।

| क.सं. | नाम | ठेगाना | पेसा | क.सं. | नाम | ठेगाना | पेसा |
|---|---|---|---|---|---|---|---|
| १. | अर्जुनबाबु श्रेष्ठ | गो.न.पा.-१ | विद्यार्थी | २६. | पूर्णमान श्रेष्ठ | गो.न.पा.-७ | व्यापारी |
| २. | इच्छाकुमार श्रेष्ठ | गो.न.पा.-१ | शिक्षक | २७. | नवराज बि.क. | गो.न.पा.-७ | कृषि |
| ३. | फूलकुमारी गान्धारी | गो.न.पा.-१ | कृषि | २८. | चतुरे बस्याल | गो.न.पा.-७ | मजदुर |
| ४. | अनिल पाण्डे | गो.न.पा.-२ | व्यापार | २९. | राजकुमारी खड्का | गो.न.पा.-७ | कृषि |
| ५. | प्रकाश गन्धर्व | गो.न.पा.-२ | नोकरी | ३०. | जीवनज्योति कट्टेल | गो.न.पा.-७ | कृषि |
| ६. | रामहरि आचार्य | गो.न.पा.-२ | विद्यार्थी | ३१. | ईश्वर कट्टेल | गो.न.पा.-७ | शिक्षक |
| ७. | रामेश्वर कोइराला | गो.न.पा.-२ | कृषि | ३२. | गौरीदेवी अधिकारी | गो.न.पा.-७ | शिक्षक |
| ८. | पुरुषोत्तमबाबु भट्टराई | गो.न.पा.-३ | विद्यार्थी | ३३. | विनोद श्रेष्ठ | गो.न.पा.-७ | विद्यार्थी |
| ९. | लालबहादुर श्रेष्ठ | गो.न.पा.-३ | नोकरी | ३४. | भुवन ब. सार्की | गो.न.पा.-८ | कृषि |
| १०. | हासबहादुर गुरुङ | गो.न.पा.-३ | नोकरी | ३५. | कमला बस्न्यात | गो.न.पा.-८ | गृहिणी |
| ११. | मिट्टे परियार | गो.न.पा.-३ | सूचिकार | ३६. | गोविन्द कुँवर | गो.न.पा.-८ | नोकरी |
| १२. | अमृत गुरुङ | गो.न.पा.-४ | विद्यार्थी | ३७. | श्यामबहादुर कमर | गो.न.पा.-८ | कृषि |
| १३. | रामबहादुर तामाङ | गो.न.पा.-४ | नोकरी | ३८. | उदय सिंखडा | गो.न.पा.-९ | कृषि |
| १४. | कृष्णबहादुर गुरुङ | गो.न.पा.-४ | विद्यार्थी | ३९. | भूरमण घिमिरे | गो.न.पा.-९ | शिक्षक |
| १५. | एञ्जिला गुरुङ | गो.न.पा.-४ | गृहिणी | ४०. | बलबहादुर परियार | गो.न.पा.-९ | सूचिकार |
| १६. | हरिकृष्ण थापा मगर | गो.न.पा.-५ | कृषक | ४१. | कुलप्रसाद धिमिर | गो.न.पा.-९ | कृषि |
| १७. | यशोदा श्रेष्ठ | गो.न.पा.-५ | गृहिणी | ४२. | बुद्धिप्रसाद दवाडी | गो.न.पा.-१० | राजनीति |
| १८. | तीर्थ गन्धर्व | गो.न.पा.-५ | कृषि | ४३. | विनोदराज पन्त | गो.न.पा.-१० | राजनीति |
| १९. | नवीन रानामगर | गो.न.पा.-५ | नोकरी | ४४. | मानबहादुर तामाङ | गो.न.पा.-१० | कृषि |
| २०. | राजेन्द्र रवण खनाल | गो.न.पा.-६ | शिक्षक | ४५. | श्रीमाया गुरुङ | गो.न.पा.-१० | गृहिणी |
| २१. | पार्वती थापा | गो.न.पा.-६ | गृहिणी | ४६. | बल बहादुर बि.क. | गो.न.पा.-१० | कृषि |
| २२. | सुलोचना थापा | गो.न.पा.-६ | विद्यार्थी | ४७. | राजेन्द्र कुमाल | गो.न.पा.-११ | कृषि |
| २३. | बाबुराम खत्री | गो.न.पा.-६ | कृषक | ४८. | हरिप्रसाद अर्याल | गो.न.पा.-११ | व्यापारी |
| २४. | कल्पना नेपाली | गो.न.पा.-७ | कृषि | ४९. | थमनसिंह बस्न्यात | गो.न.पा.-११ | व्यापारी |
| २५. | कृष्ण थापा मगर | गो.न.पा.-७ | कृषि | ५०. | मनमाया कुमाल | गो.न.पा.-११ | कृषि |

# सन्दर्भसामग्रीसूची


अधिकारी, लोकबहादुर (२०६४), **गोरखा जिल्लामा प्रचलित उखानको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

अधिकारी, सागरप्रसाद (२०५६), **मनकामना महिमा**, गोरखा प्रिटिन्ङ्ग प्रेस : गोरखा ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन ।

ओझा, रामनाथ र मधुसूदन गिरी (२०६४), **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, (चौथो संस्करण), कीर्तिपुर : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

गिरी, जीवेन्द्रदेव (२०५७), **लोकसाहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन ।

**गोरखा नगरपालिकाको पार्श्वचित्र तथा गरिबी प्रोफाइल** (२०६६), गोरखा : गोरखा नगरपालिका ।

**गोरखा नगरपालिकाको सङ्क्षिप्त झलक** (२०६१), गोरखा : गोरखा नगरपालिका ।

**गोरखा जिल्ला पार्श्वचित्र** (२०६६), गोरखा : जिल्ला विकास समितिको कार्यालय, सूचना तथा अभिलेख ।

**गोरखा जिल्ला आवधिक योजना** (२०६१-२०६५), गोरखा : जिल्ला विकास समिति, गोरखा, जिल्ला नवयोजना ।

जबरा, पुष्कर शम्शेर (१९९८), **उखान-टुक्का कोष**, काठमाडौं : नेपाली भाषा प्रकाशन समिति ।

पराजुली, कृष्णप्रसाद (२०६७), **नेपाली उखान-टुक्का र गाउँखाने कथा**, (सातौं संशोधन), काठमाडौं : रत्न पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०५६), **लोकगीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५५), **राम्रो रचना मीठो नेपाली**, (एक्काइसौं संस्करण), काठमाडौं : सहयोगी प्रेस ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोक गाथा**, पोखरा : तारा पराजुली ।

पोखेल, बालकृष्ण (२०४३), **राष्ट्रभाषा**, (छैटौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

पोखेल, सुशीला (२०६३), **गोरखा जिल्लामा प्रचलित टुक्काको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

पौडेल, शिवप्रसाद (२०६१), **लुम्बिनी क्षेत्रमा प्रचलित उखानको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

**पृथ्वीनारायण नगरपालिका एक चिनारी** (२०५३), गोरखा : पृथ्वीनारायण नगरपालिका ।

बन्धू, चूडामणि (२०५८), **नेपाली लोक साहित्य**, काठमाडौं : एकता वुक्स ।

भण्डारी, इन्द्रबहादुर (२०६०), **बाग्लुङ्ग जिल्लामा प्रचलित टुक्काको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

रेग्मी, चूडामणि (२०४१), **नेपाली टुक्काको अध्ययन**, झापा : चन्द्रगढी ।

शर्मा, मोहनराज (२०५०), **शब्द रचना र वर्णविन्यास**, (चौंथो संस्करण), काठमाडौं : नेपाल बुक्स हाउस ।

**हरियाली गोरखा** (२०६४), गोरखा : वन उपभोक्ता महासङ्घ, नेपाल ।